# <u>बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवम् बीमा व्यवसायको प्रभावकारी रुपमा नियमन गरी बीमितको हक हित संरक्षण गर्नको लागि बीमा सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ ।

परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u>** (१) यस ऐनको नाम "बीमा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर र बीमकले नेपाल बाहिर जहाँसुकै स्थापना गरेको शाखा कार्यालयको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अन्य बीमा सेवा प्रदायक" भन्नाले बीमा सम्बन्धी कार्य गर्न प्राधिकरणबाट इजाजतप्राप्त बीमक वा बीमा मध्यस्थकर्ता बाहेक अन्य व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "आधारभूत शेयरधनी" भन्नाले बीमकको चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएको व्यक्ति, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले एकाघरको परिवारको सदस्यले अलग अलग रुपमा एक

प्रतिशत वा सोभन्दा बढी शेयरको स्वामित्व लिएको भए त्यस्तो एकाघरको परिवारलाई समेत जनाउँछ ।

(घ) “इजाजतपत्र” भन्नाले यस ऐन बमोजिम बीमा व्यवसाय गर्न दिइएको इजाजतपत्र सम्झनु पर्छ र सो शब्दले बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकलाई तोकिए बमोजिमको काम गर्न दिइएको इजाजतपत्रलाई समेत जनाउँछ ।

(ङ) “एकाघरको परिवार” भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनीआमा र आफूले पालन पोषण गर्नु पर्ने वा आफूलाई पालन पोषण गर्ने अन्य व्यक्ति सम्झनु पर्छ।

(च) “कार्यकारी प्रमुख” भन्नाले दफा ५८ बमोजिम नियुक्त बीमकको प्रशासकीय, व्यवस्थापकीय वा व्यवसाय सञ्चालनको जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(छ) “खुद सम्पत्ति” भन्नाले बीमकको तत्काल कायम रहेको कुल जायजेथाबाट चुक्ता पूँजी तथा शेयरधनीको हक लाग्ने जुनसुकै नामाकरण गरिएको जगेडा, कोष वा सञ्चित मुनाफा वा बीमकको कुनै ख्याति भए सो बाहेकको अन्य सम्पूर्ण दायित्व रकम र सङ्कलित नोक्सानी भए सो समेत कट्टा गरी बाँकी रहेको रकम सम्झनु पर्छ ।

(ज) “जीवन बीमा” भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको उमेरको आधारमा एकमुष्ठ वा किस्ताबन्दीमा कुनै खास रकम बुझाएमा निज वा निजले अख्तियारी दिएको व्यक्तिले वा निजको मृत्यु भएको अवस्थामा बीमालेखमा उल्लेख भए बमोजिम निजले अख्तियारी दिएको व्यक्ति वा निजले इच्छाएको व्यक्ति वा निजको

हकवालाले कुनै  खास रकम पाउने गरी बीमकले बीमितसँग गरेको करार सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "नजिकको नातेदार" भन्नाले एकाघरको परिवार वा सासु, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजु, बुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माइजु, नाति, नातिनी, नातिनी बुहारी, भान्जा, भान्जी, फुपु, फुपाजु, भतिजा, भतिजी, भदा, भदै तथा ति नाताहरूको श्रीमान, श्रीमती, छोरा बुहारी वा छोरी ज्वाईं समेतको नातेदार सम्झनु पर्छ।

(ट) "निर्जीवन बीमा" भन्नाले जीवन बीमा तथा पुनर्बीमा बाहेकको बीमा सम्झनु पर्छ र सो शब्दले कुनै सम्पत्ति वा दायित्वको जोखिमका सम्बन्धमा बीमाशुल्क लिई बीमालेखमा उल्लेख भए बमोजिमको जोखिम स्वीकार गरे बापत कुनै खास रकम हर्जाना वा क्षतिपूर्ति प्रदान गर्न बीमकले बीमितसँग गरेको करार सम्झनु पर्छ ।

(ठ) "पुनर्बीमा" भन्नाले कुनै एक बीमकले आफूले धारण गर्ने जोखिमभन्दा बढी अंशको जोखिम पुनर्बीमकले वा अर्को बीमकले व्यहोर्ने गरी त्यस्तो बीमकसँग गरेको करार सम्झनु पर्छ।

(ड) "प्रस्तावित बीमा कम्पनी" भन्नाले बीमा व्यवसाय गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम संस्थापना गर्न प्रस्ताव गरिएको पब्लिक लिमिटेड कम्पनी सम्झनु पर्छ ।

(ढ) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ण) "बीमक" भन्नाले यस ऐन बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी वा पुनर्बीमा कम्पनी सम्झनु पर्छ ।

(त) "बीमा करार" भन्नाले निश्चित बीमाशुल्क भुक्तानी गरी बीमक र बीमितबीच सम्झौता बमोजिम जोखिम बहन गर्ने शर्तमा गरिने लिखित सम्झौता सम्झनु पर्छ ।

(थ) "बीमा पुल" भन्नाले कुनै खास प्रकृतिको बीमा वा जोखिमका सम्बन्धमा बीमकहरूले सामूहिक रूपमा जोखिम बहन गर्न, एकै स्थानमा बीमाशुल्क जम्मा गर्न, पुनर्बीमा व्यवस्था गर्न तथा दाबी भुक्तानी व्यवस्था गर्न स्थापित सामूहिक बीमा कोष सम्झनु पर्छ।

(द) "बीमा मध्यस्थकर्ता" भन्नाले प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमा दलाल, तेस्रो पक्ष सहजकर्ता वा तोकिए बमोजिमका अन्य बीमा मध्यस्थकर्ता भन्ने सम्झनु पर्छ ।

(ध) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय, निर्जीवन बीमा व्यवसाय वा पुनर्बीमा व्यवसाय सम्झनु पर्छ ।

(न) "बीमाङ्की" भन्नाले बीमकको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्नको लागि मान्यताप्राप्त संस्थाबाट बीमाङ्कीको उपाधि हासिल गरेको व्यक्ति सम्झनु पर्छ ।

(प) "बीमालेख" भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ ।

(फ) "बीमाशुल्क" भन्नाले बीमा गर्दा प्रतिफलको रुपमा बीमितबाट एकमुष्ट वा किस्ताबन्दी रुपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(ब) "बीमित" भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(भ) "बोनस" भन्नाले मुनाफामा सरिक हुने जीवन बीमा अन्तरगत बीमा रकमको आधारमा बीमितलाई प्रदान गरिने मुनाफाको हिस्सा वा रकम सम्झनु पर्छ।

(म) "मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ।

(य) "लघुबीमा" भन्नाले न्यून आय भएका, आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पिछडिएका वर्गलाई लक्षित गरी परिच्छेद–८ बमोजिम गरिने लघु बीमा सम्झनु पर्छ।

(र) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक सम्झनु पर्छ।

(ल) "वित्तीय स्वार्थ" भन्नाले बीमकको संस्थापक, सञ्चालक, आधारभूत शेयरधनी, कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको एकाघरको परिवारको सदस्य वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएको फर्म, कम्पनी वा सङ्गठित संस्थामा बीमकको सञ्चालक, कार्यकारी प्रमुख, आधारभूत शेयरधनी वा त्यस्ता व्यक्तिको एकाघरको परिवारका सदस्यको संलग्नता रहेको अवस्था सम्झनु पर्छ र सो शब्दले बीमकको सञ्चालक मनोनीत गर्ने अधिकार पाएको अख्तियारवालाले एकल वा संयुक्त रुपमा कुनै अर्को फर्म वा सङ्गठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा आधारभूत शेयरधनी रहेछ भने त्यस्तो सङ्गठित संस्थामा बीमकको सञ्चालक, कार्यकारी प्रमुख वा बीमकको सञ्चालक मनोनीत गर्ने अधिकार पाएको अख्तियारवाला वा त्यस्तो व्यक्तिको एकाघरको परिवारका सदस्यको संलग्नता रहेको अवस्थालाई समेत जनाउँछ ।

(व) "विदेशी बीमा कम्पनी" भन्नाले विदेशी मुलुकमा बीमा व्यवसाय गर्न इजाजत प्राप्त गरी नेपालभित्र बीमा

व्यवसाय गर्न यस ऐन बमोजिम इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्छ ।

(श) "व्यवस्थापक तह" भन्नाले कुनै सङ्गठित संस्थाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियामा संलग्न हुने व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी कुनै सङ्गठित संस्था वा सोको कुनै शाखा वा इकाईको प्रमुखको पदमा नियुक्त व्यवस्थापक वा प्रबन्धक पदनाम धारण गरेको व्यक्ति वा अधिकृत द्वितीय श्रेणी वा सोभन्दा माथिल्लो तहलाई समेत जनाउँछ।

(ष) "सञ्चालक समिति" भन्नाले दफा ४८ बमोजिम गठन हुने बीमकको सञ्चालक समिति सम्झनु पर्छ।

(स) "सदस्य" भन्नाले प्राधिकरणको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(ह) "समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ।

(क्ष) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद-२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्राधिकरणको स्थापनाः** (१) बीमा व्यवसायको नियमनकारी निकायको रुपमा नेपाल बीमा प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्राधिकरणले आवश्यकता अनुसार नेपालभित्र वा बाहिर जुनसुकै ठाउँमा आफ्नो कार्यालय खोल्न सक्नेछ।

४. **प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुनेः** (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्राधिकरणको काम कारबाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेचबिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(४) प्राधिकरणले आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र प्राधिकरण उपर पनि सोही नाममा नालिस उजूर गर्न सकिनेछ ।

(५) प्राधिकरणले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **प्राधिकरणको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीमा सम्बन्धमा नेपाल सरकारको सल्लाहकारको रूपमा कार्य गर्ने,

(ख) राष्ट्रिय बीमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) बीमा कम्पनीको स्थापना गर्न पूर्व स्वीकृति प्रदान गर्ने, इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने,

(घ) बीमा व्यवसायको लागि आवश्यक विनियम, निर्देशिका, मार्गदर्शन तथा आदेश जारी गर्ने,

(ङ) बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने,

(च) बीमा व्यवसायसँग सम्बन्धित पूँजी तथा पूँजीकोष निर्धारण गर्ने,

(छ) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ज) बीमा व्यवसायको विकास तथा विस्तारको लागि अध्ययन, अनुसन्धान, तालिम, अभिमुखीकरण तथा सचेतना सम्बन्धी कार्य गर्ने वा गराउने,

(झ) बीमा दायित्व निर्धारण सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्ने,

(ञ) बीमाका विभिन्न पक्षहरूको बीचको विवाद निरूपण गर्ने,

(ट) बीमा व्यवसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ठ) बीमा व्यवसायको विकासको लागि दक्ष जनशक्ति उत्पादन गर्ने तथा बीमा शिक्षाको प्रबर्द्धनको सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ड) बीमाको पहुँच सबै जनतासम्म पुऱ्याउन बीमा व्यवसाय प्रबर्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ढ) बीमाको पहुँच न्यून आय भएका वर्गका जनतासम्म पुर्‍याउन लघुबीमा व्यवसायको प्रवर्द्धन गर्ने,

(ण) बीमा व्यवसायको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा विकासका लागि अन्य सरकारी तथा गैरसरकारी

निकायसँग समन्वय, सहकार्य गर्ने तथा सूचना आदानप्रदान गर्ने,

(त) विदेशी मुलुकका बीमा नियमनकारी निकायका साथै अन्तरराष्ट्रिय संघ संस्था, बीमा सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालीम कार्यक्रम सञ्चालन गर्ने गराउने अन्य संघ संस्थासँग सहकार्य गर्ने,

(थ) बीमा नियमन सम्बन्धी अन्तरराष्ट्रिय संघ, संस्थामा नेपाल वा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने तथा त्यस्ता संस्थाको सदस्यता प्राप्त गर्ने,

(द) बीमित हित संरक्षण कोषको सञ्चालन तथा अन्य आवश्यक कार्य गर्ने तथा गराउने,

(ध) बीमा सम्बन्धमा प्रदेशसँग समन्वय गर्ने,

(न) बीमा सम्बन्धी नियमक निकायको हैसियतमा गर्नु पर्ने अन्य आवश्यक कार्य गर्ने ।

६. <u>**समितिको गठनः**</u> (१) प्राधिकरणमा देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः-

(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति –अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय –सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय –सदस्य

(घ) जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट एक जना –सदस्य

(ङ) निर्जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट एकजना –सदस्य

(२) प्राधिकरणले तोकेको अधिकृतस्तरको कर्मचारीले समितिको सचिव रूपमा कार्य गर्नेछ।

७. <u>**अध्यक्ष वा सदस्यको नियुक्तिः**</u> (१) समितिको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) नेपाल सरकारको अर्थ मन्त्री –अध्यक्ष

(ख) मन्त्रालयका पूर्व सचिव वा प्राधिकरणको पूर्व अध्यक्षहरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना –सदस्य

(ग) बीमा, आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रका विज्ञ व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको एकजना –सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले अध्यक्षको नियुक्तिको लागि सिफारिस गर्दा दफा ८ बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तीनजना व्यक्तिको नाम नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(३) नेपाल सरकारले उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट एकजनालाई अध्यक्षको पदमा नियुक्त गर्नेछ।

(४) उपदफा (३) बमोजिम अध्यक्षको नियुक्ति सो पद रिक्त हुनुभन्दा सामान्यतया एक महिना अगावै गर्नु पर्नेछ।

(५) नेपाल सरकारले दफा ८ को उपदफा (१) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट दफा ६ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्य नियुक्ति गर्नेछ।

८. **अध्यक्ष वा सदस्यको योग्यता र अयोग्यताः** (१) समितिको अध्यक्ष वा सदस्यका लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछः-

(क) बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) उपदफा (३) बमोजिम अयोग्य नभएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको सदस्यको हकमा उक्त योग्यता आवश्यक पर्ने छैन।

(३) देहायका कुनै व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन अयोग्य मानिनेछः

(क) गैर नेपाली नागरिक,

(ख) कुनै राजनीतिक दलको सदस्य,

(ग) बीमकको कर्मचारी, सञ्चालक, परामर्शदाता वा बहालवाला कर्मचारी,

(घ) कुनै पनि बीमकमा आफू वा आफ्नो एकाघरको परिवारको कुनै सदस्य आधारभूत शेयरधनीको रुपमा रहेको वा वित्तीय स्वार्थ भएको वा कुनै बीमकको वित्तीय स्वार्थ भएको सङ्गठित संस्थाको आधारभूत शेयरधनी,

(ङ) साहुको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(च) मानसिक सन्तुलन ठीक नभएको,

(छ) भ्रष्टाचार, बैंकिङ वा बीमा सम्बन्धी कसुर, ठगी, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहर भएको,

(ज) प्रचलित कानून बमोजिम कालोसूचीमा परेकोमा फुकुवा भएको तीन बर्ष पूरा नभएको,

(झ) अदालत वा प्रचलित कानून बमोजिम स्थापना भएको नियमनकारी निकायबाट कुनै दण्ड सजाय पाएको,

(ञ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ट) बीमकको सञ्चालक समितिको अध्यक्ष, सदस्य, कार्यकारी प्रमुख तथा उच्च व्यवस्थापकीय पदाधिकारीको पदबाट अलग भएको दुइ बर्ष पूरा नभएको।

९. **अध्यक्ष र सदस्यको पदावधिः** (१) अध्यक्ष र दफा ६ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम नियुक्त सदस्यको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ।

(२) नेपाल सरकारले मनासिब देखेमा अध्यक्ष वा सदस्यलाई थप एक पदावधिका लागि पुनः नियुक्त गर्न सक्नेछ।

१०. **अध्यक्ष र सदस्यको सेवाका शर्तः** (१) अध्यक्ष प्राधिकरणको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) अध्यक्ष वा सदस्यको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **सपथ लिनु पर्नेः** आफ्नो पदको काम सुरू गर्नुभन्दा अगाडि अध्यक्ष र दफा ६ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम नियुक्त सदस्यले नेपाल सरकारको अर्थमन्त्री समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ ।

१२. **अध्यक्ष वा सदस्यको पद रिक्त हुने अवस्थाः** (१) देहायको कुनै अवस्थामा अध्यक्ष वा सदस्य आफ्नो पदमा बहाल रहने छैनः–

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निज दफा ८ को उपदफा (३) बमोजिम पदमा रहन अयोग्य भएमा,

(ग) खराब आचरण, कार्य क्षमताको अभाव भएको वा पदीय जिम्मेवारी इमान्दारीपूर्वक पालना नगरेको आधारमा निजलाई उपदफा (२) बमोजिम नेपाल सरकारले पदमुक्त गरेमा ।

(२) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित आधारमा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई पदमुक्त गर्नु परेमा देहाय बमोजिमको छानबिन समितिको सिफारिसमा पदमुक्त गर्न सक्नेछः

(क) उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीश मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना व्यक्ति –अध्यक्ष

(ख) स्नातकोत्तर उपाधि हासिल गरेको र बीमा वा आर्थिक क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेका फरक फरक क्षेत्रका दुईजना व्यक्ति –सदस्य

(३) अध्यक्ष वा कुनै सदस्यको हकमा उपदफा (२) बमोजिम सिफारिस समिति गठन भए पछि छानबिनको अवधि समाप्त नभएसम्म त्यस्तो व्यक्ति स्वतः निलम्बन हुनेछ।

(४) उपदफा (२) बमोजिम गठित समितिको कार्यकाल गठन भएको मितिले बढीमा तीन महिनाको हुनेछ।

(५) कुनै कारणले उपदफा (२) बमोजिम गठित छानबिन समितिको अध्यक्ष वा सदस्यको पद रिक्त हुन गएमा त्यस्तो सदस्य जुन प्रक्रियाद्वारा नियुक्त भएको हो सोही प्रक्रिया बमोजिम बाँकी अवधिका लागि पूर्ति गरिनेछ।

१३. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको प्रमुख प्रशासकीय तथा प्रमुख कार्यकारी पदाधिकारीको रुपमा कार्य गर्ने,

(ख) प्राधिकरणको नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(ग) राष्ट्रिय बीमा नीति कार्यान्वयन गर्ने वा गराउने,

(घ) समितिले तर्जुमा गरेका नीति, नियम, निर्देशन, मार्गदर्शन, आदेश तथा निर्णयहरु कार्यान्वयन गर्ने वा गराउने,

(ङ) प्राधिकरणको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(च) बीमा व्यवसायको नियमन, निरीक्षण र अनुगमन सम्बन्धी कार्य गर्ने गराउने,

(छ) प्राधिकरणले गर्नु पर्ने कार्यहरु व्यवस्थित र नियमित गर्ने,

(ज) अन्तरराष्ट्रिय संघ, संस्थामा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने वा गराउने,

(झ) आवश्यकता अनुरूप बीमकको शाखा, उपशाखा तथा अन्य कार्यालय खोल्ने तथा बन्द गर्ने,

(ञ) बीमक र बीमित बीचको विवादमा मध्यस्थता गर्ने,

(ट) आवधिक योजना तथा कार्यक्रम तयार गरी समितिसमक्ष पेश गर्ने र समितिबाट पारित योजना तथा कार्यक्रम लागू गर्ने,

(ठ) दफा १३६ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) र उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको अधिकार प्रयोग गरी नियमन सम्बन्धी कारबाही गर्ने,

(ड) आफूलाई प्राप्त अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गरी आवश्यक कार्य गर्ने, गराउने,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने गराउने ।

१४. **<u>प्राधिकरणलाई जानकारी गराउनु पर्नेः</u>** (१) अध्यक्ष र सदस्यले आफू नियुक्त भएको तीस दिनभित्र देहायका विषयमा प्राधिकरणलाई जानकारी गराउनु पर्नेछः

(क) आफू संलग्न रहेको पेशा, रोजगारी वा व्यवसाय र कार्यालयको विवरण,

(ख) आफू वा आफ्नो एकाघरको परिवारको कुनै सदस्य कुनै बीमकको शेयरधनी भए वा नभएको, भएको भए लिएको शेयर संख्या,

(ग) आफू वा आफ्नो एकाघरको परिवारको कुनै सदस्य पछिल्लो तीन बर्षभित्र कुनै बीमकको सञ्चालक, पदाधिकारी, लेखापरीक्षक वा परामर्शदाता भए वा नभएको,

(घ) आफू वा आफ्नो एकाघरको परिवारको कुनै सदस्यले पछिल्लो तीन बर्षभित्र बीमा मध्यस्थकर्ताको रूपमा कार्य गरे वा नगरेको,

(ङ) आफ्नो वा आफ्नो एकाघरको परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को खण्ड (ख) र (ग) बमोजिमका सदस्यको हकमा उपदफा (१) बमोजिमको व्यवस्था लागू हुने छैन।

१५. **नियमनकारी अवसरको दुरुपयोग गर्न नहुनेः** (१) समितिका अध्यक्ष, सदस्य, प्राधिकरणका कर्मचारी वा लेखापरीक्षकले आफ्नो पदीय हैसियतमा कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको र सार्वजनिक भएको वा नभएको कानून बमोजिम गोप्य राख्नु पर्ने कुनै सूचना सम्बन्धित व्यक्ति बाहेक अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा सोको स्रोत खुलाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीले पदीय हैसियतमा कार्य सम्पादन गर्दा आफ्नो जानकारीमा आएको कुनै गोप्य सूचना आफ्नो वा एकाघरको परिवारको कुनै सदस्यको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(३) समितिका अध्यक्ष, सदस्य, प्राधिकरणका कर्मचारी, लेखापरीक्षक, प्रतिनिधि वा प्राधिकरणसँग कुनै करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले प्राधिकरणको तर्फबाट कुनै काम गर्दा प्राधिकरणको नियमनकारी अधिकारको प्रयोग गरी

आफ्नो, आफ्नो एकाघरको परिवार वा अरु कसैलाई कुनै किसिमको लाभ, सुविधा, सहुलियत वा फाइदा लिन वा दिन हुँदैन।

(४) यस दफाको प्रतिकूल हुने गरी कुनै काम गरेमा सम्बन्धित पदाधिकारीले प्रचलित कानून बमोजिम अख्तियारको दुरुपयोग गरेको मानिनेछ र सोको जानकारी सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

१६. **समितिको बैठकः** (१) समितिको बैठक महिनामा कम्तीमा एक पटकभन्दा कम नहुने गरी आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

तर समितिका कम्तीमा तीन जना सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले र निजको अनुपस्थितिमा बरिष्ठ सदस्यले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगाडि नै बैठकमा छलफल हुने विषय समितिको सचिवले सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले गर्नेछ।

(६) समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यक ठानेमा बीमा सम्बन्धी वा सम्बन्धित विषयको अन्य कुनै विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो पुस्तिकामा बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सम्पूर्ण सदस्यले दस्तखत गर्नु पर्नेछ।

(९) समितिको निर्णय समितिको सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **स्वार्थ बाझिएमा निर्णय गर्नमा बन्देजः** (१) अध्यक्ष, सदस्य वा निजको  एकाघरको परिवारको कुनै सदस्यको वित्तीय स्वार्थ, निजी स्वार्थ वा व्यावसायीक स्वार्थ भएको कुनै पनि प्रस्ताव समितिको बैठकमा छलफल हुने भएमा त्यस्तो सदस्यले बैठक शुरु हुनुभन्दा अगावै सो कुराको जानकारी समितिलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्य वा निजको एकाघरको परिवारको कुनै सदस्यको स्वार्थ भएको कुनै प्रस्तावका सम्बन्धमा समितिको बैठकमा छलफल हुँदा त्यस्तो सदस्यले सो सम्बन्धी बैठकमा भाग लिने छैन ।

(३) उपदफा (१) वा (२) प्रतिकूल हुनेगरी भएको निर्णय त्यस्तो सदस्यको हकमा लागू हुने छैन।

१८. **समिति तथा उपसमिति गठन गर्न सक्नेः** (१) समितिले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम आफूले सम्पादन गर्नु पर्ने कुनै काम कारबाहीमा सहयोग पुर्याउन आवश्यकता अनुसार अन्य समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा त्यस्तो समिति वा उपसमितिका सदस्यले पाउने सुविधा समितिले तोके बमोजिम हुनेछ।

१९. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणको काम सुचारु रुपले सञ्चालन गर्न प्राधिकरणले आवश्यक सङ्ख्यामा कर्मचारी नियुक्त गर्नेछ।

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त, सुविधा तथा अन्य व्यवस्था  तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## प्राधिकरणको कोष, लेखा तथा लेखापरीक्षण

२०. **प्राधिकरणको कोषः** (१) प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) बीमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजतपत्र प्रदान वा इजाजतपत्र नवीकरण गरे बापत प्राप्त रकम,

(ग) बीमा मध्यस्थकर्ताको इजाजतपत्र प्रदान वा इजाजतपत्र नवीकरण गरे बापत प्राप्त रकम,

(घ) बीमा व्यवसायको नियमन शुल्क बापत प्राप्त रकम,

(ङ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) विदेशी सरकार, अन्तरराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त हुने सम्पूर्ण रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ।

(५) प्राधिकरणको तर्फबाट गरिने सम्पूर्ण खर्चहरु उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(६) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफा बमोजिमको कोषमा जम्मा भएको रकममध्ये प्राधिकरणको कार्य सञ्चालन तथा वीमा विकास तथा व्यवस्थापनको लागि वार्षिक रुपमा छुट्याइएको रकमको अतिरिक्त पचास प्रतिशतले हुन आउने रकम बाहेकका अन्य रकम संघीय सञ्चित कोषमा दाखिल गरिनेछ ।

२१. **आय व्ययको लेखाः** (१) प्राधिकरणले आफ्नो वित्तीय अवस्था स्पष्ट देखिने गरी प्रचलित कानून बमोजिम आफ्नो हिसाब किताब, लेखा तथा वित्तीय विवरण दुरुस्त राख्नु पर्नेछ।

(२) प्राधिकरणले आफ्नो काम कारबाहीमा तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

२२. **लेखापरीक्षणः** (१) प्राधिकरणको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(२) प्राधिकरणले आफ्नो आन्तरिक लेखा परीक्षण नियमित रुपमा गराउनु पर्नेछ।

२३. **लेखापरीक्षण समितिः** (१) प्राधिकरणमा देहाय बमोजिम सदस्य रहेको एउटा लेखापरीक्षण समिति रहनेछः–

(क) समितिले तोकेको एकजना सदस्य –संयोजक

(ख) प्राधिकरणको आन्तरिक लेखापरीक्षण हेर्ने विभागीय प्रमुख –सदस्य

(ग) समितिले तोकेको एक जना अधिकृत –सदस्य

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## इजाजतपत्र

२४. **इजाजतपत्र नलिई बीमा व्यवसाय गर्न वा गराउन नहुनेः** (१) यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि बीमा, पुनर्बीमा, बीमा कोष वा सुरक्षण जस्ता जुनसुकै शब्द प्रयोग गरी वा नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमा व्यवसाय सम्बन्धी कुनै पनि कारोबार, व्यवसाय, उद्योग वा व्यापार गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत हुने गरी कसैले पनि बीमा व्यवसाय सम्बन्धी कारोबार, व्यवसाय, व्यापार वा उद्योग गर्ने वा अन्य कुनै प्रयोजनका लागि आफ्नो कम्पनी, फर्म वा संस्थाको नाममा बीमा, पुनर्बीमा, बीमाकोष वा सुरक्षण जस्ता शब्दहरू प्रयोग गर्नु हुँदैन।

(३) कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र प्राप्त बीमक बाहेक अन्य कुनै कम्पनी, फर्म वा संस्थासँग बीमा सम्बन्धी कारोबार वा बीमा व्यवसाय गर्न वा गराउन हुँदैन।

तर नेपालमा इजाजतपत्र प्राप्त बीमकले स्वीकार नगर्ने बीमा व्यवसाय, पुनर्बीमा व्यवसाय वा नेपालमा इजाजतपत्र प्रदान नगरिएको बीमा व्यवसायका सम्बन्धमा विदेशी बीमा कम्पनीसँग कारोबार गर्न बाधा पर्ने छैन।

२५. **बीमा कम्पनीको संस्थापनाः** (१) यस ऐन बमोजिम बीमा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गराई बीमा कम्पनीको संस्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नै स्थापना भई बीमा व्यवसाय गर्न इजाजत प्राप्त गरिसकेको बीमा कम्पनीले सोही प्रयोजनको लागि पुनः कम्पनी स्थापना गर्नु पर्ने छैन।

(३) एकजना व्यक्ति वा निजको एकाघरको परिवार वा निजको एकाघरको परिवारको सदस्य आधारभूत शेयरधनी रहेको

कुनै कम्पनी वा सङ्गठित संस्थाले यस दफा बमोजिम स्थापना हुने बीमा कम्पनीको चुक्ता पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुने गरी शेयर लगानी गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा विदेशी लगानीकर्ताले लिएको शेयरको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन।

(४) उपदफा (३) बमोजिम कुनै एक बीमा कम्पनीको शेयरमा लगानी गर्ने व्यक्ति वा निजको एकाघरको परिवार, फर्म, कम्पनी वा संस्थाले समान किसिमको बीमा व्यवसाय गर्ने अर्को कुनै बीमा कम्पनीमा लगानी गर्दा त्यस्तो बीमा कम्पनीको चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयरमा लगानी गर्न वा कुनै व्यहोराले त्यस्तो कम्पनीको शेयर स्वामित्व प्राप्त गर्न सक्ने छैन।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि दफा २६ बमोजिम प्राधिकरणको पूर्व स्वीकृति नलिई बीमा कम्पनीको स्थापना गर्न सकिने छैन।

२६. **पूर्व स्वीकृति लिनु पर्नेः** (१) बीमा व्यवसाय सञ्चालनको लागि दफा २५ बमोजिम कम्पनी संस्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको दस्तूर सहित देहायका कागजात संलग्न गरी पूर्व स्वीकृतिका लागि प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछः–

(क) प्रस्तावित बीमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(ख) बीमा व्यवसायको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा पूर्वाधार सम्बन्धी विवरण,

(ग) प्राधिकरणले तोकेको ढाँचामा संस्थापकहरुको व्यक्तिगत विवरण,

(घ) प्रस्तावित बीमा कम्पनी संस्थापना गर्नु अघि संस्थापकहरु बीच कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि र सोको सारांश,

(ङ) पूर्व स्वीकृतिको लागि निवेदन दिनुभन्दा तत्काल अघि संस्थापकले अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण,

(च) कुनै सङ्गठित संस्थाले निवेदन दिएको भए देहायको विवरणः-

(१) बीमा कम्पनी संस्थापनाको सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(२) सम्बन्धित कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(३) लगानी गर्न सक्षम रहेको पुष्टी हुने तोकिए बमोजिमका कागजात,

(४) प्रचलित कानून बमोजिम नियमन हुने व्यवसाय वा कारोबार सञ्चालन गर्ने संस्था भएमा त्यस्तो संस्थाको नियमनकारी निकायबाट बीमा व्यवसायमा लगानी गर्न दिएको अनुमति,

(५) प्राधिकरणले निर्धारण गरे बमोजिमका अन्य विवरण कागजात ।

(२) कुनै विदेशी बीमा कम्पनीले प्राधिकरणको पूर्व स्वीकृति लिई नेपालको कुनै सङ्गठित संस्था वा नेपाली नागरिकसँग संयुक्त लगानीमा बीमा कम्पनी संस्थापना गर्न वा नेपालमा शाखा कार्यालय खोल्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै विदेशी बीमा कम्पनीले नेपालमा संयुक्त लगानीमा बीमा कम्पनी संस्थापना गर्न वा शाखा कार्यालय खोल्न चाहेमा पूर्व स्वीकृतिको लागि तोकिए बमोजिमको दस्तुर सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन दिंदा निवेदकले उपदफा (१) मा उल्लिखित विवरणका  अतिरिक्त देहायका विवरण कागजात समेत संलग्न गर्नु पर्नेछः–

(क) सम्बन्धित मुलुकमा बीमा व्यवसाय गर्न पाएको इजाजतपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित मुलुकमा बीमा व्यवसाय गर्न पाएको इजाजतपत्र अद्यावधिक नवीकरण गरेको प्रमाण,

(ग) सम्बन्धित मुलुकको नियमनकारी निकायबाट नेपालमा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गरेको प्रमाण,

(घ) नेपालमा संयुक्त लगानीमा बीमा कम्पनी संस्थापना गर्न वा शाखा कार्यालय खोल्ने सम्बन्धमा सम्बन्धित बीमा कम्पनीका सञ्चालक समितिको निर्णय,

(ङ) त्यस्तो कम्पनीको पछिल्लो पाँच आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) तोकिए बमोजिमका अन्य विवरण।

(५) उपदफा (१) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो बीमा कम्पनी वा विदेशी बीमा कम्पनीको नेपालमा संयुक्त लगानीमा बीमा कम्पनी संस्थापना गर्न वा शाखा कार्यालय खोल्न पूर्व स्वीकृति दिन उपयुक्त देखिएमा प्राधिकरणले निवेदन परेको साठी दिनभित्र निवेदकलाई तोकिएको ढाँचामा पूर्व स्वीकृति दिनु पर्नेछ।

(६) बीमकले आफ्नो कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन गर्नु परेमा प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ।

२७. **<u>पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेः</u>** (१) दफा २६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्राधिकरणले बीमा कम्पनी स्थापना गर्न वा विदेशी बीमा कम्पनीको शाखा कार्यालय खोल्न पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछः–

(क) प्रस्तावित बीमा कम्पनीको नाम पहिले नै दर्ता भइसकेको कुनै बीमकको नामसँग मिल्ने भएमा,

(ख) प्रस्तावित बीमा कम्पनीको नाम वा त्यसले गर्ने बीमा व्यवसाय सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय वा सार्वजनिक व्यवस्थाका दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय हुने देखिएमा,

(ग) निवेदकले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण कागजात र अन्य पूर्वाधारलाई अध्ययन गर्दा बीमा व्यवसायको बजार सीमित भई थप बीमा कम्पनीलाई इजाजत पत्र दिँदा बीमा व्यवसाय स्वस्थ र प्रतिस्पर्धात्मक रुपले सञ्चालन हुन सक्ने कुरामा विश्वास गर्न नसकिने भएमा,

(घ) प्रस्तावित बीमा कम्पनीको उद्देश्य प्रचलित कानून विपरीत हुने वा भएको देखिएमा,

(ङ) प्रस्तावित बीमा कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई कुनै एकजना साक्षीको रोहबरमा सहीछाप नगरेको वा गरेको भए पनि सो साक्षीको नाम, ठेगाना समेत नखुलाएमा,

(च) प्रत्येक संस्थापकले प्रस्तावित बीमा कम्पनीको कम्तीमा दश हजार कित्ता शेयर लिन मञ्जुर नगरेमा वा आफूले लिने शेयर सङ्ख्या स्पष्ट रुपमा नखुलाएमा,

(छ) प्रस्तावित बीमा कम्पनीले दफा ३७ बमोजिमको चूक्ता पूँजी कायम गर्ने प्रस्ताव गरेको नदेखिएमा,

(ज) प्रस्तावित बीमा कम्पनीको कुनै संस्थापकलाई बीमा सम्बन्धी कसुर, बैंकिंग कसुर, ठगी, जालसाजी, किर्ते, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, अपहरण वा शरीर बन्धक जस्ता नैतिकपतन देखिने अन्य कसुरमा अदालतबाट सजाय भएको भए त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्ष पूरा नभएमा,

(झ) प्रस्तावित बीमा कम्पनीले बीमा व्यवसायका अतिरिक्त अन्य व्यवसाय समेत गर्ने उद्देश्य राखेको देखिएमा,

(ञ) दफा ३१ बमोजिम पूर्व स्वीकृति दिन रोक लगाएको अवस्थामा,

(ट) प्रस्तावित बीमा कम्पनीको कुनै संस्थापक वा निजको एकाघरको परिवारको कुनै सदस्य प्रचलित कानून बमोजिम कालोसूचीमा परी फुकुवा भएको तीन वर्ष पूरा नभएमा,

(ठ) प्रस्तावित बीमा कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजीको पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर एउटै व्यक्ति, एकाघरको परिवार, संस्था वा समूहको स्वामित्वमा रहने भएमा,

तर नेपाल सरकार, प्रदेश सरकार वा विदेशी लगानीकर्ताले लिने शेयरको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन।

(ड) पूर्व स्वीकृति सम्बन्धमा प्राधिकरणले जारी गरेका अन्य शर्त वा तोकिएको मापदण्ड पूरा नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्बीमा व्यवसाय बाहेक जीवन बीमा र निर्जीवन बीमा दुबै बीमा

व्यवसाय गर्ने गरी कुनै कम्पनी संस्थापना गर्न प्राधिकरणले पूर्व स्वीकृति दिने छैन।

(३) यस दफा बमोजिम प्राधिकरणले बीमा कम्पनी संस्थापना गर्न पूर्व स्वीकृति दिन इन्कार गरेमा निवेदन परेको साठी दिनभित्र सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

२८. **निवेदन दिनु पर्नेः** (१) दफा २६ बमोजिम पूर्व स्वीकृति लिई प्रचलित कानून बमोजिम संस्थापना भएको कम्पनी वा खोलिएको विदेशी बीमा कम्पनीको शाखा कार्यालयले बीमा व्यवसाय गर्न चाहेमा देहायका विवरण तथा कागजात संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछः–

(क) बीमा कम्पनी संस्थापना गर्न प्राधिकरणले दिएको पूर्व स्वीकृति,

(ख) बीमा कम्पनी स्थापना भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) बीमा कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(घ) बीमा कम्पनीको संस्थापक कुनै कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो कम्पनी वा सङ्गठित संस्थाले पछिल्लो तीन आर्थिक वर्षमा कर चुक्ता गरेको र वार्षिक वित्तीय विवरण सहितको लेखापरीक्षण प्रतिवेदन,

(ङ) खण्ड (घ) बमोजिमको संस्थापक कम्पनी वा सङ्गठित संस्थाका आधारभूत शेयरधनीको नाम र निजका एकाघरको परिवारको विवरण,

(च) बीमकले गर्न चाहेको बीमा व्यवसायको किसिम,

(छ) बीमकले गर्न चाहेको बीमा व्यवसायको प्रकार (पोर्टफोलियो),

(ज) बीमा व्यवसाय सञ्चालन गर्न आवश्यक पूर्वाधारको विवरण वा भवन भाडामा लिएको भए सो सम्बन्धी सम्झौताको प्रतिलिपि,

(झ) कार्यकारी प्रमुख तथा अन्य व्यवस्थापक तहका पदाधिकारीको व्यक्तिगत विवरण,

(ञ) बीमा जोखिम धारण सम्बन्धी व्यवस्था,

(ट) लगानी नीति, जोखिमाङ्कन, दाबी, पुनर्बीमा, सूचना प्रविधि सम्बन्धी विवरण,

(ठ) प्रस्तावित बीमालेख वा पुर्नबीमा कम्पनीको हकमा प्रस्तावित पुनर्बीमा करारको मसौदा,

(ड) संस्थापकले लिन कबुल गरेको शेयरको रकम चुक्ता भएको प्रमाणित हुने कागजात,

(ढ) कम्पनीको सङ्गठनात्मक संरचना सम्बन्धी विवरण,

(ण) कम्पनीका कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी विनियमावली,

(त) कम्पनीको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली,

(थ) प्राधिकरणले तोकिदिएको अन्य विवरण तथा कागजात ।

(२) कुनै विदेशी बीमा कम्पनीको शाखा कार्यालयले बीमा व्यवसाय सञ्चालन गर्नको लागि निवेदन दिँदा उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त देहाय बमोजिमका विवरण समेत संलग्न गर्नु पर्नेछः–

(क) त्यस्तो विदेशी बीमा कम्पनीलाई सम्बन्धित मुलुकको नियमन गर्ने निकायले नेपालमा बीमा व्यवसाय गर्न दिएको इजाजतपत्र,

(ख) त्यस्तो विदेशी बीमा कम्पनीको शाखा कार्यालय नेपालमा दर्ता भएको निस्सा,

(ग) बीमा कम्पनीको शाखा कार्यालय दर्ता गर्नको लागि प्राधिकरणबाट पूर्व स्वीकृति लिएपछि त्यस्तो विदेशी बीमा कम्पनीले दफा २६ बमोजिम पेश गरेको विवरणमा फरक परेको भए सोको विवरण,

(घ) प्राधिकरणले माग गरे बमोजिमका अन्य विवरण कागजात।

२९. **<u>इजाजतपत्र दिने</u>:** (१) दफा २८ बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न विवरण कागजात जाँचबुझ गर्दा निवेदक यस ऐन बमोजिम बीमा व्यवसाय गर्न सक्षम देखिएमा प्राधिकरणले तोकिए बमोजिमको दस्तुर लिई निवेदन प्राप्त भएको साठी दिनभित्र निवेदकलाई इजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिँदा त्यस्तो इजाजतपत्रमा निवेदकले दफा ६२ बमोजिम सञ्चालन गर्न पाउने बीमा व्यवसायको किसिम र प्रकार स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको इजाजतपत्रमा कुनै खास मिति देखि प्रभावकारी हुने भनी उल्लेख गरिएकोमा बाहेक त्यस्तो इजाजतपत्र जारी भएको मिति देखि नै प्रभावकारी भएको मानिनेछ।

(४) प्राधिकरणले यस दफा बमोजिम इजाजतपत्र दिँदा प्रचलित कानून, बीमकको आर्थिक र संगठन संरचनाको अवस्था तथा बीमितको हक हित समेतलाई ध्यानमा राखी बीमकले पालना गर्नु पर्ने आवश्यक शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले यस ऐन बमोजिम निर्देशिका जारी गरी बीमकले बीमा व्यवसाय सञ्चालन गर्दा पालना गर्नु पर्ने शर्तहरु तोक्न वा तोकिएका शर्तहरूमा हेरफेर गर्न सक्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम प्राधिकरणले तोकिदिएको शर्तको पालना गर्नु सम्बन्धित बीमकको कर्तव्य हुनेछ।

(७) बीमकले उपदफा (१) बमोजिम प्राप्त गरेको इजाजतपत्रको छाँयाप्रति आफ्नो कार्यालय, शाखा कार्यालय वा सम्पर्क कार्यालयमा स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

(८) यस दफा बमोजिम बीमकलाई दिइएको इजाजतपत्र हस्तान्तरण हुने छैन।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले दफा २८ बमोजिम पेश गर्नु पर्ने कुनै विवरण कागजात पेश नगरेमा वा बीमा व्यवसाय सञ्चालनको लागि आवश्यक पूर्वाधारको व्यवस्था नभएको वा अन्य कारणले निवेदकलाई इजाजतपत्र दिँदा बीमितको हक हित संरक्षण हुन नसक्ने भई इजाजतपत्र दिन मनासिब नदेखिएमा प्राधिकरणले कारण खोली निवेदन परेको साठी दिनभित्र सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

३०. **<u>बीमा व्यवसाय प्रारम्भ गर्नु पर्नेः</u>** बीमकले इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्र इजाजतपत्रमा उल्लेख भए बमोजिमको बीमा व्यवसाय प्रारम्भ गर्नु पर्नेछ।

३१. **<u>पूर्व स्वीकृति वा इजाजतपत्र जारी गर्न रोक लगाउन सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमा व्यवसायको बजार सम्बन्धी अध्ययन, अनुसन्धान तथा मूल्याङ्कनका आधारमा समितिले निश्चित अवधिसम्म बीमा कम्पनी स्थापना गर्न वा विदेशी बीमा कम्पनीलाई शाखा कार्यालय खोल्न दफा २६ बमोजिम पूर्व स्वीकृति दिन वा दफा २९ बमोजिम इजाजतपत्र जारी गर्न रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले पूर्व स्वीकृति दिन वा इजाजतपत्र जारी गर्न रोक लगाएको अवधिभर प्राधिकरणले कसैलाई पनि त्यस्तो पूर्व स्वीकृति दिने वा इजाजतपत्र जारी गर्ने छैन।

३२. **<u>शाखा तथा सम्पर्क कार्यालय खोल्न सक्नेः</u>** (१) बीमकले प्राधिकरणको पूर्व स्वीकृति लिई नेपालभित्र वा विदेशमा तोकिए बमोजिम शाखा कार्यालय खोल्न सक्नेछ ।

(२) प्राधिकरणको पूर्व स्वीकृति लिई प्रचलित कानूनको अधीनमा रही कुनै विदेशी बीमा कम्पनीले नेपालमा आफ्नो सम्पर्क कार्यालय खोल्न सक्नेछ।

तर त्यस्तो कार्यालयले बीमा व्यवसाय वा कारोबार गर्न सक्ने छैन।

(३) बीमकको शाखा तथा सम्पर्क कार्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) प्राधिकरणले दफा २९ बमोजिम दिएको इजाजतपत्रको अवधि प्रत्येक वर्षको चैत्र महिनासम्म कायम रहनेछ।

(२) बीमकले उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त हुनु अगावै इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) बीमकले इजाजतपत्र नवीकरणको लागि तोकिएको विवरण कागजात र दस्तूर सहित इजाजतपत्रको अवधि समाप्त हुने वर्षको फागुन मसान्तभित्र प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(४) विदेशी बीमा कम्पनीको शाखा कार्यालयले उपदफा (३) बमोजिम नवीकरणको लागि निवेदन दिंदा आफ्नो मुलुकको नियमनकारी निकायबाट बीमा व्यवसाय गर्न प्राप्त गरेको इजाजतपत्र नवीकरण भएको निस्सा समेत संलग्न गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा इजाजतपत्र नवीकरण गर्न मनासिव देखिएमा प्राधिकरणले तीस दिनभित्र नवीकरण गरी दिनु पर्नेछ र नवीकरण गर्न नसकिने भएमा सोको कारण सहितको लिखित जानकारी सम्बन्धित बीमकलाई गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम नवीकरण गर्दा बीमकले गर्ने बीमाको प्रकारसमेत उल्लेख गरी नवीकरण गरिदिनु पर्नेछ।

(७) कुनै बीमकले उपदफा (३) मा उल्लिखित अवधिभित्र इजाजतपत्र नवीकरणको लागि निवेदन दिन नसकेमा वा नसक्ने

भएमा सोको मनासिब कारण सहित इजाजतपत्रको अवधि समाप्त हुनु अगावै नवीकरणको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा प्राधिकरणले त्यस्तो बीमकको इजाजतपत्र नवीकरण गर्ने अवधि इजाजतपत्रको अवधि समाप्त भएको मितिले बढीमा साठी दिन थप गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम थप गरिएको अवधिभित्र बीमकले इजाजतपत्र नवीकरणको लागि दफा २९ बमोजिमको प्रक्रिया पूरा गरी निवेदन दिएमा तोकिए बमोजिमको थप दस्तुर लिई प्राधिकरणले त्यस्तो इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र नवीकरण गर्दा बीमकले इजाजत प्राप्त गरेको सबै बीमाको प्रकार (पोर्टफोलियो) को नवीकरण गर्नु पर्नेछ।

(११) इजाजतपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **<u>इजाजतपत्र नवीकरण नगरिने:</u>** दफा ३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्राधिकरणले कुनै पनि बीमकको इजाजतपत्र नवीकरण गर्ने छैनः-

(क) प्राधिकरणले तोकेको अवधिभित्र चुक्ता पूँजी कायम नगरेमा,

(ख) दफा ७२ बमोजिम बीमाङ्कीय मूल्याङ्कन नगराएमा,

(ग) दफा ७३ बमोजिम बचतको बाँडफाँट नगरेमा,

(घ) दफा ८६ बमोजिम वित्तीय विवरण तयार गरी पेश नगरेमा,

(ङ) दफा १०२ बमोजिम नियमन शुल्क नबुझाएमा,

(च) दफा १३८ बमोजिम इजाजतपत्र निलम्बन गरिएको वा बीमा व्यवसाय गर्न नपाउने गरी रोक लगाएको अवधि पूरा नभएमा।

३५. **<u>इजाजत खारेज गर्न सकिने:</u>** (१) बीमकले यस ऐन अन्तरगत इजाजतप्राप्त बीमा व्यवसायको किसिम अन्तरगत कुनै एक वा एकभन्दा बढी बीमाको प्रकार (पोर्टफोलियो) को इजाजत खारेज गर्न चाहेमा प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

तर बीमकले आफूले गर्दै आएको सबै प्रकारको बीमाको प्रकार (पोर्टफोलियो) खारेज गर्न निवेदन दिन सक्ने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा प्राधिकरणले त्यस्तो बीमकले गरी आएको बीमा व्यवसायको कुनै प्रकार (पोर्टफोलियो) को इजाजत खारेज गर्न सक्नेछ।

३६. **<u>सूची प्रकाशन गर्नु पर्ने:</u>** (१) प्राधिकरणले इजाजत प्राप्त बीमकको अद्यावधिक सूची प्रत्येक तीन महिनामा राष्ट्रियस्तरको कम्तीमा दुई वटा दैनिक पत्रिका र प्राधिकरणको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने सूचीमा बीमकले कारोबार प्रारम्भ गरेको मिति, चूक्ता पूँजी, बीमाशुल्क एवम् प्राधिकरणले निर्धारण गरेका अन्य विवरणहरू समावेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>बीमकको पूँजी कोष तथा शेयर बाँडफाँट</u>

३७. **<u>चुक्ता पूँजी कायम गर्नु पर्ने:</u>** (१) बीमकको न्यूनतम चुक्ता पूँजी प्राधिकरणले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले मुलुकको वित्त वा पूँजी बजारको स्थिति, बीमकले निर्वाह गर्नुपर्ने दायित्व, बीमकको वित्तीय अवस्थाको आधारमा अवधि तोकी बीमकलाई चुक्ता पूँजी बढाउन आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले आदेश दिएमा तोकिएको अवधिभित्र बीमकले आफ्नो चुक्ता पूँजी कायम गरी सक्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम चुक्ता पूँजी कायम गर्न नसक्ने बीमकको इजाजतपत्र प्राधिकरणले निलम्बन गर्न सक्नेछ।

(५) बीमकको पूँजी तथा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **<u>पूँजी घटाउन आदेश दिन सक्ने:</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले देहायको अवस्थामा बीमकको चुक्ता पूँजी घटाउन आदेश दिन सक्नेछः–

(क) साविकमा गर्दै आएको बीमाको प्रकार (पोर्टफोलियो) मध्ये कुनै प्रकारको बीमाको इजाजत खारेज भएमा,

तर दफा ३७ को उपदफा (१) बमोजिम कायम भएको न्यूनतम चुक्ता पूँजीभन्दा कम हुने गरी बीमकको चुक्ता पूँजी घटाइने छैन।

(ख) दफा १०३ बमोजिम बीमक समस्या ग्रस्त परेको देखिएमा।

३९. **<u>बीमा कोष:</u>** (१) बीमकले प्राधिकरणले निर्धारण गरे बमोजिमको मात्रा र अनुपातमा बीमा कोष (इन्स्योरेन्स फण्ड) को व्यवस्था गर्नु पर्नेछ।

(२) बीमकले गर्ने प्रत्येक बीमा व्यवसायको जोखिम व्यहोर्नको लागि तोकिए बमोजिम छुट्टाछुट्टै कोष राख्नु पर्नेछ।

(३) कुनै एक प्रकारको बीमा व्यवसायसँग सम्बन्धित कोषमा अर्को प्रकारको बीमा व्यवसायसँग सम्बन्धित रकम जम्मा गर्न वा त्यस्तो कोषबाट दायित्व व्यहोर्न पाइने छैन।

४०. **<u>अनिवार्य जगेडा कोष:</u>** (१) बीमकले बीमा व्यवसाय सम्बन्धी दायित्व वहन गर्न छुट्टै एक अनिवार्य जगेडा कोष कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनिवार्य जगेडा कोषमा देहाय बमोजिमका रकम जम्मा गर्नु पर्नेछः-

(क) जीवन बीमा व्यवसाय गर्ने बीमकले नेपालभर जारी गरेको बीमालेखको आधारमा बीमाङ्कीले तोकिदिएको सम्पूर्ण दायित्वमा कम नहुने रकम,

(ख) निर्जीवन बीमा व्यवसायको आम्दानी खर्चमा देखाइएको खुद बीमा शुल्कको प्राधिकरणले तोकेको अनुपातको रकम,

(ग) निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लागि तोकिएको चुक्ता पूँजीको बराबर नभएसम्म मुनाफा हुन आएको रकमको पचास प्रतिशत ।

(३) बीमकले आफ्नो व्यवसाय सञ्चालनको लागि आवश्यकता बमोजिम अन्य जगेडा कोष स्थापना गर्न सक्नेछ।

(४) पुनर्बीमा व्यवसाय गर्ने बीमकको अनिवार्य जगेडा कोष सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) अनिवार्य जगेडा कोष तथा अन्य जगेडा कोष सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

४१. **महाविपत्ति कोष राख्नु पर्ने:**(१) बीमकले महाविपत्तिको कारणबाट भविष्यमा आइपर्ने क्षति व्यहोर्नका लागि छुट्टै एक महाविपत्ति कोष राख्नु पर्नेछ।

(२) महाविपत्ति कोष सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

४२. **दाबी भुक्तानी कोष तथा जगेडा कोष:** (१) बीमकले दाबी भुक्तानी कोष तथा जगेडा कोष खडा गरी त्यस्तो कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नु पर्नेछः-

(क) तोकिएको अवधिभित्र दाबी भुक्तानी हुन नसकेका दाबी बापत हुन आउने दायित्व (आउटस्याण्डिङ क्लेम) बापतको रकम,

(ख) बीमकले बीमा गरेको सम्पत्ति तथा दायित्वका सम्बन्धमा कुनै घटना घटिसकेको तर बीमकलाई जानकारी नगराएको (इन्कर्ड बट नट रिपोर्टेड) वा

पर्याप्त जानकारी नगराएको बीमा दाबीको दायित्व (इन्कर्ड बट नट इनफ रिपोर्टेड) बापतको रकम,

(ग) बीमकको समाप्त भै नसकेको जोखिम (अनएक्स्पायर्ड रिक्स रिजर्भ) बापतको रकम।

(२) उपदफा (१) बमोजिमको कोष तथा त्यस्तो कोषमा जम्मा हुने रकम सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

४३. **दायित्वभन्दा सम्पत्ति बढी हुनु पर्नेः** (१) बीमकको कूल सम्पत्ति कूल दायित्वभन्दा बढी हुनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै पनि बीमकको कुल सम्पत्ति र कुल दायित्वको अनुपात (सोल्भेन्सी मार्जिन) प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत बीमा व्यवसाय गर्दै आएका बीमक वा विदेशी बीमा कम्पनीका शाखा कार्यालयले प्राधिकरणले तोके बमोजिमको अवधिभित्र उपदफा (२) बमोजिम सम्पत्ति र दायित्वको अनुपात (सोल्भेन्सी मार्जिन) कायम गर्नु पर्नेछ।

(४) यस दफाको प्रयोजनको लागि बीमकको कुल सम्पत्ति तथा दायित्वको मूल्याङ्कन तोकिए बमोजिम गरिनेछ।

४४. **लाभांश वितरण गर्नमा बन्देजः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बीमकले आफ्ना शेयरधनीहरुलाई लाभांश घोषणा गर्न र वितरण गर्न पाउने छैनः-

(क) आफ्नो सम्पूर्ण प्रारम्भिक खर्च, अघिल्लो आर्थिक वर्षसम्मको नोक्सानी यस ऐन तथा प्राधिकरणले निर्धारण गरे बमोजिम जोखिम व्यहोर्न कायम गर्नुपर्ने कोष वा जगेडा कोषको व्यवस्था नगरेसम्म,

(ख) दफा ३७ बमोजिम पुर्याउनुपर्ने न्यूनतम चुक्ता पूँजी पूरा नगरेसम्म,

(ग) दफा ४३ बमोजिमको सम्पत्ति र दायित्वको अनुपात कायम नभएसम्म,

(घ) सर्वसाधारणलाई छुट्याइएको शेयर वितरण गरी पूर्ण रुपमा चुक्ता पूँजी भुक्तानी नभएसम्म ।

(२) प्रचलित कानून बमोजिम बीमकले लाभांश घोषणा गर्नु अघि तोकिए बमोजिम प्राधिकरणको स्वीकृति लिनु पर्नेछ।

४५. **शेयरको बाँडफाँट** (१) बीमकले आफ्नो कुल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्नको लागि छुट्याउनु पर्नेछ।

तर विदेशी बीमा कम्पनीको शाखा कार्यालयको रुपमा दर्ता भएको बीमकले शेयर निष्कासन तथा बिक्री गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम सर्वसाधारणलाई छुट्याइएको शेयरको पाँच प्रतिशत शेयर बीमकले आफ्ना कर्मचारीको लागि छुट्याउन सक्नेछ।

(३) बीमकले प्राधिकरणको स्वीकृतिमा संस्थापक शेयर समूहको स्वामित्व एकाउन्न प्रतिशतभन्दा कम नहुने गरी बाँकी अंश सर्वसाधारण शेयर समूहमा परिणत गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्वमा स्थापना भएको बीमकको शेयर सम्बन्धी व्यवस्था नेपाल सरकार वा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) बीमकको शेयरको बाँडफाँट तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

४६. **विवरणपत्र तथा शेयर निष्काशनः** (१) बीमकले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत गराएको विवरणपत्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरणपत्र पेश नगरेसम्म सो बीमक वा निजको तर्फबाट कसैले पनि त्यस्तो विवरणपत्र प्रकाशन गर्न पाउने छैन।

(३) उपदफा (१) नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्रदान गरेको लिखित जानकारी प्राधिकरणलाई प्राप्त नभएसम्म प्राधिकरणले त्यस्तो विवरणपत्र दर्ता गर्ने छैन।

(४) कुनै बीमकले कम्तीमा एक आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण नगराई सर्वसाधारणको लागि शेयर निष्काशन गर्न पाउने छैन।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले शेयर खरिदका लागि सर्वसाधारणबाट दरखास्त आह्वान गर्दा शेयरको अंकित मूल्यको शतप्रतिशत रकम दरखास्त साथ माग गर्नु पर्नेछ।

४७. **<u>शेयर बिक्री गर्न, धितोबन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाउने:</u>** (१) कुनै बीमकको संस्थापकले बीमा कम्पनी स्थापना गरेको पाँच वर्ष पूरा नभएसम्म संस्थापक शेयर धनीको रुपमा निजले लिएको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनुअघि कसैले कुनै बीमकको यस ऐनमा उल्लेख भएभन्दा बढी सङ्ख्यामा शेयर लिएको रहेछ भने निजले त्यसरी बढी हुन आउने शेयर यो ऐन प्रारम्भ भएको छ महिनाभित्र बिक्री वितरण गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमकको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थिति सिर्जना हुन गएमा वा संस्थापक प्रचलित कानून बमोजिम कालोसूचीमा परेमा प्राधिकरणको स्वीकृति लिई संस्थापकहरू बीच एक आपसमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस उपदफाको प्रयोजनको लागि “विशेष परिस्थिति” भन्नाले गणपूरक संख्याको अभावले सञ्चालक समितिको

बैठक लगातार तीन पटकसम्म बस्न नसकेको वा सञ्चालकको आपसी विवादको कारणले कुनै पनि निर्णयमा पुग्न नसकेको अवस्था सम्झनु पर्छ ।

(३) बीमकको संस्थापकले पाँच वर्ष पूरा भएपछि निजको नाममा रहेको शेयर धितो बन्धक राख्ने वा बिक्री वितरण गर्ने शर्त तथा बन्देज सम्बन्धी व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बीमकको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बीमकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति तथा निजको एकाघर परिवारका सदस्यले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक बर्षसम्म सम्बन्धित बीमक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो एकाघरको परिवारको सदस्य वा अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा लिन वा राख्न हुँदैन ।

(५) बीमकको शेयर खरीद, बिक्री तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## सञ्चालक समिति तथा कार्यकारी प्रमुख

४८. **सञ्चालक समितिको गठनः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको सञ्चालक समितिमा एकजना स्वतन्त्र सञ्चालक सहित कम्तीमा पाँच र बढीमा सात जना सञ्चालक रहने छन्।

(२) उपदफा (१) बमोजिमका सञ्चालकको नियुक्ति बीमकको साधारण सभाबाट गरिनेछ।

तर,

(क) बीमकको प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि सञ्चालकको नियुक्ति संस्थापकद्वारा गरिनेछ ।

(ख) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संस्थागत प्रतिनिधित्व गर्ने सञ्चालक वा वैकल्पिक सञ्चालक बाहेक अन्य सञ्चालकको पद रिक्त भएमा अर्को साधारण सभा नभएसम्मका लागि सञ्चालकको नियुक्ति बीमकको सञ्चालक समितिद्वारा गर्न सकिनेछ।

(ग) नेपाल सरकार, प्रदेश सरकार, कुनै बीमक, कुनै सङ्गठित संस्था, कम्पनी वा विदेशी बीमकले शेयर लिएको बीमकको हकमा नेपाल सरकार, प्रदेश सरकार वा सो संस्थाले आफूले लिएको शेयर संख्याको अनुपातमा सञ्चालक नियुक्त गर्न सक्नेछ र यसरी सञ्चालक नियुक्त गर्दा सञ्चालकको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्त गर्नु पर्नेछ।

(३) एकाघरको परिवारको एकभन्दा बढी व्यक्ति एकै बीमकको वा समान किसिमको बीमकको सञ्चालक हुन पाउने छैन।

(४) सञ्चालक समितिले दफा ५० बमोजिमको योग्यता र अनुभव भएका व्यक्तिहरू मध्येबाट कम्तीमा एकजना स्वतन्त्र सञ्चालक नियुक्त गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ।

(५) सञ्चालकहरूले आफूमध्ये बहुमतले छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ।

(६) सञ्चालक समितिको अध्यक्षको पदमा नियुक्त हुने व्यक्तिले प्राधिकरणको अध्यक्ष समक्ष र सञ्चालक समितिको सदस्यको पदमा नियुक्त हुने व्यक्तिले सञ्चालकको पदमा बहाल हुनु अघि सञ्चालक समितिको अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

(७) कुनै कारणले सञ्चालकको पद रिक्त भएमा पैंतीस दिनभित्र सञ्चालक समितिले अर्को साधारण सभा नभएसम्मको लागि त्यस्तो रिक्त पदमा सञ्चालक नियुक्त गर्नु पर्नेछ।

४९. **सञ्चालकको पदावधिः** सञ्चालकको पदावधि बढीमा चार बर्षको हुनेछ र निज पुनः नियुक्त वा मनोनित हुन सक्नेछ।

तर स्वतन्त्र सञ्चालक एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ।

५०. **सञ्चालकको योग्यताः** (१) देहायको व्यक्ति बीमकको सञ्चालकमा नियुक्त हुन योग्य हुनेछः-

(क) विदेशी वा स्वदेशी बीमक, बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृतस्तरमा कम्तीमा पाँच वर्ष काम गरेको,

(ख) कुनै विषयमा स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बीमा, बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको सङ्गठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको,

(ग) चार्टर्ड एकाउन्टेण्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बीमक वा सम्बन्धित क्षेत्रको सङ्गठित संस्थाको सञ्चालक वा व्यवस्थापक तहमा वा नेपाल सरकारको अधिकृत द्वितीय

श्रेणीको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको व्यक्ति बीमकको स्वतन्त्र सञ्चालकको रूपमा नियुक्त हुन योग्य हुनेछ।

तर बीमकको संस्थापक, सञ्चालक, सञ्चालकको एकाघरको परिवारको सदस्य, परामर्शदाता तथा बीमकको आधारभूत शेयरधनी वा बीमकसँग वित्तीय स्वार्थ भएको व्यक्ति स्वतन्त्र सञ्चालक हुन पाउने छैन।

५१. **<u>सञ्चालकको अयोग्यताः</u>** देहायको कुनै व्यक्ति सञ्चालकको पदमा निर्वाचित वा मनोनीत हुन अयोग्य हुनेछः-

(क) २५ वर्ष उमेर पूरा नभएको,

(ख) मानसिक सन्तुलन ठीक नभएको,

(ग) साहुको ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परी फुकुवा भएको मितिले तीन वर्ष पूरा नभएको,

(ङ) बीमक वा बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप संकलन गर्ने सङ्गठित संस्थाको सञ्चालक रहेको वा अन्य कुनै बीमकको संस्थापक समूहको आधारभूत शेयर लिएको बहालवाला सञ्चालक वा कर्मचारी,

(च) सम्बन्धित बीमकको बहालवाला लेखापरीक्षक वा परामर्शदाता वा बीमकसँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको वा निजी स्वार्थ रहेको व्यक्ति वा संस्था, फर्म र कम्पनी,

(छ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको वा मर्चेण्ट बैंकर,

(ज) अन्य बीमकको सञ्चालकको पदमा बहाल रहेको,

(झ) शेयर स्वामित्वका कारणले सञ्चालक हुन सम्बन्धित बीमकको नियमावली बमोजिम अयोग्य रहेको,

(ञ) सञ्चालक हुनको लागि लिनु पर्ने न्यूनतम शेयर नलिएको,

(ट) सार्वजनिक पद धारण गरेको वा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्था, प्राधिकरण, बोर्ड, बीमक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,

तर नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्था वा बीमकले शेयर खरिद गरेको फरक किसिमको बीमकमा सञ्चालक मनोनीत गर्न यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन।

(ठ) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(ड) चोरी, ठगी, किर्ते, जालसाजी, भ्रष्टाचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुर, बीमा कसुर वा बैंकिङ्ग कसुर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकको अदालतबाट कसुरदार ठहर भई सजाय भुक्तान भएको पाँच वर्ष पूरा नभएको,

(ढ) प्रचलित कानून बमोजिम नियमनकारी निकायले कानून विपरीत कार्य गरेको भनी कारबाही गरेको वा त्यस्तो कारबाही भएको पाँच वर्ष पूरा नभएको,

(ण) अदालतको फैसला बमोजिम लागेको कैद, जरिबाना तिर्न बुझाउन बाँकी रहेको, सरकारी बाँकी तिर्न बुझाउन बाँकी रहेको,

(त) प्राधिकरणको निर्देशन पालना नगरेको कारणबाट प्राधिकरणले कारबाही गरेको मितिले तीन वर्ष पूरा नभएको ।

५२. **<u>सञ्चालक आफ्नो पदमा बहाल नरहने अवस्थाः</u>** (१) देहायका अवस्थामा कुनै पनि व्यक्ति बीमकको सञ्चालकको पदमा बहाल रहने छैनः–

(क) दफा ५१ बमोजिम सञ्चालक पदमा रहन अयोग्य भएमा,

(ख) जुन समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व भएको हो सोही समूहको कम्तीमा एकाउन्न प्रतिशत शेयरधनीले सञ्चालकको पदबाट हटाउन साधारण सभामा पेश गरेको प्रस्ताव बहुमतले पारित भएमा,

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि "समूह" भन्नाले संस्थापक र सर्वसाधारण शेयरधनीको समूह भन्ने सम्झनु पर्छ ।

(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) बीमक वा बीमितको हकहित विपरीत कार्य गरेको कारण निज बीमकको सञ्चालक पदमा रही कार्य सम्पादन गर्न अयोग्य रहेको भनी प्राधिकरणले निजलाई हटाउन निर्देशन दिएमा।

(२) आफ्नो कुनै सञ्चालकले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली वा प्राधिकरणको निर्देशन विपरीत कार्य गरेको कारणबाट निज सो पदमा बहाल रहन अयोग्य छ भन्ने बीमकलाई लागेमा वा कुनै सञ्चालक त्यस्तो पदमा बहाल नरहेमा बीमकले सोको लिखित जानकारी पन्ध्र दिनभित्र प्राधिकरणलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै सञ्चालक सो पदमा बहाल रहन अयोग्य छ भनी लेखी आएमा प्राधिकरणले आवश्यक छानबिन

गरी त्यस्तो सञ्चालकलाई पदबाट हटाउन बीमकलाई निर्देशन दिन सक्नेछ।

५३. **सञ्चालक समितिको बैठकः** (१) सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ।

तर दुईवटा बैठकको बीचको फरक दुई महिनाभन्दा बढी हुने छैन।

(२) कम्तीमा एक चौथाई सञ्चालकले लिखित अनुरोध गरेमा सञ्चालक समितिको अध्यक्षले जुनसुकै बखत सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ।

(३) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(४) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ।

(५) कुल सञ्चालक संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई सञ्चालक समितिको बैठक बस्ने छैन।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सदस्यले निर्णायक मत दिनेछ।

(७) कुनै सञ्चालकको निजी स्वार्थ भएको प्रस्ताव उपर बैठकमा छलफल हुँदा सो बैठकमा त्यस्तो सञ्चालकले भाग लिन पाउने छैन ।

(८) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र बैठकको निर्णय (माइन्यूट) छुट्टै किताबमा अभिलेख गर्नु पर्नेछ र सो निर्णयमा बैठकमा उपस्थित सबै सञ्चालकले दस्तखत गर्नु पर्नेछ।

तर सञ्चालक समितिको निर्णयमा कुनै सञ्चालकले फरक मत राख्न चाहेमा सो फरक मत  निजले दस्तखत गरी अभिलेख गर्न सक्नेछ।

(९) सञ्चालकले आफ्नो स्वार्थ रहेको कुनै विषयमा सञ्चालक समिति वा अन्य कुनै उपसमितिको बैठकमा छलफल हुने भएमा सो कुराको जानकारी बैठकलाई गराउनु पर्नेछ र त्यस्तो बैठकमा निजले भाग लिनु हुँदैन।

(१०) सञ्चालक समितिले कुनै खास बिषयमा सम्बन्धित विषयको विज्ञसँग आवश्यक राय परामर्श लिन सक्नेछ।

(११) सञ्चालकले बैठकमा उपस्थित भए बापत प्राधिकरणले निर्धारण गरिदिए बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ।

५४. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) बीमकको साधारण सभाबाट हुने काम बाहेक यो ऐन र यस ऐन अन्तरगत बनेका नियम वा विनियम, जारी भएका निर्देशन, आदेश, प्रबन्धपत्र, नियमावली र अन्य प्रचलित कानूनको अधीनमा रही बीमकको सम्पूर्ण काम, कर्तव्य र अधिकार बीमकको सञ्चालक समितिमा निहित रहनेछ।

(२) बीमकको समग्र जोखिम व्यवस्थापन गरी बीमित तथा सर्वसाधारण शेयरधनीको हितमा बीमा व्यवसाय सञ्चालन गर्नु, संस्थागत सुशासन कायम गर्नु र दैनिक काम कारबाहीमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तब्य हुनेछ।

(३) सञ्चालक समितिको अन्य काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, निर्देशन, आदेश, प्रबन्धपत्र, नियमावली र प्रचलित कानूनको अधीनमा रही आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाई लागू गर्ने,

(ख) बीमकको जोखिमाङ्कन, व्यवस्थापन, बीमा दाबी भुक्तानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, बजेट, योजना तथा अन्य आवश्यक बिषयमा

नीति तथा योजना तर्जुमा गरी लागू गर्ने, गराउने,

(ग) बीमा व्यवसाय सञ्चालन सम्बन्धमा प्राधिकरणको निर्देशन बमोजिम आवश्यक नीति तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने, गराउने,

(घ) बीमकको चुक्ता पूँजी, बीमाकोष र अन्य चल तथा स्थिर सम्पत्ति कानून बमोजिम कायम राख्न लगाउने,

(ङ) बीमकले अवलम्बन गरेको नीतिको नियमित रुपमा अनुगमन तथा विश्लेषण गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने,

(च) बीमकको बार्षिक प्रतिवेदन सहितको लेखापरीक्षाण प्रतिवेदन साधारण सभामा पेश गर्ने,

(छ) प्राधिकरणले समय समयमा तोके बमोजिमको कार्यहरू गर्ने, गराउने ।

५५. **समिति वा उपसमिति गठन गर्न सक्नेः** (१) यस ऐनमा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी स्पष्ट उल्लेख गरिएकोमा बाहेक सञ्चालक समितिले कुनै खास प्रयोजनका लागि प्राधिकरणको निर्देशनको अधीनमा रही आवश्यकता अनुसार अन्य समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समिति वा उपसमितिको काम, कर्तब्य, अधिकार, कार्यविधि तथा बैठकमा भाग लिए बापत पाउने भत्ता तथा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ र त्यस्तो समिति तथा उपसमितिबाट भएको कार्य र खर्च वार्षिक प्रतिवेदनमा खुलाउनु पर्नेछ।

५६. **अधिकार प्रत्यायोजनः** सञ्चालक समितिले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली, बीमकको प्रबन्धपत्र र नियमावली बमोजिम आफूमा निहित अधिकारमध्ये केही अधिकार कुनै सञ्चालक,

दफा ५५ बमोजिमको समिति वा उपसमिति, कार्यकारी प्रमुख वा बीमकको कार्यकारी प्रमुख भै कार्य गर्ने व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर व्यवस्थापकीय अधिकार सञ्चालकलाई प्रत्यायोजन गर्न पाइने छैन।

५७. **<u>बीमकको व्यवस्थापनः</u>** (१) बीमकले बीमा व्यवसाय सञ्चालन गर्नका लागि तोकिए बमोजिमका आवश्यक कर्मचारी नियुक्त गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकसँग वित्तीय स्वार्थ भएको व्यक्तिलाई कर्मचारीमा नियुक्त हुन सक्ने छैन।

(३) बीमकले बीमा व्यवसाय सञ्चालन गर्दा आफ्नो क्षमता अनुसार बीमितको हितमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको व्यवस्थापन खर्चको सीमा तथा अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

५८. **<u>कार्यकारी प्रमुखको नियुक्तिः</u>** (१) सञ्चालक समितिले यो ऐन, यस ऐन अन्तरगत बनेको नियमावली, बीमकको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बीमकको कार्य सञ्चालन एवम् व्यवस्थापनको लागि एक कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

(२) कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(३) उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भएपछि मात्र लागू हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) सञ्चालक समितिले कार्यकारी प्रमुख नियुक्त गर्दा देहाय बमोजिमको योग्यता तथा अनुभव भएको व्यक्तिलाई नियुक्त गरी त्यसरी नियुक्त गरेको सात दिनभित्र प्राधिकरणलाई जानकारी दिनु पर्नेछः–

(क) बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको,

(ख) चार्टर्ड एकाउन्टेण्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक वा सो सरहको उपाधि हासिल गरेको र कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा दश वर्ष, बैंक तथा वित्तीय क्षेत्रमा भए पन्ध्र वर्ष वा दुबै क्षेत्रमा भए बीमा क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव सहित कम्तीमा बाह्र वर्षको अनुभव हासिल गरेको ।

(६) देहायको व्यक्ति बीमकको कार्यकारी प्रमुख नियुक्त हुन सक्ने छैनः-

(क) मानसिक सन्तुलन ठीक नभएको,

(ख) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा नभएको,

(ग) बीमकको सञ्चालक, सञ्चालकको नजिकको नातेदार वा कर्मचारी, बीमा मध्यस्थकर्ता वा परामर्शदाताको रूपमा कार्यरत रहेको,

(घ) विगत तीन बर्षको अवधिमा सोही बीमकको लेखापरीक्षक भई कार्य गरेको,

(ङ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्ने वा धितोपत्र बजारको सदस्य रहेको,

(च) बीमकसँग वित्तीय स्वार्थ भएको,

(छ) अध्यक्ष वा सञ्चालक समितिको अध्यक्ष भईसकेको,

तर नेपाल सरकारले बीमकको अध्यक्ष वा सञ्चालकमा नियुक्त गर्न यो व्यवस्थाले बाधा पुर्‍याउने छैन ।

(ज) प्रचलित कानून बमोजिम कैद सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले तीन वर्ष पूरा नभएको,

(झ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

तर, विदेशी बीमक तथा संयुक्त लगानीमा स्थापित बीमकको कार्यकारी प्रमुखको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ञ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव वेचविखन, बैंकिंग कसुर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ट) सार्वजनिक पदमा बहाल रहेको ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमकको बहुमत शेयर भएको बीमक वा विदेशी बीमा कम्पनीले आफ्नो कर्मचारीलाई यस दफाको अधीनमा रही कार्यकारी प्रमुखको रूपमा नियुक्त गर्न सक्नेछ ।

(८) नेपाल स्थित विदेशी बीमकको शाखा कार्यालयले यस दफा बमोजिमको योग्यता र अनुभवको आधारमा कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

(९) कार्यकारी प्रमुखको पारिश्रमिक सेवाका अन्य शर्त तथा सुविधाहरू सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ र निजलाई नियुक्ति गर्दाका बखत नै निजको सेवाको शर्त तथा सुविधा निर्धारण गर्नु पर्नेछ ।

५९. **<u>कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः</u>** (१) सञ्चालक समितिबाट स्वीकृत नीति, प्राधिकरणबाट दिइएको निर्देशन र प्रचलित कानून बमोजिम बीमकको दैनिक, व्यावसायिक एवं प्रशासकीय कार्य गर्नु कार्यकारी प्रमुखको कर्तव्य हुनेछ ।

(२) बीमकको कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार सञ्चालक समितिबाट प्रत्यायोजित अधिकारको अधीनमा रही देहाय बमोजिम हुनेछः-

(क) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बीमकको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) बीमकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ग) बीमकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) साधारण सभा तथा सञ्चालक समितिबाट गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ङ) यो ऐन वा प्राधिकरणको निर्देशन अनुरूप संस्था सञ्चालन गर्ने र संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(च) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, निर्देशन वा आदेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बीमकले प्राधिकरण

वा अन्य निकायमा पेश गर्नु पर्ने प्रतिवेदन, विवरण, कागजात, निर्णय यथासमयमा पेश गर्ने ।

(३) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समितिप्रति उत्तरदायी हुनेछ ।

६०. **व्यवस्थापन वा प्राविधिक सेवा सम्झौताः** (१) बीमकले प्राधिकरणको पूर्व स्वीकृति लिई कुनै स्वदेशी व्यक्ति वा विदेशी सङ्गठित संस्थासँग व्यवस्थापन वा प्राविधिक सेवा सम्झौता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने सम्झौता गर्नु पूर्व त्यस्तो सम्झौताको मस्यौदा स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(३) व्यवस्थापन वा प्राविधिक सेवा सम्झौता वा विशेषज्ञ सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१. **खबरदारी नीति (ह्विसल ब्लोइङ पोलिसी) बनाउन सक्नेः** (१) बीमकले यो ऐन वा यस ऐन अन्तरगत बनेका नियम, विनियम तथा जारी भएका निर्देशनहरू पालना गर्ने सम्बन्धमा बीमकको व्यवस्थापन वा पदाधिकारी वा कर्मचारीबाट अनियमित तवरले भए गरेका वा हुन सक्ने काम कारबाहीको गोप्य रूपमा जानकारी दिन खबरदारी नीति (ह्विसल ब्लोइङ पोलिसी) बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको नीति बमोजिम बीमकको अनियमित काम कारबाहीको जानकारी दिने व्यक्तिको पेशागत सुरक्षाको संरक्षण गर्ने कर्तब्य बीमकको सञ्चालक समितिको हुनेछ।

(३) खबरदारी नीति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## **बीमा व्यवसाय सञ्चालन**

६२. **बीमा व्यवसायको किसिमः** (१) बीमा व्यवसायको किसिम देहाय बमोजिम हुनेछः-

(क) जीवन बीमा व्यवसाय,

(ख) निर्जीवन बीमा व्यवसाय, र

(ग) पुनर्बीमा व्यवसाय ।

(२) जीवन बीमा व्यवसाय गर्ने बीमकले इजाजतपत्रको अधीनमा रही तोकिए बमोजिमको जीवन बीमा व्यवसाय गर्न सक्नेछ।

(३) निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले इजाजतपत्रको अधीनमा रही तोकिए बमोजिमको निर्जीवन बीमा व्यवसाय गर्न सक्नेछ।

(४) पुनर्वीमा व्यवसाय गर्ने बीमकले गर्ने व्यवसायको प्रकार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

६३. **बीमा करारः** (१) बीमा करार लिखित हुनु पर्नेछ ।

(२) बीमितले बीमाको लागि गर्ने प्रस्ताव, बीमालेख, सोको अनुसूची तथा सो सम्बन्धमा जारी भएका सम्पुष्टीहरू बीमा करारको अभिन्न अंग मानिनेछ ।

(३) बीमा करार गर्दा बीमक तथा बीमितले प्रस्तावित जोखिम तथा बीमा सुरक्षण सम्बन्धी तथ्यपरक जानकारी सद् विश्वास आधारमा एक अर्कालाई स्पष्ट रूपमा जानकारी गराउनु पर्नेछ ।

(४) बीमा गरिने विषयवस्तुमा बीमा प्रस्तावकको बीमायोग्य हित कायम भएको हुनु पर्नेछ ।

(५) बीमा करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. **बीमालेखः** (१) बीमकले प्राधिकरणबाट स्वीकृत भए बमोजिमको बीमालेख जारी गर्नु पर्नेछ ।

(२) बीमालेख जारी भएपछि बीमक र बीमित बीच बीमालेखमा उल्लिखित विषयमा बीमा करार भएको मानिने छ र त्यस्तो करारको शर्त दुबै पक्षका लागि बन्धनकारी हुनेछ ।

(३) बीमितले बीमा प्रस्ताव गर्दा कुनै कुरा नखुलाएको विषयमा बीमालेख जारी भएको मितिले एक वर्ष पछि बीमकले सो सम्बन्धमा कुनै प्रश्न उठाउन पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमालेख जारी भएपछि कुनै बीमितले बदनियतपूर्वक जोखिम सम्बन्धी सारभूत तथ्य लुकाएको वा झुट्टा विवरण दिएको पुष्टि भएमा बीमकले त्यस्तो विवरण सच्याउन बीमितलाई जहिलेसुकै निर्देशन दिन वा बीमितले प्राप्त गर्ने कुनै सुविधा रोक्न सक्नेछ।

(५) बीमितले जीवन बीमाको बीमालेख तोकिए बमोजिम अन्य व्यक्तिलाई हक हस्तान्तरण गरी दिन सक्नेछ ।

(६) बीमालेख सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

६५. **बीमाशुल्कः** (१) बीमकले प्राधिकरणले निर्धारण गरे बमोजिमको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नु पर्नेछ ।

(२) बीमकले पूरा बीमाशुल्क नलिई बीमालेख जारी गर्न हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले एकमुष्ठ रकम भुक्तानी भई नसकेको अवस्थामा भुक्तानी हुने अवधि किटान गरी कुनै बैंक वा नेपाल सरकारको जमानतमा बीमालेख जारी भएकोमा बीमा शुल्क प्राप्त गरेको मानिनेछ ।

तर तीस दिनभन्दा लामो अवधिको बैंक जमानतमा बीमालेख जारी गर्न पाइने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जीवन बीमाको हकमा किस्ताबन्दीमा तथा तोकिएको कुनै खास

निर्जीवन बीमामा आंशिक रकम भुक्तानी प्राप्त गरी बीमालेख जारी गर्न बाधा पुग्ने छैन ।

(५) बीमाशुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्ने जिम्मा लिएको व्यक्ति वा संस्थाबाट बीमकलाई समयमा बीमाशुल्क प्राप्त हुन नआएमा बीमकले सो सम्बन्धी तोकिए बमोजिमको जानकारी बीमितलाई दिनु पर्नेछ ।

(६) बीमाशुल्क तथा बीमादर सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले तोके बमोजिम हुनेछ।

६६. **बीमा पुल** (१) बीमा व्यवसाय अन्तरगत कुनै विशेष जोखिम समूहको दायित्व व्यहोर्नका लागि प्राधिकरणले बीमकलाई बीमा पुल स्थापना गर्न वा गराउन सक्नेछ ।

(२) बीमा पुल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. **बीमा गर्न नहुने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कुनै व्यक्ति वा संस्थाको कुनै पनि सम्पत्ति वा दायित्वको बीमा गर्न हुँदैनः-

(क) बीमक आफैले व्यहोर्ने दायित्वको,

(ख) बीमकको आफ्नो संस्थापक, सञ्चालक, परामर्शदाता, लेखापरीक्षक, कर्मचारी वा निजको एकाघरको परिवारको सदस्यको,

(ग) आधारभूत शेयरधनी वा निजको एकाघरको परिवारको सदस्यको,

(घ) आफ्नो सञ्चालक मनोनीत वा नियुक्त गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थाको,

(ङ) बीमकको सञ्चालकको वित्तीय स्वार्थ भएको वा आफ्नो सञ्चालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा सञ्चालक भएको कुनै फर्म, कम्पनी वा संस्था, आधारभूत शेयरधनी वा निजको एकाघरको परिवारको सदस्यको ।

तर प्राधिकरणले निर्धारण गरेको बीमाङ्कको शर्त तथा सीमाभित्र रही जीवन बीमा व्यवसाय गर्ने बीमकले यस उपदफामा उल्लिखित व्यक्तिहरूको बीमा गर्न बाधा पुग्ने छैन ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) मा उल्लिखित व्यवस्था नेपाल सरकारको स्वामित्वमा रहेको सम्पत्ति वा दायित्वको बीमा गर्ने सम्बन्धमा लागू हुने छैन ।

६८. **साझेदारीमा व्यवसाय गर्न वा सम्पत्ति जोड्न नहुनेः** (१) बीमकले आफ्नो सञ्चालक, सञ्चालकको एकाघरको परिवार, आधारभूत शेयरधनी, वित्तीय स्वार्थ भएको व्यक्ति, बीमक वा त्यसको सञ्चालक मेनेजिङ एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि फर्म, कम्पनी वा संस्था वा कार्यकारी प्रमुखसँग साझेदारीमा कुनै व्यवसाय गर्न वा सम्पत्ति जोड्न हुँदैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि बीमकले आफ्नो सञ्चालक, सञ्चालकको एकाघरको परिवार, आधारभूत शेयरधनी, वित्तीय स्वार्थ भएको व्यक्ति, बीमक वा त्यसको सञ्चालक मेनेजिङ एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि फर्म, कम्पनी वा संस्था वा कार्यकारी प्रमुखसँग साझेदारीमा कुनै व्यवसाय गरेको वा कुनै सम्पत्ति जोडेको रहेछ भने यो ऐन प्रारम्भ भएको छ महिनाभित्र त्यस्तो व्यवसाय वा सम्पत्तिबाट आफ्नो व्यवसाय वा सम्पत्ति अलग गर्नु पर्नेछ ।

६९. **सम्पत्तिको भोगचलन गर्न नहुनेः** (१) प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, शेयरधनी, कर्मचारी वा बीमा मध्यस्थकर्ताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक बीमकको सम्पत्ति बीमकको सञ्चालक, सञ्चालकको एकाघरको परिवार, आधारभूत शेयरधनी, वित्तीय स्वार्थ भएको व्यक्ति, बीमक वा त्यसको सञ्चालक मेनेजिङ एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि फर्म, कम्पनी वा संस्था वा कार्यकारी प्रमुखले कुनै किसिमले भोगचलन गर्न हुँदैन।

(२) बीमकले आफ्नो सञ्चालक, सञ्चालकको एकाघरको परिवार, आधारभूत शेयरधनी, बीमक वा त्यसको सञ्चालक मेनेजिङ

एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि फर्म, कम्पनी वा संस्था वा कार्यकारी प्रमुखको सम्पत्ति भाडामा लिई वा अन्य कुनै तरिकाले उपयोग गर्न सक्ने छैन ।

७०. **बीमकले गर्न नहुने कामः** (१) बीमकले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः-

(क) प्राधिकरणले निर्धारण गरेको सीमाभन्दा बढी रकमको चल अचल सम्पत्ति खरिद वा बिक्री गर्न,

(ख) बीमकले आफ्नो सञ्चालक वा सञ्चालकको एकाघरको परिवार वा बीमक, आधारभूत शेयरधनी, मेनेजिङ्ग एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि फर्म, कम्पनी वा संस्थालाई ऋण दिन वा कुनै किसिमको जमानत वा सुरक्षण दिन,

(ग) जीवन बीमालेखको सुरक्षण बमोजिम बीमितलाई कर्जा दिन बाहेक कुनै किसिमको कर्जा दिन,

तर कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा व्यवस्था भए बमोजिम बीमकले आफ्नो कर्मचारीलाई र जीवन बीमा व्यवसाय गर्ने बीमकले बीमा अभिकर्तालाई तोकिए बमोजिम सापटी वा ऋण दिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) प्राधिकरणले स्वीकृत गरेको ढाँचामा बाहेक अन्य कुनै ढाँचामा बीमालेख जारी गर्न,

(ङ) स्वीकृत प्राप्त बीमालेख बाहेक अन्य कुनै पनि प्रकारको बीमालेख जारी गर्न,

(च) प्राधिकरणले निर्धारण गरेको बीमादरको प्रतिकूल हुनेगरी बीमाशुल्क गणना गर्न,

(छ) एकै प्रकारको बीमा व्यवसाय गर्ने बीमक वा बीमा दलालको शेयर वा धितोपत्रमा लगानी गर्न,

तर प्राधिकरणको पूर्व स्वीकृति लिई एक किसिमको बीमा व्यवसाय गर्ने बीमकले अर्को किसिमको बीमा व्यवसाय गर्ने बीमकको धितोपत्र खरिद गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(ज) आफ्नो सञ्चालक समितिको कुनै सदस्य सञ्चालक भएको वा त्यस्तो सदस्यको निजी, वित्तीय वा व्यावसायिक स्वार्थ रहेको कुनै पनि कम्पनी, फर्म वा सङ्गठित संस्थामा कुनै पनि किसिमको लगानी गर्न,

(झ) बीमा व्यवसायमा कुनै किसिमको एकाधिकार कायम गर्न वा अन्य कुनै किसिमले बीमा व्यवसायको नियन्त्रित गर्ने प्रकृतिको काम कारबाही गर्न,

(ञ) बीमा क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कुनै प्रकारको अवरोध पुर्याउन वा नियन्त्रित अभ्यास खडा हुने कुनै कार्य गर्न वा गराउन,

(ट) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, जारी भएको निर्देशन वा आदेशको विपरीत हुनेगरी कुनै कार्य गर्न वा गराउन ।

(२) बीमकले गैरकानूनी रुपबाट रकम आर्जन गरी वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गरी बीमा गर्ने कुनै पनि व्यक्तिको बारेमा थाहा हुन आएमा वा शंका लागेमा सो कुरा लुकाउन वा त्यस्तो व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउनका लागि त्यस्तो बीमा लुकाउन, परिवर्तन गर्न, भुक्तानी गर्न वा सोको उत्पत्ति वा स्रोत सम्बन्धी जानकारी लुकाउने वा ढाँट्ने वा सोको लागि कुनै किसिमको सहयोग गर्नु हुँदैन।

(३) उपदफा (२) बमोजिमको कार्य कुनै व्यक्तिले गरेको वा गर्न सहयोग गरेको थाहा हुन वा जानकारी प्राप्त हुन आएमा वा त्यस्तो

कार्य भए गरेको शंका लागेमा वा शंका गर्नुपर्ने मनासिब कारण भएमा बीमकले सोको जानकारी तुरुन्त प्राधिकरण तथा नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ।

७१. **<u>परिपालन अधिकृत नियुक्त गर्नु पर्नेः</u>** (१) बीमकले इजाजतपत्र प्राप्त गरेको एक वर्षभित्र बीमा, व्यवस्थापन, वाणिज्यशास्त्र वा कानून विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरेका व्यवस्थापक तहका अधिकृत कर्मचारी मध्येबाट परिपालन (कम्प्लाइन्स) अधिकृत नियुक्त गरी वा तोकी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत इजाजतपत्र प्राप्त गरिसकेका बीमकले यो ऐन प्रारम्भ भएको छ महिनाभित्र यस दफा बमोजिम परिपालन अधिकृत नियुक्त गरी वा तोकी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको परिपालन अधिकृतले देहायका विषयहरू बीमकबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्नेछः—

(क) यो ऐन वा यस ऐन बमोजिम जारी भएको नियम, विनियम, निर्देशन, आदेश, परिपत्र,

(ख) प्राधिकरणले इजाजतपत्र जारी गर्दाका बखत तोकेका शर्तहरू,

(ग) प्राधिकरणले बीमकको नियमन, निरीक्षण वा अनुगमन गर्दा सम्बन्धित बीमकलाई प्राधिकरणबाट दिइएको निर्देशन,

(घ) बीमा दाबीको भुक्तानी सम्बन्धी बिषय,

(ङ) प्राधिकरणले तोकेको अन्य बिषय।

(४) परिपालन अधिकृतले उपदफा (३) मा उल्लिखित विषय बीमकबाट पालना भए वा नभएको बारे विवरण तयार गरी प्राधिकरण समक्ष त्रैमासिक रूपमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) मा उल्लिखित विषय सम्बन्धित बीमकबाट पालना भए

वा नभएको सम्बन्धमा प्राधिकरणले जुनसुकै बखत परिपालन अधिकृतसँग अद्यावधिक विवरण माग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम विवरण माग भएमा परिपालन अधिकृतले प्राधिकरणले तोकेको अवधिभित्र त्यस्तो विवरण प्राधिकरणसमक्ष पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम पेश भएको विवरणको सत्यता तथा प्रमाणिकताका लागि सम्बन्धित परिपालन अधिकृत जिम्मेवार हुनेछ।

(८) यस दफामा लेखिएको कुनै पनि कुराले उपदफा (३) मा उल्लिखित बिषयहरू अद्यावधिक रूपमा पालना गर्नु पर्ने कुराबाट बीमक, बीमकको सञ्चालक समिति वा कार्यकारी प्रमुखले छुट पाएको मानिने छैन ।

७२. **<u>बीमाङ्कीय मूल्याङ्कन गराउनु पर्ने:</u>** (१) बीमा व्यवसाय गर्ने बीमकले प्राधिकरणको स्वीकृति लिई नियुक्त गरेको बीमाङ्कीद्वारा आफ्नो आर्थिक स्थिति, सम्पत्ति, दायित्व तथा वित्तीय स्थितिको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बीमाङ्कीले दिएको मूल्याङ्कन प्रतिवेदनको एक प्रति सम्बन्धित बीमकले प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(३) बीमकले बीमाङ्कीय मूल्याङ्कन गराउँदा लगातार तीन वर्षभन्दा बढी एउटै बीमाङ्कीबाट मूल्याङ्कन गराउनु हुँदैन ।

(४) बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७३. **<u>बचतको बाँडफाँट गर्नु पर्ने:</u>** (१) मुनाफामा सरीक हुने गरी बीमालेख जारी गरिएको जीवन बीमा व्यवसायमा बीमाङ्कीको मूल्याङ्कन प्रतिवेदनको आधारमा बीमकले जीवन बीमा व्यवसायबाट भएको बचतको बाँडफाँट तथा व्यवस्था (प्रोभिजन) गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बचत बाँडफाँट तथा व्यवस्था गर्न बीमकले प्राधिकरणको स्वीकृति लिई बचतको कम्तीमा नब्बे प्रतिशत रकम जीवन बीमा कोषमा सार्नु पर्नेछ।

(३) जीवन बीमा व्यवसायबाट भएको बचत बाँडफाँट तथा व्यवस्था (प्रोभिजन) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७४. **खुद सम्पत्तिको आधारमा जोखिम स्वीकार गर्नु पर्नेः** (१) बीमकले जोखिम स्वीकार गर्दा आफ्नो खुद सम्पत्तिको आधारमा स्वीकार गर्नु पर्नेछ।

(२) बीमकले स्वीकार गर्ने जोखिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७५. **सहायक कम्पनीमा लगानीः** (१) बीमकले प्राधिकरणबाट स्वीकृति लिई आफ्नो सहायक कम्पनी स्थापना गर्न वा त्यस्तो कम्पनीमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायक कम्पनी स्थापना गर्न वा लगानी गर्न स्वीकृति प्रदान गर्दा प्राधिकरणले आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित बीमकको कर्तब्य हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमक आफैंले सञ्चालन गर्दै आएको किसिमको बीमा व्यवसाय गर्ने सहायक कम्पनी स्थापना गर्न वा त्यस्तो कम्पनीमा लगानी गर्न सक्ने छैन ।

(४) बीमकले गर्ने लगानी सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

७६. **सम्पत्ति बेचबिखन गर्दा स्वीकृति लिनु पर्नेः** (१) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमा कम्पनीको नेपालमा खोलिएको शाखा कार्यालयले बीमा व्यवसाय सञ्चालन वा आफ्नो कारोबारको सिलसिलामा त्यस्तो कार्यालयको नेपालमा रहेको अचल सम्पत्ति वा तोकिए बमोजिमको रकमभन्दा बढी मूल्य भएको चल सम्पत्ति बेचबिखन वा धितो बन्धक गरी दिंदा वा आफ्नो

मुलुकमा रकम फिर्ता लैजाँदा प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको अतिरिक्त प्राधिकरणको समेत स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिंदा प्राधिकरणले आवश्यक शर्त वा मापदण्ड तोक्न सक्नेछ।

## परिच्छेद-८

## लघुबीमा व्यवसाय

७७. **लघुबीमा गर्नु पर्नेः** (१) प्रत्येक बीमकले न्यून आय भएका वर्ग तथा पिछडिएको क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्नु पर्नेछ ।

(२) लघुबीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. **लघुबीमा मात्र गर्ने प्रयोजनको लागि बीमा कम्पनी खोल्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लघु जीवन बीमा वा लघु निर्जीवन बीमा व्यवसाय मात्र गर्ने उद्देश्यले बीमा कम्पनी संस्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको प्रयोजनको लागि संस्थापना हुने बीमकको पूँजी तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने बीमकको संस्थापना र इजाजपत्र तथा नवीकरण सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेछ।

७९. **करार गर्नु पर्नेः** (१) बीमकले लघुबीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्ता नियुक्ति गर्नु अघि त्यस्तो बीमा अभिकर्तासँग लिखित सम्झौता गर्नु पर्नेछ ।

(२) बीमकले लघुबीमा सम्बन्धी काम गर्ने अभिकर्तासँग सम्झौता गर्दा उक्त अभिकर्ता प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्था रहेछ भने तोकिए बमोजिमको अधिकार त्यस्तो अभिकर्तालाई सुम्पिन सक्नेछ।

८०. **लघुबीमा दाबीः** (१) लघुबीमा व्यवसाय गर्ने बीमकले बीमालेखमा उल्लेख भए बमोजिम बीमा गरिएको जीवन वा सम्पत्ति वा दायित्व

सम्बन्धी दाबी सम्बन्धित व्यक्तिबाट पेश हुन आएमा त्यस्तो दाबीको दाबीयोग्य रकम तोकिएको अवधि भित्र भुक्तानी गर्नु पर्नेछ।

(२) लघुबीमा दाबी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८१. **लघुबीमा नियमन शुल्कः** लघुबीमाको नियमनकारी सेवा प्राप्त गर्ने प्रत्येक बीमकले आफूले बार्षिक रूपमा आर्जन गरेको कुल बीमाशुल्कको शुन्य दशमलव पाँच प्रतिशतका दरले हुन आउने रकम नियमन शुल्क बापत प्राधिकरणमा बुझाउनु पर्नेछ ।

परिच्छेद-९

**पुनर्बीमा व्यवसाय**

८२. **पुनर्बीमा गराउनु पर्नेः** (१) बीमकले आफूले धारण गर्ने दायित्वको जोखिम धारण गरी बाँकी रहेको दायित्वको जोखिमको रक्षावरण हुनेगरी पुनर्बीमा गराउनु पर्नेछ ।

(२) पुनर्बीमा गरी दायित्वको जोखिम रक्षावरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८३. **पुनर्बीमा व्यवसायः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्बीमा व्यवसाय गर्ने बीमकको सम्बन्धमा देहायका कुरामा देहाय बमोजिम हुनेछः-

(क) पुनर्बीमा व्यवसाय गर्ने बीमकले जीवन वा निर्जीवन दुवै बीमा व्यवसायको पुनर्बीमा स्वीकार गर्न सक्नेछ ।

(ख) पुनर्बीमा व्यवसाय गर्ने बीमकले विदेशी बीमा कम्पनी वा पुनर्बीमा कम्पनीबाट पुनर्बीमा स्वीकार गर्न वा त्यस्तो बीमा कम्पनीलाई पुनर्बीमा दिन सक्नेछ।

(ग) स्वदेशमा कार्यरत बीमकले देशभित्र स्थापित पुनर्बीमकसँग प्राधिकरणले तोकेको प्रतिशतभन्दा कम नहुने गरी अनिवार्यरुपमा पुनर्बीमा गराउनु पर्नेछ।

(२) पुनर्बीमा व्यवसाय गर्ने बीमकले त्यस्तो व्यवसाय गर्दा आफैं वा बीमा दलाल मार्फत गर्न सक्नेछ।

(३) पुर्नबीमा गर्ने बीमकले धारण गर्ने दायित्वको जोखिम, दाबी बापतको दायित्व भुक्तानी तथा पुनर्बीमा व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८४. <u>**पुनर्बीमा करार सम्बन्धी व्यवस्थाः**</u> (१) बीमकले पुनर्बीमा व्यवसाय सञ्चालन गर्दा पुनर्बीमा करारको ढाँचा प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) बीमक र पुनर्बीमक बीच सम्पन्न भएको पुनर्बीमा करारले बीमितको हकहित संरक्षण नगरेको वा त्यस्तो करारबाट दायित्वको जोखिम पर्याप्त रक्षावरण हुन सक्ने नदेखिएमा जुनसुकै बखत प्राधिकरणले पुनर्बीमा करारका शर्तहरू जुनसुकै बखत वा नवीकरण गर्दा पुनरावलोकन गर्न सम्बन्धित बीमकलाई निर्देशन दिन सक्नेछ।

(३) पुनर्बीमा करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## <u>बीमकको लेखा तथा लेखापरीक्षण</u>

८५. <u>**हिसाब किताब दुरुस्त राख्नु पर्नेः**</u> (१) बीमकले आफ्नो हिसाब किताब, बही खाता, श्रेस्ता र लेखाको अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखाको अभिलेख राख्दा बीमकले दोहोरो लेखा प्रणालीमा आधारित लेखाको मान्य सिद्धान्त अनुरुप आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी आफ्नो सम्पत्ति, दायित्व, आम्दानी र खर्चको प्रचलित कानून बमोजिम अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राखिने लेखा तथा अन्य विवरण प्राधिकरणले अन्यथा स्वीकृति दिएकोमा बाहेक बीमकले आफ्नो प्रधान कार्यालयमा राख्नु पर्नेछ ।

(४) बीमकको लेखा तथा हिसाब किताब सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

८६. **वित्तीय विवरण तयार गर्नु पर्नेः** (१) बीमकले आफ्नो वित्तीय विवरण,आय व्यय हिसाब,आफ्नो खुद सम्पत्ति र त्यसमा भएको परिवर्तन, बीमा, पुनर्बीमा, दाबी, लगानी तथा प्राधिकरणले तोके बमोजिमको अन्य विवरण सहितको वार्षिक तथा त्रैमासिक वित्तीय विवरण तोकिएको ढाँचा र तरिका बमोजिम तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरेको वित्तीय विवरण प्रमाणित गरी बीमकले प्रत्येक वार्षिक तथा त्रैमासिक अवधि समाप्त भएको मितिले तीस दिनभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(३) बीमकले आफ्नो वित्तीय विवरण तोकिए बमोजिम प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ।

(४) बीमकले आफ्नो वित्तीय अवस्था तथा जोखिमको स्थितिको सम्बन्धमा प्रत्येक तीन महिनामा तोकिए बमोजिमको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(५) बीमकको वित्तीय विवरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८७. **बीमकको लेखापरीक्षण समितिः** (१) बीमकले एक जना सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय एक लेखापरीक्षण समिति गठन गरी यो ऐन प्रारम्भ भएको तीस दिनभित्र सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ ।

(२) बीमकको अध्यक्ष, कार्यकारी प्रमुख, लेखा प्रमुख वा निजको नजिकको नातेदार उपदफा (१) बमोजिमको समितिमा सदस्य हुन सक्ने छैन ।

(३) लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीमकको वित्तीय विवरणको समिक्षा गरी त्यस्ता विवरणमा उल्लिखित सूचनाको आधार, सत्यता र यथार्थतामा यकिन गर्ने,

(ख) बीमकको लेखा, बजेट, आन्तरिक नियन्त्रण प्रणाली उपयुक्त भए वा नभएको, अनुगमन गरी यकिन गर्ने,

(ग) बीमकको खरिद प्रणाली उपयुक्त र मितव्ययी भए वा नभएको सम्बन्धमा निरीक्षण र अनुगमन गर्ने,

(घ) बीमकको बहीखाता, आन्तरिक लेखापरीक्षण प्रणालीको अभिलेखका कागजात वा विद्युतीय अभिलेख उपयुक्त ढंगबाट राखिएको छ, छैन यकिन गर्ने,

(ङ) बीमा जोखिमाङ्कन, बीमा दाबी, लगानी, पुनर्बीमा सम्बन्धी कार्य ठिक ढंगले भए वा नभएको र सो सम्बन्धी अभिलेख उपयुक्त ढंगमा राखिएको वा नराखिएको यकिन गर्ने,

(च) बीमकको लेखा, लेखापरीक्षण, वासलात वा वित्तीय विवरण यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम प्राधिकरणबाट जारी भएको निर्देशन वा बीमकको नियमावली वमोजिम भए वा नभएको यकिन गर्ने,

(छ) बीमकको लेखापरीक्षक नियुक्तिका लागि तीनजना लेखापरीक्षकको नाम सिफारिस गर्ने,

(ज) बीमकको सञ्चालक समितिले माग गरेको बिषयमा राय तथा परामर्श दिने,

(झ) बीमकले प्राधिकरणले दिएको निर्देशन पालना गरे वा नगरेको यकिन गर्ने ।

(४) लेखापरीक्षण समितिले आफ्नो काम कारबाहीको प्रतिवेदन बीमकको सञ्चालक समितिमा पेश गर्नेछ ।

(५) लेखापरीक्षण समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८८. **बीमकको लेखापरीक्षकको नियुक्तिः** (१) बीमकले प्रचलित कानून बमोजिम लेखापरीक्षकको नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई बीमकले लेखापरीक्षक नियुक्त गर्न सक्ने छैनः-

(क) बीमकको संस्थापक, सञ्चालक वा सञ्चालकको नजिकको नातेदार,

(ख) बीमकको कार्यकारी प्रमुख वा निजको नजिकको नातेदार,

(ग) बीमकको मध्यस्थकर्ता, कर्मचारी वा निजको एकाघरको परिवारको सदस्य,

(घ) बीमकको सेवाबाट अलग भइसकेको कर्मचारी भए त्यसरी अलग भएको तीन बर्ष पूरा नभएको व्यक्ति,

(ङ) बीमकको सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीको साझेदार भएको व्यक्ति,

(च) बीमकसँग वित्तीय स्वार्थ भएको व्यक्ति वा निजको एकाघरको परिवारको सदस्य,

(छ) बीमकको बहालवाला बीमा मध्यस्थकर्ता,

(ज) सम्बन्धित बीमकबाट तोकिएको सीमाभन्दा बढी रकमको बीमा गराएको बीमित,

(झ) लगातार तीन आर्थिक वर्षसम्म सोही बीमकको लेखापरीक्षकमा नियुक्त भएको व्यक्ति,

(ञ) समितिका सदस्य, प्राधिकरणका बहालवाला कर्मचारी वा निजको एकाघरको परिवारको सदस्य वा साझेदार,

(ट) प्रचलित कानून बमोजिम लेखापरीक्षकको रूपमा नियुक्त हुन वा लेखापरीक्षकको रूपमा बहाल रहन अयोग्य हुने व्यक्ति ।

(३) उपदफा (१) बमोजिम बीमकले लेखापरीक्षक नियुक्त नगरेमा वा गर्न नसकेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले बीमकको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणबाट कुनै बीमकको लेखापरीक्षक नियुक्त भएकोमा त्यस्तो लेखापरीक्षकको पारिश्रमिक तथा अन्य खर्च सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ ।

८९. **<u>बीमकको लेखापरीक्षणः</u>** (१) बीमकले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसक्ने बीमकले मनासिब कारण खुलाई लेखापरीक्षण गराउने अवधि थपको लागि अनुरोध गरेमा प्राधिकरणले दुई महिनासम्मको अवधि थप गरिदिन सक्नेछ।

(३) लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षण गर्दा कुनै कैफियत तथा अनियमितता देखिए सो कुरा र सो सम्बन्धमा बीमकको व्यवस्थापनबाट कुनै जवाफ प्राप्त भएमा वा नभएमा सो व्यहोरा समेत उल्लेख भएको हुनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले बीमकको लेखापरीक्षण प्रतिवेदन तयार गर्नको लागि छुट्टै विस्तृत लेखापरीक्षण प्रतिवेदन (लङ्ग फर्म अडिट रिर्पोट) को ढाँचा तोक्न सक्नेछ र त्यस्तो ढाँचा तोकेकोमा लेखापरीक्षकले त्यस्तो ढाँचा बमोजिमको लेखापरीक्षण प्रतिवेदन तयार गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(५) बीमकले आफ्नो लेखापरीक्षण सम्पन्न भएको एक महिनाभित्र आफ्नो वित्तीय विवरण प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(६) बीमकको वित्तीय विवरणको सम्बन्धमा आवश्यक छलफल गर्न प्राधिकरणले बीमकका सञ्चालक, कार्यकारी प्रमुख, कर्मचारी, लेखापरीक्षक वा अन्य सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई

बोलाउन सक्नेछ र त्यसरी बोलाएको वखत प्राधिकरण समक्ष उपस्थित हुनु निजको कर्तव्य हुनेछ।

(७) उपदफा (५) बमोजिम प्राधिकरणमा प्रतिवेदन पेश नगरी बीमकले प्रचलित कानून बमोजिम पेश गर्नु पर्ने सरकारी निकाय बाहेक अन्य निकायमा पेश गर्न, प्रकाशित गर्न वा बीमकको साधारण सभा आह्वान गर्नु हुँदैन ।

(८) बीमकले प्रत्येक वर्ष लेखापरीक्षण भएको वित्तीय विवरण कम्तीमा दुई वटा राष्ट्रियस्तरको कुनै दैनिक पत्रिका तथा आफ्नो वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(९) लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने कुरा तथा बीमकको लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९०. <u>लेखापरीक्षण सम्बन्धमा आदेश दिन सक्ने:</u> (१) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षकको प्रतिवेदन प्राप्त गरेपछि प्राधिकरणले आवश्यक ठानेमा बीमकको लेखापरीक्षकलाई देहायका थप कार्य गर्न आदेश दिन सक्नेछः-

(क) लेखापरीक्षण सम्वन्धमा प्राधिकरणले आवश्यक ठानेको अतिरिक्त जानकारी पेश गर्न,

(ख) कुनै खास विषयमा प्राधिकरणले तोके बमोजिम वा बीमकलाई सिफारिस गरे बमोजिम अन्य जाँच गर्न ।

(२) उपदफा (१) बमोजिम पुनः लेखापरीक्षण गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ।

९१. **<u>कारबाहीको सिफारिस गर्ने:</u>** (१) यस ऐन बमोजिमको कर्तव्य पालना नगर्ने लेखापरीक्षकलाई प्राधिकरणले कुनै पनि बीमकको एक बर्षदेखि तीन बर्षसम्म लेखापरीक्षण गर्न नपाउने गरी लेखापरीक्षकको सूचीबाट हटाउन सम्बन्धित नियमनकारी निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा सम्बन्धित नियमनकारी निकायले प्रचलित कानून बमोजिम त्यस्तो लेखापरीक्षकलाई कारबाही गर्नु पर्नेछ ।

परिच्छेद-११

**बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक सम्बन्धी व्यवस्था**

९२. **इजाजतपत्र नलिई काम गर्न नहुने:** यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको रुपमा काम गर्न वा गराउन हुँदैन ।

९३. **बीमा मध्यस्थकर्ताको इजाजत:** (१) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको रुपमा काम गर्न चाहने व्यक्ति वा संस्थाले इजाजतपत्रको लागि तोकिए बमोजिमको कागजात तथा दस्तूर सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा इजाजतपत्र दिन उपयुक्त देखिएमा प्राधिकरणले निवेदकलाई तोकिए बमोजिम बीमा मध्यस्थकर्ताको रुपमा काम गर्न तोकिएको ढाँचामा इजाजतपत्र दिनेछ ।

(३) बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकको इजाजतपत्रको अवधि एक वर्षको हुनेछ।

(४) बीमा सर्भेयरको इजाजतपत्र दिँदा निर्जीवन बीमा अन्तरगत एउटा प्रकारको बीमाको मात्र सर्भे गर्न पाउने गरी इजाजतपत्र दिइनेछ।

(५) बीमा अभिकर्ताको इजाजत पत्र दिँदा समान किसिमको एउटा मात्र बीमकको बीमा अभिकर्ताको इजाजतपत्र दिइनेछ ।

(६) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको इजाजतपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९४. **बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको योग्यता:** (१) दफा ९३ बमोजिम निवेदन दिने बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) बीमा मध्यस्थकर्ताले इजाजत प्राप्त गर्नु अघि तोकिए बमोजिमको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(३) प्रचलित कानून बमोजिम दर्ता भएको देहायको योग्यता भएको सङ्गठित संस्थालाई मात्र बीमा दलाल तथा तेस्रो पक्ष सहजकर्ताको रूपमा कार्य गर्न इजाजजत पत्र दिइनेछः-

(क) प्राधिकरणले तोकिदिए बमोजिम अधिकृत पूँजी भएको,

(ख) सङ्गठित संस्थाको मुख्य व्यवस्थापक भई कार्य गर्ने व्यक्ति बीमा सम्बन्धी काममा दश वर्षको अनुभव प्राप्त गरेको,

(ग) प्राधिकरणले तोकिदिएको अन्य शर्तहरू पूरा गरेको ।

(४) बीमा मध्यस्थकर्ता वा अन्य बीमा प्रदायक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९५. **इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्र नवीकरण गराउन चाहेमा इजाजतपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको दस्तुर तथा अन्य विवरण संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) कुनै बीमा मध्यस्थकर्ताले उपदफा (१) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरणका लागि निवेदन दिन नसकेको कारण खुलाई म्याद थपको लागि निवेदन दिएमा प्राधिकरणले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा बढीमा तीन महिनासम्मका लागि म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र नवीकरणको लागि निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गर्दा नवीकरण गर्न उपयुक्त देखिएमा एक वर्षको लागि इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) कुनै कारणले इजाजतपत्र नवीकरण गर्न नसकिने भएमा सम्बन्धित बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई सोको कारण खुलाई प्राधिकरणले लिखित जानकारी दिनु पर्नेछ ।

(५) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको इजाजतपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९६. **नवीकरण नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले दफा ९९ बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितको गम्भीर हानि भएको प्रमाणित भएको खण्डमा निजको इजाजतपत्र नवीकरण हुने छैन ।

९७. **इजाजतपत्र खारेज हुने:** (१) कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्र नवीकरणको लागि दफा ९५ बमोजिमको अवधिभित्र निवेदन नदिएमा इजाजतपत्रको अवधि समाप्त भएको मितिदेखि निजको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(२) कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले आफ्नो इजाजतपत्र खारेज गर्न प्राधिकरण समक्ष लिखित रुपमा निवेदन दिएमा प्राधिकरणले जाँचबुझ गरी त्यस्तो इजाजतपत्र तोकिए बमोजिम खारेज गर्न सक्नेछ ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्राधिकरणले बीमाको इजाजतपत्र खारेज गर्न सक्नेछः—

(क) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, निर्देशिका वा प्राधिकरणले दिएको निर्देशन विपरीत कुनै काम गरेमा,

(ख) बीमितको हक हित विरुद्ध कुनै कार्य गरेको प्रमाणित भएमा,

(ग) प्राधिकरणले तोकेको आचारसंहिता निजले तीन पटक वा सो भन्दा बढी उल्लङ्घन गरेमा।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि प्राधिकरणले सम्बन्धित बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको इजाजतपत्र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **कामममा लगाउन नहुनेः** (१) कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र नलिएको वा इजाजतपत्र नवीकरण नगराएको संस्थालाई बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको रूपमा काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै बीमकले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई काममा लगाएमा सोबाट सिर्जना हुने सम्पूर्ण दायित्व र परिणाम बीमक आफैंले व्यहोर्नु पर्नेछ ।

(३) इजाजतपत्र खारेजी भएको कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्रको अवधि कायम रहेका बखत गरेको बीमा व्यवसाय सम्बन्धी कुनै कामबाट सिर्जना भएको दायित्व सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ ।

(४) बीमा मध्यस्थकर्ताले कुनै पनि बीमकको सञ्चालक, कार्यकारी प्रमुख, कर्मचारी वा परामर्शदाताको रुपमा कार्य गर्न पाउने छैन ।

तर बीमा मध्यस्थकर्ताले प्राप्त गरेको इजाजतपत्रमा उल्लेख भएकोभन्दा फरक किसिमको बीमा व्यवसाय गर्ने बीमकको सञ्चालक, कार्यकारी प्रमुख, कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन ।

९९. **बीमा मध्यस्थकर्ताको दायित्वः** (१) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले यस ऐन बमोजिम प्राप्त गरेको इजाजतपत्र अरु कसैलाई कुनै व्यहोराले दिन वा त्यस्तो इजाजतपत्र कुनै किसिमले हस्तान्तरण वा नामसारी गर्न वा गराउन हुँदैन ।

(२) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्रको छाँयाप्रति आफ्नो कार्यालयमा स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

तर कार्यालय स्थापना नगरेका बीमा अभिकर्ता वा बीमा सर्भेयरले बीमा सम्बन्धी काम गर्दा आफ्नो इजाजतपत्र साथैमा राख्नु पर्नेछ ।

(३) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले प्राधिकरणले जारी गरेको आचार संहिता पालना गर्नु पर्नेछ।

(४) बीमा सर्भेयरले आफ्नो नजिकको नातेदार वा आफ्नो एकाघरको परिवारको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिको नजिकको नातेदारको क्षति वा हानि नोक्सानीको मूल्याङ्कन वा सर्भे गर्नु वा गराउनु हुँदैन।

(५) बीमा सर्भेयरले तोकिएको अवधिभित्र सम्बन्धित बीमक समक्ष सर्भे प्रतिवेदन बुझाउनु पर्नेछ।

(६) बीमा सर्भेयरले बीमा सर्भेयरको इजाजतपत्र प्राप्त गरेको व्यक्तिलाई मात्र बीमा सर्भेको काममा लगाउनु पर्नेछ ।

(७) बीमा अभिकर्ताले बीमितबाट बीमाशुल्क बापत लिएको रकम निर्दिष्ट समयभित्र बीमकलाई भुक्तानी गर्नु पर्नेछ ।

(८) कुनै एक बीमकको बीमा अभिकर्ताले सोही अवधिमा अर्को समान किसिमको बीमकको बीमा अभिकर्ता भई कार्य गर्न पाउने छैन ।

तर जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ताले निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ताको बीमा अभिकर्ता भई कार्य गर्न र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ताले जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ता भई कार्य गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघुबीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्ताले एकभन्दा बढी बीमकको लघुबीमा अभिकर्ता भई कार्य गर्न सक्नेछ ।

(१०) बीमा दलाल वा तेस्रो पक्ष सहजकर्ताले आफ्नो सञ्चालक समितिको कुनै सदस्य सञ्चालक भएको वा त्यस्तो सदस्यको वित्तीय स्वार्थ भएको कुनै पनि सङ्गठित संस्थामा कुनै पनि किसिमको

लगानी गर्न वा त्यस्तो संस्थालाई ऋण दिन वा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुँदैन।

(११) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले सम्पादन गर्ने काम, पारिश्रमिक वा कमिशन, पदीय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१२

## नियमन, निरीक्षण तथा अनुगमन

१००. **नियमन, निरीक्षण तथा अनुगमन गर्नेः** (१) प्राधिकरणले बीमक, बीमा मध्यस्थकर्ता, अन्य बीमा सेवा प्रदायक वा त्यस्तो बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकसँग सम्बन्धित व्यक्ति वा संस्थाको काम कारबाहीको सम्बन्धमा जुनसुकै बखत नियमन, निरीक्षण वा अनुगमन गर्न सक्नेछ ।

(२) प्राधिकरणले बीमक वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको काम कारबाही सम्बन्धमा कुनै विशेषज्ञ वा प्राधिकरणको कर्मचारी खटाई बीमक वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको कार्यालय वा कारोवार स्थलमा नै गई स्थलगत (अनसाइट) निरीक्षण गर्न वा बीमकको सम्बन्धित कागजात, लेखा तथा वित्तीय विवरण, बीमालेख, सम्बन्धित प्रतिवेदन तथा विवरण प्राधिकरणमा झिकाई निरीक्षण गर्न वा अन्य तरिकाले जुनसुकै बखत नियमन, निरीक्षण वा अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि प्राधिकरणले बीमा व्यवसायको नियमन, निरीक्षण वा अनुगमन सम्बन्धी अन्तरराष्ट्रिय स्तरमा स्थापित सिद्धान्त, मान्यता, मापदण्ड तथा असल अभ्यास (बेष्ट प्राक्टिस) तथा प्रचलनलाई आधारको रूपमा लिनेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको विशेषज्ञ वा कर्मचारीले सम्बन्धित पक्षसँग लगत, तथ्याङ्क, विवरण, सूचना, प्रतिवेदन, विद्युतीय माध्यमबाट सिर्जना गरिएका विवरण वा आवश्यक अन्य कुनै कागजात माग गर्न, हेर्न, जाँच्न, निरीक्षण, अनुसन्धान गर्न, सोको सक्कल वा प्रतिलिपि माग गर्न, वा सो सम्बन्धमा सोधपुछ गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम माग गरेको लगत, तथ्याङ्क, विवरण, सूचना वा आवश्यक अन्य कुनै कागजात तोकिएको समयमा उपलब्ध गराउने तथा कुनै विवरण हेर्न, जाँच्न, निरीक्षण गर्न र सो सम्बन्धमा सोधेका प्रश्नहरुको सत्य तथ्य जवाफ दिनु सम्बन्धित बीमक, बीमा मध्यस्थकर्ता, अन्य बीमा सेवा प्रदायक, बीमित तथा बीमा व्यवसायसँग सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम नियमन, निरीक्षण वा अनुगमन गर्न खटिएको कर्मचारी वा विशेषज्ञले बीमकले सम्पादन गरेको कार्य, त्यसका काम कारबाही वा लिखतका सम्बन्धमा कुनै त्रुटि वा कमजोरी देखिएमा, कुनै काम कारबाही वा लिखत शंकास्पद भएको देखिएमा वा यो ऐन, यस ऐन अन्तरगत बनेको नियमावली वा प्राधिकरणले जारी गरेको निर्देशन बमोजिम नभएको पाइएमा सो सम्बन्धमा सम्बन्धित अधिकारीको बयान गराउन सक्नेछ ।

(७) यस दफा बमोजिम नियमन, निरीक्षण वा अनुगमन गर्ने क्रममा तत्काल कुनै निर्देशन वा आदेश दिनुपर्ने देखिएमा सो कार्यमा खटिएको विशेषज्ञ वा कर्मचारीले प्राधिकरणलाई जानकारी दिई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित बीमक वा सरोकारवाला व्यक्तिको कर्तब्य हुनेछ ।

(८) यस दफा बमोजिम नियमन, निरीक्षण वा अनुगमन गर्न खटिएको विशेषज्ञ वा कर्मचारीले निरीक्षण वा अनुगमनको प्रतिवेदन प्राधिकरणले निर्धारण गरेको अवधिभित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(९) प्राधिकरणले यस ऐन बमोजिम भएका वा हुने नियमन, निरीक्षण वा अनुगमनको कार्यमा नेपाल सरकार, नेपाल सरकारका कुनै निकाय, प्रदेश वा स्थानीय तहको कुनै निकाय, अन्य नियमनकारी निकाय वा कुनै सङ्गठित संस्थासँग सहयोग माग गरेको खण्डमा सहयोग गर्नु त्यस्तो निकायको कर्तव्य हुनेछ ।

(१०) बीमा व्यवसायको नियमन, निरीक्षण वा अनुगमन सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

१०१.**विदेशी बीमा कम्पनीले प्राधिकरणलाई जानकारी गराउनु पर्नेः** (१) कुनै विदेशी बीमा कम्पनीले नेपालमा खोलेको आफ्नो शाखा कार्यालयको नियमन, निरीक्षण वा अनुगमन गर्नु अघि सो कुराको लिखित जानकारी प्राधिकरणलाई गराउनु पर्नेछ ।

(२) कुनै विदेशी बीमा कम्पनीले नेपालमा खोलेको आफ्नो शाखा कार्यालयमा उपदफा (१) बमोजिम निरीक्षण वा अनुगमन गरिसके पछि सो प्रतिवेदनको एक प्रति प्राधिकरणसमक्ष पेश गर्नु पर्नेछ ।

१०२.**नियमन शुल्कः** (१) प्राधिकरणले बीमकलाई नियमनकारी सेवा उपलब्ध गराए बापत त्यस्तो नियमनकारी सेवा प्राप्त गर्ने प्रत्येक बीमकले आफूले आर्जन गरेको कूल बीमा शुल्कको शुन्य दशमलव सात पाँच प्रतिशतका दरले हुन आउने रकम प्रत्येक वर्ष नियमन शुल्क बापत प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(२) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले नियमनकारी सेवा उपलब्ध गराए बापत प्राधिकरणलाई तोकिए बमोजिमको नियमन शुल्क बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको नियमन शुल्क भुक्तानी गर्ने अवधि, प्रक्रिया, विलम्ब दस्तूर तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## समस्याग्रस्त बीमक

१०३.**बीमक समस्याग्रस्त भएको मानिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था उत्पन्न भएमा प्राधिकरणले बीमितको हक हित संरक्षणका लागि बीमकलाई समस्याग्रस्त बीमक घोषणा गर्न सक्नेछः-

(क) बीमकको इजाजतपत्र नवीकरण नभएमा,

(ख) बीमकले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी तथा पूँजीकोष कायम गर्न नसकेमा,

(ग) बीमकको कूल सम्पत्ति र दायित्वको अनुपात (सल्भेन्सी मार्जिन) कायम नभएमा,

(घ) बीमकको संस्थापक शेयरधनीले ठगी, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, मानव बेचबिखन गरी बीमा कम्पनी स्थापना गरेको प्रमाणित भएमा,

(ङ) जालसाजी, किर्ते, वा झुट्टा विवरण दिई वा गलत लिखत तयार गरी वा पेश गरी बीमा कम्पनी स्थापना गरेको वा इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(च) बीमित, शेयरधनी, बीमकका साहू वा सर्वसाधारणको हित प्रतिकूल हुनेगरी पटक पटक कार्य गरेमा,

(छ) बीमकलाई अर्को बीमकमा गाभिन प्राधिकरणबाट निर्देशन भएकोमा त्यस्तो निर्देशनको पालना नभएमा,

(ज) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, प्रचलित कानून, इजाजतपत्र जारी गर्दाका बखत उल्लिखित शर्त वा प्राधिकरणबाट जारी भएका निर्देशन वा आदेश पटक पटक उल्लङ्घन भएमा,

(झ) बीमकबाट बीमा जालसाजी (इन्स्योरेन्स फ्रड) भएमा,

(ञ) प्राधिकरणबाट भएको नियमन, निरीक्षण, अनुगमन वा लेखापरीक्षकको प्रतिवेदन वा बीमाङ्कीको प्रतिवेदनबाट कुनै बीमकले आफ्नो दायित्व बहन गर्न नसक्ने देखिएमा वा नसक्ने सम्भावना भएमा,

(ट) दफा १०७ को उपदफा (३) बमोजिमको अवस्थाको जानकारी गराएमा,

(ठ) बीमकको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सञ्चालकहरु बीच विवाद उत्पन्न भई बीमा व्यवसाय सुचारु रुपमा सञ्चालन हुन नसक्ने देखिएमा,

(ड) प्राधिकरणबाट बीमकले गर्दै आएको बीमा व्यवसायमा पूर्ण वा आंशिक रोक लगाउँदा दिइएको निर्देशन बमोजिम तोकिएको अवधिभित्र सुधार गरेको प्रमाण पेश नगरेमा,

(ढ) बीमकले पूरा गर्नुपर्ने दायित्व पटक पटक पूरा नगरेमा ।

(२) उपदफा (१) बमोजिम समस्याग्रस्त बीमक घोषणा गर्नु अघि प्राधिकरणले त्यस्तो बीमकका रुपमा घोषणा गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण सहित आफ्नो स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको सूचना सम्बन्धित बीमकलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक र विश्वसनीय भएको नदेखिएमा प्राधिकरणले उक्त बीमकलाई समस्याग्रस्त बीमकको रुपमा घोषणा गरी त्यसको सूचना कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिका र प्राधिकरणको वेबसाइट मार्फत सार्वजनिक गर्नेछ ।

(४) कुनै बीमक प्रचलित कानून बमोजिम दामासाहीमा परेको वा पर्न सक्ने सम्भावना रहेको, त्यस्तो बीमकले बीमितलाई भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा खुद सम्पत्ति घट्न गई चुक्ता पूँजीको आधा वा सोभन्दा कम हुन गएकोमा त्यस्तो बीमकले सो कुराको जानकारी प्राधिकरणलाई तुरुन्त गराउनु पर्नेछ।

१०४. **समस्याग्रस्त बीमकको सुधारका उपायहरुः** (१) दफा १०३ बमोजिम कुनै बीमक समस्याग्रस्त भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा

लेखिएको भए तापनि त्यस्तो बीमकको सुधारका लागि प्राधिकरणले अवधि तोकी देहायका कुनै आदेश दिनेछः–

(क) पूँजी बृद्धि गर्न, नयाँ शेयर जारी गर्न लगाउने वा शेयर बापत भुक्तानी हुन बाँकी रहेको रकम प्राधिकरणले तोकेको अवधिभित्र भुक्तानी गर्न लगाउने,

(ख) शेयरधनीहरुलाई वितरण गर्नु पर्ने लाभांश निश्चित अवधिसम्म वितरण गर्न रोक लगाउने वा त्यसरी रोक लगाई लाभांश बापत बोनस शेयर समेत जारी गर्न लगाउने,

(ग) सञ्चालक, कार्यकारी प्रमुखलाई प्रदान गर्ने पारिश्रमिक, सुविधा वा अन्य जुनसुकै रकमको भुक्तानीमा निश्चित अवधिका लागि सीमा निर्धारण गर्ने,

(घ) बीमकको व्यवस्थापन खर्चमा नयाँ सीमा निर्धारण गर्ने,

(ङ) बीमकको कुनै जायजेथा बिक्री गरी बीमकको दायित्व पूरा गर्ने,

(च) शाखा बिस्तार गर्न रोक लगाउने वा भइरहेका कुनै वा सबै शाखा गाभ्न वा बन्द गर्न लगाउने,

(छ) बीमकको चुक्ता पूँजी घटाउन लगाउने,

(ज) यस ऐन बमोजिम बीमकले गर्न पाउने कुनै वा सबै प्रकारको बीमा व्यवसाय निश्चित अवधिका लागि गर्न नपाउने गरी रोक लगाउने,

(झ) तोकिए बमोजिमको अवधि भित्र बीमकको सञ्चालक, व्यवस्थापक वा कर्मचारीको सङ्ख्या कटौती गर्न लगाउने वा सञ्चालक समिति हेरफेर वा पुनर्गठन गर्न लगाउने,

(ञ) बीमकका शेयरधनीको हक अधिकार निलम्बन गर्ने वा त्यस्ता शेयरधनीको शेयर हस्तान्तरण रोक्ने वा त्यस्ता शेयरधनीको शेयर अन्य शेयरधनीले वा बीमक आफैंले खरिद (बाइआउट) गर्न लगाउन वा अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न लगाउने,

(ट) बीमक सूचीकृत कम्पनीमा दर्ता भएको भए सर्वसाधारणको हित विरुद्ध कुनै काम हुनबाट रोक्न त्यस्तो बीमकको नाम धितोपत्र बजारबाट हटाउन लेखी पठाउने,

(ठ) बीमकलाई वित्तीय र व्यवस्थापकीय रुपमा सक्षम बनाउन प्राधिकरणले मनासिव देखेका अन्य उपयुक्त काम कारबाही गर्ने वा गर्न लगाउने ।

(२) उपदफा (१) खण्ड (झ) बमोजिमको अवधिभित्र बीमकले सञ्चालक, व्यवस्थापक वा कर्मचारी कटौती नगरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण आफैले सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई तोकिए बमोजिम हटाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सुधारका उपाय अपनाउन प्राधिकरणले दिएको समय भित्र बीमकको वित्तीय वा व्यवस्थापकीय स्थितिमा सुधार हुन नसकेमा त्यस्तो बीमकलाई नियन्त्रणमा लिनु नपर्ने कुनै कारण भए सोको प्रमाण सहित आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना सम्बन्धित बीमकलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको समयिभित्र बीमकले पेश गरेको स्पष्टीकरण मनासिब देखिएमा प्राधिकरणले उक्त बीमकलाई अपेक्षित सुधार गर्नका लागि बढीमा छ महिनाको अवधि प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र समेत बीमकले अपेक्षित सुधार गर्न नसकेमा प्राधिकरणले एक विशेष व्यवस्थापन समूह गठन गरी सञ्चालक समिति निलम्बन गरी वा नगरी वा अन्य कुनै तरिकाले सञ्चालन तथा व्यवस्थापन नियन्त्रणमा लिनेछ।

१०५. **विशेष व्यवस्थापन समूहः** (१) यस ऐनको दफा १०४ को उपदफा (५) बमोजिम नियन्त्रणमा लिइएको बीमकको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम योग्यता पुगेका व्यक्तिहरू मध्येबाट प्राधिकरणले तीन जना व्यक्ति रहेको विशेष व्यवस्थापन समूह गठन गरी सो मार्फत उक्त बीमकको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य अघि बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष व्यवस्थापन समूहको कार्यावधि एक बर्षको हुनेछ र औचित्यको आधारमा प्राधिकरणले सो समूहको कार्यावधि थप गर्न वा सो समूहलाई विघटन गर्न सक्नेछ।

(३) प्राधिकरणले विशेष व्यवस्थापन समूहका सबै वा कुनै सदस्यको काम सन्तोषजनक नभएमा निजलाई तोकिए बमोजिम पदमुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नु अघि निजलाई मनासिब माफिकको समय दिई सुनुवाईको मौका दिनु पर्नेछ ।

(५) प्राधिकरणले तोकिएको कार्य सम्पन्न नहुँदै विशेष व्यवस्थापन समूहका सदस्यलाई पदमुक्त गरेमा सो स्थानमा बाँकी अवधिका लागि उपदफा (१) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

(६) विशेष व्यवस्थापन समूहका सदस्यको कार्यविधि, पारिश्रमिक, सुविधा तथा अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

१०६. **विशेष व्यवस्थापन समूहको काम, कर्तव्य र अधिकारः**(१) दफा १०५ बमोजिम गठित विशेष व्यवस्थापन समूहले बीमकको साधारण सभा, सञ्चालक समिति, कार्यकारी प्रमुख वा अन्य पदाधिकारीले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) विशेष व्यवस्थापन समूहलाई उपदफा (१) को अधीनमा रही सम्बन्धित बीमकको चल, अचल सम्पत्तिको व्यवस्थापन गर्ने, कुनै सम्पत्ति तथा दायित्वको फरफारक गर्ने र बीमकको सम्पत्तिको संरक्षण तथा हेरचाह गर्न आवश्यक सबै उपाय अवलम्बन गरी सो बीमकलाई सञ्चालन गर्ने सम्बन्धमा देहायको अधिकार हुनेछः–

(क) बीमकले जारी गरेको कुनै वा सबै शेयरधनी शेयर वा अन्य उपकरण तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा सँस्थाको नाममा नामसारी गर्न वा हस्तान्तरण गर्न,

(ख) बीमक वा बीमकको सहायक कम्पनीको केही वा सबै सम्पत्ति प्राप्त गर्न, बिक्री गर्न, कार्यालय, बहीखाता, अभिलेख, सम्पत्ति तथा सूचना प्रणाली माथि पहुँच राख्ने वा नियन्त्रण गर्न,

(ग) बीमकको वा बीमकको अन्य कुनै व्यक्ति वा संस्थामा रहेको सम्पत्ति वा हक अधिकार प्राप्त गर्न वा बिक्री गर्न,

(घ) बीमकको निश्चित अधिकार तथा दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्न,

(ङ) बीमकको बिक्री हुन बाँकी शेयर बिक्री गर्न,

(च) बीमकले जारी गरेका केही वा सबै शेयर तथा अन्य वित्तीय उपकरणलाई खारेज गर्न,

(छ) शेयर वा पूँजी सम्बन्धी अन्य उपकरण जारी गर्न,

(ज) बीमकले गर्दै आएको बीमा व्यवसायको केही वा सबै प्रकार (पोर्टफोलियो) अर्को बीमकलाई हस्तान्तरण गर्न,

(झ) विशेष व्यवस्थापन समूहको काम कारबाही अघि बढाउन आवश्यक ठानेका कागजात सम्बन्धित व्यक्ति वा संस्थाबाट पेश गर्न लगाउन,

(ञ) बीमितको हकहित संरक्षण गर्नका लागि आवश्यक कार्य गर्न, गराउन ।

(३) यस दफा बमोजिम व्यवस्थापन गर्दा विशेष व्यवस्थापन समूहले बीमकको संस्थापक, शेयरधनी, बीमित, बीमा मध्यस्थकर्ता लगायतका सार्वजनिक वा निजी क्षेत्रका कुनै पनि व्यक्ति वा संस्थाको स्वीकृति लिन वा यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सूचित गर्न आवश्यक पर्ने छैन।

(४) विशेष व्यवस्थापन समूहले बीमकको तर्फबाट देहायका कार्यहरू गर्न वा गराउन सक्नेछः–

(क) बीमकले गरिरहेको कार्यलाई निरन्तरता दिन र निरन्तरता दिन आवश्यक सबै कार्य गर्न,

(ख) बीमकले गरी आएको केही वा सबै कार्यलाई स्थगित वा बन्द गर्न,

(ग) बीमा जोखिमाङ्कन वा बीमा दायित्वको भुक्तानी रोक्का राख्न वा सोको सीमा निर्धारण गर्न,

(घ) बीमकको लागि आवश्यक कर्मचारी, पदाधिकारी वा परामर्शदाता नियुक्त गर्न,

(ङ) आवश्यक ठानेको विषयमा छलफल तथा निर्णय गर्नका लागि शेयरधनी, बीमित, बीमा मध्यस्थकर्ता, कर्मचारी वा पदाधिकारीको सभा बोलाउन,

(च) बीमकको नामबाट कुनै कानूनी प्रतिरक्षा गर्न वा मुद्दामामिला गर्न,

(छ) बीमकको कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न वा गराउन ।

(५) विशेष व्यवस्थापन समूहले आफ्नो नियन्त्रणमा रहेको बीमकलाई गाभ्न वा गाभीन उपयुक्त ठानेमा सोको कारण सहित प्राधिकरण समक्ष प्रस्ताव गर्नु पर्नेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष व्यवस्थापन समूहले बीमकको सम्पत्ति बिक्री गर्दा तोकिए बमोजिमका आधारभूत न्यूनतम मूल्य निर्धारण गरी पारदर्शी एवं व्यावसायीक रूपमा लिलाम, सिलबन्दी प्रस्ताव, वार्ता जस्ता एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछ।

(७) विशेष व्यवस्थापन समूहले वित्तीय विवरण, सो सँस्थाको सम्पत्ति बिक्रीको योजना र सो सम्बन्धमा आफ्नो दृष्टिकोण, सो संस्थाको दायित्वको पूर्वानुमान वा सोको भुक्तानीको तरिका, सम्पत्तिको वास्तविक हस्तान्तरण र दायित्वको अनुमान सहितको विवरण तोकिए बमोजिम समय समयमा प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(८) विशेष व्यवस्थापन समूहले सम्पत्ति बिक्री, सम्पत्ति एकत्रीकरण, दायित्वको पूर्वानुमान जस्ता कार्य गर्न आवश्यक ठानेमा त्यस्तो कार्य गर्न सक्ने कुनै निकाय वा कम्पनीलाई जिम्मा दिन सक्नेछ ।

(९) विशेष व्यवस्थापन समूहले यस दफा बमोजिम आफूलाई तोकिएको कार्य सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च बीमकले व्यहोर्ने र त्यस्तो खर्चको सीमा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

१०७. **<u>पदाधिकारी निलम्बन हुनेः</u>** (१) विशेष व्यवस्थापन समूहले बीमकलाई नियन्त्रयणमा लिएको अवधिभर बीमकको सञ्चालक, कार्यकारी प्रमुख र पदाधिकारीहरू स्वतः निलम्बन हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष व्यवस्थापन समूहले उपयुक्त ठानेमा तोकिएको काम गर्नका लागि बीमकको सञ्चालक, कार्यकारी प्रमुख र पदाधिकारीहरूको निलम्बन फुकुवा गरी काममा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विशेष व्यवस्थापन समूहले लगाएको काम नगर्ने व्यक्तिलाई विशेष व्यवस्थापन समूहले कुनै पनि समयमा पदमुक्त गर्न सक्नेछ ।

१०८.**सूचना दिनु पर्ने:** (१) विशेष व्यवस्थापन समूहले बीमकलाई नियन्त्रणमा लिई कार्य प्रारम्भ गरेको तीन दिनभित्र देहायको विवरण सहितको सूचना सम्बन्धित बीमकको प्रत्येक कार्यालयमा दिनु पर्नेछः–

(क) सम्बन्धित बीमकलाई नियन्त्रणमा लिई काम सुरू गरेको मिति र समय,

(ख) सम्बन्धित बीमकको मुख्य व्यवस्थापन हेर्ने वा सम्बन्धित अख्तियार प्राप्त व्यक्तिको अख्तियारी तथा जिम्मेवारी खारेज गरिएको व्यहोरा,

(ग) बीमितले बीमा दाबी गर्ने तरिका, समय र स्थान,

(घ) अन्य विभिन्न पक्षहरूले गर्ने विभिन्न दाबीको लागि दाबी गर्ने तरिका, समय र स्थान ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रत्येक हप्ता प्रकाशन हुने गरी चार हप्तासम्म कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(३) विशेष व्वयस्थापन समूहले नियन्त्रणमा लिएको बीमकको अवस्था, अख्तियार प्राप्त अधिकारी तथा निजको अख्तियारीमा आएको परिवर्तन सम्बन्धी जानकारी प्राधिकरण, नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

१०९.**नयाँ वित्तीय विवरण तयार गर्नु पर्ने:** (१) विशेष व्यवस्थापन समूहले नियन्त्रणमा लिएको बीमकको वास्तविक स्थिति देखिने गरी तोकिए बमोजिम नयाँ वित्तीय विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वित्तीय विवरण र सो सम्बन्धी विस्तृत विवरण प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

११०.**बीमकको अवस्थामा सुधार आएपछिको व्यवस्था:** विशेष व्यवस्थापन समूहले नियन्त्रणमा लिइएको बीमकको अवस्थामा सुधार आएको देखिएमा विशेष व्यवस्थापन समूहले देहाय बमोजिमको कारबाही गर्न सक्नेछः–

(क) निलम्बन गरिएको सञ्चालक समितिको निलम्बन फुकुवा गर्न,

(ख) बीमकको व्यवस्थापन बीमकको सञ्चालक समितिलाई हस्तान्तरण गर्न,

(ग) बीमकका शेयरधनी मध्येबाट तत्कालका लागि नयाँ सञ्चालक समिति गठन गरी छ महिनाभित्र साधारण सभा बोलाउन निर्देशन दिन,

(घ) बीमकको साधारण सभा बोलाई नयाँ सञ्चालक समिति गठन गर्न ।

१११. **<u>बीमकको अवस्थामा सुधार नआएमा गरिने व्यवस्थाः</u>** विशेष व्यवस्थापन समूहले नियन्त्रणमा लिइएको बीमकको अवस्थामा सुधार हुन नआएमा विशेष व्यवस्थापन समूहले देहाय बमोजिमको कार्य गर्न सक्नेछः–

(क) जफत गरिएको शेयर तोकिएको अवधिभित्र लिलाम बढाबढमा बिक्री गरी हस्तान्तरण गर्न,

(ख) त्यस्तो बीमकलाई अर्को बीमकसँग निर्धारित समयभित्र गाभ्न प्राधिकरण समक्ष सिफारिस गर्न,

(ग) त्यस्तो बीमकको बीमा व्यवसाय अर्को बीमकमा हस्तान्तरण गराई उक्त बीमकको इजाजतपत्र खारेज गर्न प्राधिकरण समक्ष सिफारिस गर्न,

(घ) दफा ११२ बमोजिम बीमकको स्थिति सुधार गर्न प्राधिकरण समक्ष सिफारिस गर्न,

(ङ) त्यस्तो बीमकको दामासाही सम्बन्धी प्रक्रिया प्रारम्भ गर्न प्राधिकरण समक्ष सिफारिस गर्न ।

११२. **<u>बीमकको वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्न सक्नेः</u>** (१) दफा १०४ बमोजिम कुनै बीमकलाई नियन्त्रणमा लिइएको कुनै बीमकको वित्तीय स्थितिमा सुधार नआएको कारणबाट दफा १११ को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको कारबाही प्रक्रिया

अघि बढाउँदा समग्र बीमा क्षेत्रमा नकारात्मक असर पर्ने सम्भावना देखिएमा विशेष व्यवस्थापन समूहले सोही व्यहोरा उल्लेख गरी सो अवस्था सिर्जना हुन नदिनको लागि त्यस्तो बीमकको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी तयार पारिएको प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो बीमकको व्यवस्थापन वा फरफारक गर्दा समग्र बीमा क्षेत्रमा नकारात्मक असर पर्ने यकिन हुन आएमा र नेपाल सरकारले त्यस्तो बीमकमा लगानी गर्दा उक्त बीमकको वित्तीय स्थितिमा सुधार हुने देखिएमा प्राधिकरणले सोही निश्कर्ष सहितको राय मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भएमा मन्त्रालयले त्यस्तो बीमकको शेयर स्वामित्वमा लगानी गरी उक्त बीमकको वित्तीय स्थितिमा सुधार गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बीमकको वित्तीय स्थितिमा सुधार भएपछि पाँच बर्षभित्र बोलकबोलको माध्यमबाट मन्त्रालयले आफ्नो शेयर स्वामित्वको लगानी बिक्री गर्नु पर्नेछ ।

११३. **बीमकको विशेष व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाः** (१) विशेष व्यवस्थापन समूहको काम कारबाहीमा कसैले बाधा अवरोध वा हस्तक्षेप गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरे वा गराएमा विशेष व्यवस्थापन समूहले सम्बन्धित प्रशासन वा प्रहरीलाई आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध भएमा सम्बन्धित निकायले त्यस्तो बीमकको कार्यालय, सम्पत्ति, अभिलेख, बहीखाता र सूचना प्रविधि प्रणाली माथि विशेष व्यवस्थापन समूहले सहजरूपमा नियन्त्रण गरी काम गर्न सक्ने गरी आवश्यक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिम विशेष व्यवस्थापन समूह वा प्राधिकरणले गरेको काम कारबाहीबाट मर्का पर्ने पक्षले क्षतिपूर्तिको लागि विशेष व्यवस्थापन समूहले प्राधिकरणमा प्रतिवेदन पेश गरेको वा कुनै कारणले विशेष व्यवस्थापन समूह विघटन भएकोमा विघटन भएको मितिले साठी दिनभित्र **उच्च** अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(५) **उच्च** अदालतले देहायको अवस्थामा मर्का पर्ने पक्षलाई मनासिब माफिकको आर्थिक क्षतिपूर्ति भराई दिन सक्नेछः–

(क) नियन्त्रणमा लिइएको बीमकको व्यवस्थापनको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाही भएकोमा,

(ख) यस ऐन बमोजिम फरफारकको प्रक्रिया पूरा नगरेकोमा,

(ग) नियन्त्रणमा लिइएको बीमकको व्यवस्थापनको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा ।

(६) विशेष व्यवस्थापन समूहले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा पारदर्शी एवं न्यायोचित तवरले सम्बन्धित बीमित तथा अन्य सम्बन्धित पक्षको हित हुने गरी गर्नु पर्नेछ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले नियन्त्रणमा लिएको बीमकको व्यवस्थापनको प्रक्रियालाई सहयोग पुग्ने गरी प्राधिकरण वा विशेष व्यवस्थापन समूहको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित बीमकका सञ्चालक तथा पदाधिकारीले गरेको कुनै कार्यका विरुद्धमा कुनै बीमित, शेयरधनी वा साहूले कुनै किसिमको मुद्दा मामिला गर्न पाउने छैन ।

११४. **अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेः** विशेष व्यवस्थापन समूहले नियन्त्रणमा लिएको बीमकको कार्य सम्पन्न गरेपछि वा त्यस्तो समूहको म्याद समाप्त भएपछि वा कुनै कारणले सो समूह विघटन

भएमा सोको तीस दिनभित्र सो समूहले आफूले सम्पन्न गरेको काम कारबाहीको तोकिए बमोजिमका विवरण समावेस गरी सो बीमकका सन्दर्भमा भविष्यमा प्राधिकरणले चाल्नु पर्ने कदम सहित आवश्यक सुझाव समेत समावेश गरी अन्तिम प्रतिवेदन प्राधिकरणसमक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद–१४

## बीमा व्यवसाय हस्तान्तरण तथा बीमक गाभ्ने वा गाभिने व्यवस्था

११५. **बीमा व्यवसाय हस्तान्तरण गर्न सक्नेः** (१) कुनै बीमकले आफूले गर्दै आएको बीमा व्यवसायहरू मध्ये सबै वा केही बीमा व्यवसाय (पोर्टफोलियो) प्राधिकरणको स्वीकृति लिई सोही किसिमको बीमा व्यवसाय गर्ने अर्को बीमकलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै बीमकले बीमा व्यवसाय हस्तान्तरण गरी लिन वा दिन चाहेमा सम्बन्धित बीमकले आ–आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी एक आपसमा सम्झौता गरी तोकिए बमोजिमको कागजात सहित प्राधिकरणमा संयुक्त निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकसँग थप कुनै कुरा बुझ्नु पर्ने भए सो समेत बुझी बीमा व्यवसाय हस्तान्तरण गर्न मनासिब देखिएमा प्राधिकरणले सम्झौता बमोजिम पैंतालीस दिनभित्र तोकिए बमोजिम व्यवसाय हस्तान्तरणका लागि स्वीकृति प्रदान गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमा व्यवसाय हस्तान्तरण गर्दा बीमितको अहित वा हानि नोक्सानी हुने, बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढ्न सक्ने वा कुनै बीमकको एकाधिकार वा नियन्त्रित व्यापारिक अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा प्राधिकरणले बीमा व्यवसाय हस्तान्तरण गरी लिन वा दिन स्वीकृति प्रदान गर्ने छैन ।

(५) उपदफा (३) बमोजिम बीमा व्यवसाय हस्तान्तरण गर्न स्वीकृति लिई बीमा व्यवसाय हस्तान्तरण गरेपछि त्यस्तो व्यवसायको

सम्पत्ति तथा दायित्व बीमा व्यवसाय हस्तान्तरण गरी लिने बीमकमा सर्नेछ ।

(६) बीमा व्यवसाय हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११६. **<u>बीमक गाभ्न वा गाभिन सक्नेः</u>** (१) एकै किसिमको बीमा व्यवसाय गर्ने बीमकहरु प्राधिकरणको स्वीकृति लिई प्रचलित कानून बमोजिम एक आपसमा गाभ्न वा गाभिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गाभ्ने वा गाभिने कारबाही चलाउनु अघि तोकिए बमोजिमको कागजात सहित गाभ्ने र गाभिने दुवै बीमकले स्वीकृतिको लागि प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा बीमक गाभ्न वा गाभिन मनासिब देखिएमा सो सम्बन्धी कारबाही प्रारम्भ गर्न प्राधिकरणले सैद्धान्तिक स्वीकृति दिनेछ ।

(४) उपदफा (३) बमोजिम सैद्धान्तिक स्वीकृति प्राप्त गरेपछि आपसमा गाभ्ने वा गाभिने बीमकले आ–आफ्नो कम्पनीको सम्पत्ति, दायित्व र व्यवसायको मूल्याङ्कन गर्न बीमकको लेखापरीक्षक हुन योग्यता पुगेको व्यक्तिलाई मूल्याङ्कनकर्ता नियुक्त गरी तोकिए बमोजिम मूल्याङ्क गराई सो विवरण सहित प्राधिकरण समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी निवेदकसँग कुनै थप कुरा बुझ्नु पर्ने भए सो समेत बुझ्दा निवेदक बीमकलाई एक आपसमा गाभ्नु वा गाभिन मनासिब हुने देखिएमा गाभ्न वा गाभिन स्वीकृति प्रदान गर्न सक्नेछ।

तर बीमकहरु एक आपसमा गाभ्दा वा गाभिंदा बीमितलाई अहित वा हानि नोक्सानी हुने, बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढ्ने वा कुनै बीमकको एकाधिकार कायम हुने वा नियन्त्रित व्यापारिक अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा प्राधिकरणले

त्यस्तो बीमकलाई एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिने छैन ।

(६) बीमक एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११७.**<u>बीमकले अर्को बीमक प्राप्ति गर्न सक्नेः</u>** (१) कुनै बीमकले उस्तै किसिमको बीमा व्यवसाय गर्ने अर्को बीमकलाई प्राप्ति (एक्विजिसन) गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एक बीमकले अर्को बीमकलाई प्राप्ति गर्न चाहेमा दुबै बीमकले आ–आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी प्राधिकरण समक्ष सैद्धान्तिक सहमतिका लागि संयुक्त निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा सैद्धान्तिक सहमति दिन उपयुक्त देखिएमा प्राधिकरणले देहायको आधारमा सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछः–

(क) अल्पकालीन वा दीर्घकालीन दायित्व पूरा गर्नको लागि लक्षित बीमक असमर्थ भई अर्को बीमकले प्राप्ति गर्नु मनासिब देखिएमा,

(ख) दफा ३७ बमोजिमको चुक्ता पूँजी कायम गर्न वा यस ऐन बमोजिम कायम गर्नु पर्ने कोष कायम गर्न लक्षित बीमक असमर्थ भई अर्को बीमकले प्राप्ति गर्नु मनासिब भएमा,

(ग) लक्षित बीमकले निर्धारित अवधिभित्र सर्वसाधारणलाई शेयर जारी गर्न नसकेमा,

(घ) बीमकको व्यवसाय सुधार गर्नको लागि प्राधिकरणले तीन पटकभन्दा बढी निर्देशन दिइसकेको बीमक भएमा,

(ङ) लक्षित बीमकको सञ्चालक समितिमा विवाद उत्पन्न भई सुचारु रुपमा बीमा व्यवसाय सञ्चालन गर्न नसकेमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक बीमकले अर्को बीमकलाई प्राप्ति गर्दा बीमितलाई अहित वा हानि नोक्सानी हुने, बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढ्ने वा कुनै बीमकको एकाधिकार कायम हुने वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा प्राधिकरणले त्यस्तो बीमकलाई प्राप्ति गर्न स्वीकृति दिने छैन ।

(५) उपदफा (३) बमोजिम प्राधिकरणबाट सैद्धान्तिक सहमति प्राप्त भएमा प्राप्ति गर्ने बीमकले बीमकको लेखापरीक्षक हुन योग्यता पुगेका व्यक्तिहरू मध्येबाट देहायका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मूल्याङ्कनकर्ता नियुक्ति गर्नु पर्नेछः—

(क) प्राप्ति गर्ने र लक्षित बीमकको सम्पत्ति, दायित्व र व्यवसायको मूल्याङ्कन सहित समग्र आर्थिक स्थिति,

(ख) प्राप्ति गर्ने बीमकले लक्षित बीमक प्राप्ति गर्दा बीमा प्रणालीमा हुन सक्ने प्रभावको सामान्य प्रक्षेपण र प्राप्ति गर्ने बीमकको व्यावसायिक योजना,

(ग) प्राप्ति पश्चातको लक्षित बीमकका कर्मचारीको व्यवस्थापन,

(घ) प्राप्ति पश्चातको लक्षित बीमकको अल्पकालीन र दीर्घकालीन दायित्वको व्यवस्थापन,

(ङ) तोकिए बमोजिमको अन्य विवरण ।

(६) उपदफा (५) बमोजिम नियुक्त मूल्याङ्कनकर्ताले आफूले तयार गरेको अध्ययन प्रतिवेदनको एक प्रति प्राधिकरण र प्राप्ति गर्ने बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनबाट लक्षित बीमकलाई प्राप्ति गर्न उपयुक्त हुने देखिएमा प्राधिकरणले त्यस्तो बीमक प्राप्ति (एक्विजिसन) गर्नको लागि स्वीकृति प्रदान गर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त भएपछि लक्षित बीमकको सम्पत्ति र दायित्व व्यवस्थापन सम्बन्धमा दुबै बीमकले आपसी सम्झौता गरी प्राप्ति गर्ने बीमकले लक्षित बीमकको तोकिए बमोजिम सङ्ख्याका संस्थापक शेयर वा अन्य शेयर खरिद गर्नु पर्नेछ।

(९) बीमकको प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११८.**<u>प्राधिकरणले गाभ्न वा गाभिन निर्देशन दिन सक्नेः</u>** (१) देहायको अवस्थामा प्राधिकरणले अवधि तोकी कुनै बीमकलाई अर्को बीमकसँग गाभ्न वा गाभिन निर्देशन दिन सक्नेछः–

(क) बीमक दफा १११ को खण्ड (ख) बमोजिम विशेष व्यवस्थापन समूहले कुनै बीमकलाई गाभ्न प्राधिकरण समक्ष सिफारिस गरेमा,

(ख) बीमकको सञ्चालक वा संस्थापकको अर्को बीमकमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय, व्यावसायिक वा निजी स्वार्थ भएमा,

(२) उपदफा (१) बमोजिम निर्देशन दिएकोमा प्राधिकरणले तोकेको अवधिभित्र त्यस्तो बीमकले गाभिने प्रस्ताव प्राधिकरण समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ र प्राधिकरणबाट स्वीकृति प्राप्त भएपछि त्यस्तो बीमक अर्को बीमकसँग गाभिनेछ ।

(३) उपदफा (१) बमोजिम बीमक एक आपसमा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद–१५

**<u>बीमा कम्पनीको दामासाही</u>**

११९.**<u>बीमकको खारेजीः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि बीमकको स्वेच्छिक खारेजी हुने छैन ।

(२) कुनै बीमक खारेज हुन चाहेमा साधारण सभाबाट निर्णय गराई स्वेच्छिक खारेजीको कार्ययोजना सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै बीमकको निवेदन प्राप्त भएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी त्यस्तो बीमकले आफ्नो दायित्व पूर्ण रुपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा विश्वस्त भएमा आवश्यक शर्त तोकी बीमकलाई खारेजीको लागि कारबाही अगाडि बढाउन स्वीकृति दिन सक्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको खारेजी सम्बन्धमा प्राधिकरणले स्वीकृति नदिएमा त्यस्तो बीमकको खारेजी सम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिने छैन ।

१२०.**<u>बीमक खारेजी सम्बन्धी शर्तहरुः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११९ बमोजिम बीमकको खारेजीका लागि प्राधिकरणबाट स्वीकृति प्राप्त भएमा सो मिति देखि खारेजीको प्रक्रिया प्रारम्भ भएको मानिनेछ ।

(२) बीमकको खारेजी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) प्राधिकरणबाट स्वीकृति प्राप्त भएको पैंतीस दिनभित्र बीमक खारेजीको प्रक्रियामा रहेको सूचना राष्ट्रियस्तरको दुईवटा पत्रिकामा कम्तीमा दुई पटक र प्राधिकरणको वेबसाइट मार्फत प्रकाशन गर्नु पर्ने,

(ख) बीमक खारेजीको प्रक्रियामा रहेको सूचना सम्पूर्ण बीमित, साहू वा सरोकारवाला व्यक्ति र कम्पनी रजिष्ट्रार कार्यालयलाई पैंतीस दिन भित्र दिनु पर्ने,

(ग) बीमकले बीमालेख अन्तरगत बीमितलाई भुक्तानी गर्नु पर्ने रकम, साहूलाई चुक्ता गर्नुपर्ने ऋण रकम र पूरा गर्नुपर्ने अन्य दायित्व प्राधिकरणले तोकेको अवधि भित्र पूरा गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम बीमितलाई भुक्तानी गर्नुपर्ने रकम बीमालेख बमोजिम भुक्तानी गर्न परिपक्व भैनसकेको अवस्थामा समेत प्राधिकरणले

निर्धारण गरेको अवधिको अन्तिम दिन त्यस्तो भुक्तानी गर्नु पर्ने रकम स्वतः परिपक्व भएको मानिने,

(ङ) खण्ड (ग) बमोजिम भुक्तानी वा दायित्व पूरा गर्दा कुनै बीमित, साहू वा सरोकारवाला व्यक्तिले भुक्तानी लिन नआएको वा भुक्तानी गर्न कारणबस नसकेमा प्राधिकरणले निर्धारण गरेको शर्त बमोजिम दायित्व पूरा गर्नु पर्ने बराबरको रकम छुट्टै खातामा रहने गरी प्राधिकरणले तोकेको बैंकमा जम्मा गर्नुपर्ने,

(च) प्राधिकरणबाट स्वीकृति प्राप्त भएपछि बीमकले खारेजीका लागि अत्यावश्यक हुने बाहेक कुनै दायित्व सिर्जना हुने वा अधिकार प्रयोग गर्ने काम गर्न नहुने ।

(३) प्राधिकरणले बीमकको खारेजीको प्रक्रिया पूरा भएको मितिदेखि इजातपत्र स्वतः रद्द हुनेछ।

(४) बीमकको खारेजीका सम्बन्धमा प्राधिकरणले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

१२१. **प्राधिकरणले दामासाहीको कारबाही प्रारम्भ गर्न सक्नेः** यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा सो कुरा पुष्टि गर्ने पर्याप्त आधार सहित प्राधिकरणले कुनै बीमकको दामासाहीको कारबाही प्रारम्भ गर्न प्रक्रिया अगाडी बढाउन सक्नेछः–

(क) लगातार तीन आर्थिक बर्षसम्म बीमकको दायित्व त्यसको सम्पत्तिभन्दा बढी भएमा,

(ख) भुक्तानी अवधि पूरा भइसकेको वा तत्काल भुक्तानी गर्नु पर्ने दायित्व तोकिएको अवधिसम्म पूरा गर्न नसकेमा,

(ग) दफा १११ को खण्ड (ङ) बमोजिम दामासाहीको प्रक्रिया प्रारम्भ गर्ने निर्णय भएमा,

(घ) बीमक, यसका सञ्चालक वा कार्यकारी प्रमुखबाट बीमितको हक हित विरुद्ध काम गरेको पाइएको र त्यसको सुधारको लागि प्राधिकरणबाट भएका निर्देशन पटक पटक उल्लङ्घन भएको देखिएमा,

(ङ) लगातार तीन वर्षसम्म बीमकको पूँजीकोष ऋणात्मक भएमा,

(च) यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै सङ्गठित संस्थाले बीमा व्यवसाय गरेको पाइएमा ।

(छ) उपदफा १३९ बमोजिम बीमकको इजाजतपत्र रद्द भएमा,

(ज) दफा ११९ बमोजिम खारेजीको लागि बीमकले निवेदन दिएमा ।

१२२. **लिक्विडेटरको नियुक्तिः** (१) दफा १२१ बमोजिम प्राधिकरणले कारबाही अगाडि बढाउन लिक्विडटर नियुक्त गरी सोको सूचना राष्ट्रियस्तरको दुईवटा पत्रिकामा कम्तीमा दुई पटक र प्राधिकरणको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले लिक्विडेटर नियुक्त गरेपछि बीमकले सञ्चालन गरेको सम्पूर्ण बीमा व्यवसाय स्वतः स्थगन हुनेछ ।

१२३. **बीमक खारेज हुँदा दायित्वको भुक्तानीमा प्राथमिकताः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमकको खारेजी हुँदा वा दामासाहीमा पर्दा दायित्वको भुक्तानी देहायको प्राथमिकताको आधारमा गर्नु पर्नेछः–

(क) बीमक खारेजी वा दामासाहीको प्रक्रियामा लागेको खर्च,

(ख) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने कर, दस्तूर र शुल्क,

(ग) प्राधिकरणलाई बुझाउनु पर्ने नियमन शुल्कको रकम,

(घ) बीमितलाई भुक्तानी गर्नु पर्ने वा भुक्तानी गर्न बाँकी रकम,

(ङ) बीमा मध्यस्थकर्ताले पाउने पारिश्रमिक वा कमिशन,

(च) अन्य बीमकलाई भुक्तानी गर्न बाँकी बीमा बापतको रकम,

(छ) कर्मचारीलाई भुक्तानी दिन बाँकी तलब, भत्ता, सञ्चय कोष, उपदान र अन्य रकम,

(ज) बीमकले व्यहोर्नु पर्ने अन्य दायित्व,

(झ) बीमकले भुक्तानी गर्नु पर्ने वा पूरा गर्नुपर्ने अन्य कुनै दायित्व,

(ञ) शेयरधनीले पाउने रकम ।

१२४. **विदेशी बीमा कम्पनीको नेपालमा रहेको शाखा कार्यालयको दामासाही:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमा कम्पनी विरुद्ध सम्बन्धित मुलुकको कानून बमोजिम दामासाहीको प्रक्रिया प्रारम्भ हुने वित्तिकै नेपाल स्थित शाखा कार्यालयको बीमा कारोबार स्वतः बन्द हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमा कम्पनी विरुद्ध सम्बन्धित मुलुकको कानून बमोजिम दामासाहीको प्रक्रिया आरम्भ भएको कारणले त्यस्तो कम्पनीको नेपालमा रहेको शाखा कार्यालयको दायित्व प्रभावित हुने देखिएमा त्यस्तो कार्यालयले नेपालमा सञ्चालन गरेको बीमा व्यवसायबाट सिर्जना भएको दायित्व पूरा गर्न नेपालमा भएको जायजेथाको विवरण सहितको जानकारी अविलम्ब प्राधिकरणलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रक्रिया प्रारम्भ भएको निवेदन प्राप्त भएमा प्राधिकरणले सो प्रयोजनका लागि एक मूल्याङ्कनकर्ता नियुक्त गरी त्यस्तो कार्यालयले नेपालमा सञ्चालन गरेको बीमा व्यवसायको दायित्व र त्यस्तो कार्यालयको नेपालमा रहेको जायजेथाको मूल्याङ्कन गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त मूल्याङ्कनकर्ताले त्यस्तो कार्यालयको दफा ३९, ४०, ४१ र ४२ बमोजिमको रकम तथा त्यस्तो कार्यालयको अन्य चल अचल सम्पत्तिको विवरण सहितको मूल्याङ्कित रकम र त्यस्तो कार्यालयको बीमालेख जारी गरे बापतको तत्कालीन र परिपक्व हुँदाका बखत कायम हुने दायित्वको रकम, नेपाल सरकारलाई बुझाउनु पर्ने रकम र भुक्तानी गर्नु पर्ने अन्य रकम र दायित्वको विवरण खुलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि नेपालमा त्यस्तो कार्यालयले व्यहोर्नु पर्ने दायित्व बापतको रकम यस्तो बीमकले खर्च गर्न नसक्ने गरी तोकिए बमोजिम प्राधिकरणले रोक्का गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको रकमबाट त्यस्तो कार्यालयबाट ब्यहोर्नु पर्ने दायित्व तोकिए बमोजिम पूरा गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम दायित्व पूरा गरी बाँकी रहेको रकम प्रचलित कानून बमोजिम सम्बन्धित मुलुकमा फिर्ता लैजान सकिनेछ ।

(८) उपदफा (४) बमोजिमको प्रतिवेदनबाट बमोजिम नेपालमा बीमा व्यवसाय सञ्चालन गरेको कारण सिर्जित बीमित प्रतिको वा अन्य दायित्व पूरा हुन नसक्ने देखिएमा त्यस्तो दायित्व पूरा गर्न सक्ने गरी आवश्यक रकम व्यवस्था गर्न प्राधिकरणले त्यस्तो कार्यालयलाई निर्देशन दिनेछ ।

(९) उपदफा (८) बमोजिम निर्देशन भएकोमा त्यस्तो रकमको व्यवस्था गर्नु त्यस्तो कार्यालयको कर्तव्य हुनेछ ।

(१०) उपदफा (९) बमोजिम कार्यालयबाट त्यस्तो रकमको व्यवस्था हुन नसकेमा प्राधिकरणले कूटनीतिक माध्यम मार्फत सम्बन्धित मुलुकको नियमनकारी निकायबाट त्यस्तो रकमको व्यवस्था गर्न नेपाल सरकार समक्ष अनुरोध गर्नेछ ।

परिच्छेद–१६

## बीमा दाबी

१२५. **बीमा दाबी फस्यौंट गर्नु पर्ने:** (१) बीमकले बीमालेखमा उल्लेख भए बमोजिम बीमा दाबी पेश हुन आएमा त्यसरी पेश भएको मितिबाट तोकिएको अवधिभित्र दाबी फस्यौंट गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम बीमित वा निजको हकवाला तोकिएको अवधिभित्र पत्ता नलागेमा वा निजलाई दाबी भुक्तानी गर्न नसकिएमा दाबी भएका बखत भुक्तानी गर्ने गरी त्यस बापतको रकम दाबी नभएको कोष (अनक्लेम्ड फण्ड)मा जम्मा गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देशको कुनै भू–भाग वा क्षेत्रमा महाविपत्ति लगायतका अन्य संकट आई परेको अवस्थामा त्यस्तो संकट परेको स्थानमा निश्चित अवधिका लागि प्राधिकरणले बीमा दाबी सम्बन्धी छुट्टै कार्यविधि तयार गरी लागू गर्न सक्नेछ ।

(४) बीमकले तोकिएको समय भित्र फस्यौंट हुन नसकेका दाबीहरूको विवरण प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(५) बीमा दाबी बापतको रकम भुक्तानी पाउने व्यक्ति फेला नपरेमा बीमित वा हकवालालाई कुनै प्रकारले खोजेको, सम्पर्क गर्ने प्रयास गरेको वा रकम भुक्तानी गर्न पर्याप्त प्रयास गरेको प्रमाण बीमकले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(६) बीमा दाबी फस्योंट तथा दाबी नभएको कोष (अनक्लेम्ड फण्ड) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२६. **पुनर्बीमाको दाबी भुक्तानी:** (१) पुनर्बीमा गर्ने बीमकले बीमा व्यवसाय गर्ने बीमक र पुनर्बीमा व्यवसाय गर्ने बीमकबीच भएको पुनर्बीमा करारको आधारमा पुनर्बीमा दाबी बापतको रकम भुक्तानी गर्नु पर्नेछ।

(२) पुनर्बीमा दाबी फस्यौंट र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२७.<u>**सानो रकमको दाबी फस्यौंटः**</u> (१) प्राधिकरणले तोकेको सीमाभन्दा सानो रकमको दाबी बापतको दायित्वलाई सानो रकमको दाबी अन्तरगत फस्यौंट गर्नु पर्नेछ ।

(२) सानो रकमको दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२८.<u>**स्पष्ट क्षति वा हानि नोक्सानीः**</u> (१) प्राधिकरणले तोके बमोजिमको प्रकृतिको क्षति वा हानि नोक्सानीलाई स्पष्ट क्षति वा हानि नोक्सानी अन्तरगत फस्यौंट गर्नु पर्नेछ ।

(२) स्पष्ट क्षति वा हानि नोक्सानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२९.<u>**इच्छाइएको व्यक्तिले पाउनेः**</u> (१) कुनै जीवन बीमालेख अन्तरगतको दाबी भुक्तानी नहुँदै कुनै बीमितको मृत्यु भएमा बीमालेख बमोजिमको रकम सम्बन्धित बीमितले बीमालेखमा इच्छाइएको व्यक्तिले पाउनेछ।

(२) बीमितले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्तिको पनि बीमितको मृत्यु हुनु अघि नै मृत्यु भैसकेको रहेछ भने त्यस्तो रकम प्रचलित कानून बमोजिम निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले कसैलाई बीमालेखको अख्तियारी प्रदान गरेको रहेछ भने त्यसरी अख्तियारी प्रदान गरेको रकमसम्मको बीमा दाबी बापतको रकम प्राप्त गर्ने अग्राधिकार अख्तियारी प्राप्त व्यक्तिमा सुरक्षित रहनेछ।

परिच्छेद–१७

<u>**उजुरी सम्बन्धी व्यवस्था**</u>

१३०.<u>**दाबी भुक्तानी सम्बन्धी उजुरीः**</u> (१) बीमकले बीमालेखमा उल्लिखित अवधिभित्र बीमितलाई बीमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण

नगरेमा वा बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बीमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्राधिकरणले आवश्यक छानबिन गरी सम्बन्धित बीमकलाई प्रतिउत्तर पेश गर्न पन्ध्र दिनको समय दिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिउत्तर प्राप्त भएमा सो बमोजिम प्रमाण बुझी र प्रतिउत्तर दिने म्यादभित्र बीमकले प्रतिउत्तर नदिएमा प्राधिकरणले देहाय बमोजिम गर्न सक्नेछः—

(क) उजूरवाला र बीमकबीच मिलापत्र गराउने,

(ख) दाबी भुक्तानी नगरेको कारणले बीमितलाई कुनै क्षति हुन गएकोमा मनासिब क्षतिपूर्ति भराउने आदेश दिने,

(ग) बीमकले दाबी भुक्तानी गर्नुपर्ने देखिएमा भुक्तानी गर्नको लागि सम्बन्धित बीमकलाई आदेश दिने,

(घ) बीमकले निर्धारण गरेको दायित्व मनासिब भएको नदेखिएमा पुनः दायित्व निर्धारण गर्न सम्बन्धित बीमकलाई आदेश दिने,

(ङ) अन्य उपयुक्त आदेश दिने ।

(४) बीमालेख बमोजिम दाबी भुक्तानी नदिएको कारणले कुनै बीमक विरुद्ध उजूरी परी दाबी भुक्तानी दिनु पर्ने ठहरेमा बीमा रकमको अतिरिक्त उजुरी परेको मितिदेखि पाँच प्रतिशतका दरले हुने ब्याज तथा कानूनी उपचार प्राप्त गर्न लागेको वास्तविक खर्च बराबरको रकम समेत उजुरवालालाई सम्बन्धित बीमकले भराई दिनु पर्नेछ ।

(५) प्राधिकरणले उपदफा (३) बमोजिम दिएको आदेशमा चित्त नबुझ्ने बीमक, बीमित वा अन्य कुनै व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम उजुरी उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३१.**<u>हानि नोक्सानी सम्बन्धी उजूरीः</u>** (१) कुनै बीमक वा निजको कुनै सञ्चालक वा पदाधिकारी वा कर्मचारीले वा बीमा मध्यस्कथकर्ता वा अन्य बीमा सेवा प्रदायकले कुनै बीमितको हक हित विरुद्ध कुनै कार्य गरी निजलाई हानि नोक्सानी पुऱ्याएमा सम्बन्धित बीमक जिम्मेवार हुनेछ र सो बापत क्षतिपूर्ति तिर्नु बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्य गरी हानि नोक्सानी पुऱ्याएमा सो कुरा थाहा पाएको मितिले तोकिएको अवधिभित्र बीमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी परेमा प्राधिकरणले आवश्यक अनुसन्धान वा जाँचबुझ गरी सम्बन्धित बीमक, सञ्चालक, पदाधिकारी, कर्मचारी वा सम्बन्धित बीमा मध्यस्थकर्तालाई प्रतिउत्तर पेश गर्न सात दिनको समय दिनेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिउत्तर प्राप्त भएमा वा प्रतिउत्तर दिने म्यादभित्र प्रतिउत्तर प्राप्त नभएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी हानि नोक्सानी पुर्याउने पक्षबाट क्षतिपूर्ति बापत मनासिब रकम उजूरीकर्तालाई भराउन वा उजूरीकर्ता र बीमकबीच मिलापत्र गराउन आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम क्षतिपूर्ति भराउने आदेश दिएकोमा त्यस्तो आदेश उपर चित्त नबुझ्ने पक्षले तीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

(६) यस दफा बमोजिम उजूरीको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३२.**<u>बीमा मध्यस्थताः</u>** यस ऐन बमोजिम इजाजतपत्र प्राप्त बीमकहरू बीचमा वा बीमा मध्यस्थकर्ताहरू बीचमा वा बीमक, मध्यस्थकर्ता वा बीमाका अन्य पक्षहरूका बीचमा कुनै विवाद उत्पन्न भई आपसी समझदारीमा समाधान हुन नसकेमा विवादमा संलग्न पक्षहरूमध्ये

कुनै एक पक्षको अनुरोधमा वा प्राधिकरणको अग्रसतामा प्राधिकरणले मध्यस्थ गरी तोकिए बमोजिम विवादको समाधान गर्न सक्नेछ।

परिच्छेद–१८

## प्रदेशमा बीमा सञ्चालन र व्यवस्थापन

१३३. **प्रदेशमा बीमा सञ्चालन र व्यवस्थापनः** (१) प्रदेशले यस ऐनको अधीनमा रही देहायको विषयमा कानून बनाई बीमा सञ्चालन र व्यवस्थापन गर्न सक्नेछः–

(क) बीमाको पहुँच पुर्‍याउने,

(ख) बीमा अभिकर्ताको लागि तोकिए बमोजिम इजाजतपत्र जारी तथा नवीकरण गर्ने,

(ग) बीमा सम्बन्धी तालीम कार्यक्रम सञ्चालन गर्ने,

(घ) तोकिएको विषयमा गुनासो सुनुवाई गर्ने,

(ङ) प्रदेशभित्र रहेको बीमकको कार्यालय तथा बीमा मध्यस्थकर्ताको तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गर्ने,

(च) तोकिएको सीमासम्मको बीमा दाबी उजुरी सुनुवाई गरी फस्यौंट गर्ने ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा प्राधिकरणले तोकेको मापदण्डको अधीनमा रही कार्य गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले कानून बनाई आफ्नो काम कारबाही प्रारम्भ नगरून्जेलसम्म यस दफा बमोजिमको काम कारबाही प्राधिकरणले गर्नेछ ।

१३४. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्राधिकरणले यस ऐन बमोजिम इजाजतपत्र लिएका बीमक तथा बीमा मध्यस्थकर्ताको विवरण प्रदेशलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) बीमकले प्रत्येक प्रदेशमा खोलिएको कार्यालय तथा आफूसँग सम्बन्धित बीमा मध्यस्थकर्ताको विवरण प्रदेशलाई उपलब्ध गराउनु पर्नेछ ।

१३५. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** प्रदेशमा रहेका बीमकको कार्यालयले सम्बन्धित प्रदेशमा गरेका काम कारबाहीको तोकिए बमोजिमको प्रतिवेदन वार्षिक रूपमा प्रदेशमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–१९

## <u>कारबाही, कसुर तथा दण्ड सजाँय</u>

१३६. **<u>नियमनको कारबाहीः</u>** (१) कुनै बीमकले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा निर्देशन वा आदेश उल्लङ्घन गरेको पाइएमा वा प्राधिकरणमा गलत विवरण वा तथ्याङ्क पेश गरेको देखिएमा त्यस्तो बीमक वा निजको कुनै सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई प्राधिकरणले देहाय बमोजिमको कारबाही गर्न सक्नेछः–

(क) लिखित रुपमा सचेत गराउने वा चेतावनी दिने,

(ख) सुधारका लागि कबुलियत गराउने वा निश्चित अवधि तोकी कुनै सुधार गर्न आदेश दिने,

(ग) बीमकको सम्पत्ति वा बहीखाता नियन्त्रणमा लिने,

(घ) शेयरधनीलाई वितरण गर्ने लाभांश, बोनस शेयर वा हकप्रद शेयर वितरण वा जारी गर्न रोक लगाउने,

(ङ) बीमकको सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी तथा बीमा मध्यस्थकर्तालाई निलम्बन गर्ने वा निलम्बन गर्न बीमकलाई आदेश दिने,

(च) बीमा व्यवसाय सञ्चालन गर्न आंशिक वा पूर्ण रुपमा रोक लगाउने,

(छ) इजाजतपत्र प्राप्त बीमा कम्पनी खारेज गर्न सम्बन्धित अदालत समक्ष निवेदन दिने।

(२) कुनै पनि बीमकको संस्थापक, शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख वा पदाधिकारी, कर्मचारी वा कुनै सम्बन्धित व्यक्तिले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम,

निर्देशन वा आदेशको उल्लङ्घन गरेमा प्राधिकरणले उल्लङ्घनको प्रकृति तथा गम्भीरता हेरी देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछः–

(क) निजले लिएको सम्बन्धित बीमकको शेयर जफत तथा रोक्का गर्ने र सो शेयर अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने वा गर्न लगाउने,

(ख) बीमकको सञ्चालक समिति, सञ्चालक, पदाधिकारी र अन्य कर्मचारीले पाउने बैठक भत्ता पारिश्रमिक लगायतका केही वा सबै सुविधा रोक्का वा निलम्बनमा राख्ने वा राख्न लगाउने,

(ग) प्राधिकरणको नियमन, निरीक्षण वा अनुगमनबाट बीमकले बीमित, शेयरधनी तथा बीमकको हितमा काम नगरेको पाइएमा बीमकको अध्यक्ष, सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीलाई लिखित सूचना दिई सो पदबाट हटाउने,

(घ) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, निर्देशन वा आदेश विपरीत तलव भत्ता तथा अन्य सुविधा कसैले लिएको वा दिएको भएमा त्यस्तो सम्पूर्ण सेवा सुविधा वा सो बापत लाग्ने रकम तथा प्रचलित कानून बमोजिमको ब्याज त्यस्तो सेवा सुविधा दिने व्यक्तिहरूबाट असुल उपर गर्ने,

(ङ) बीमकको सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी व्यावसायिक रूपले सम्बद्ध भएको निकाय समक्ष कारबाहीका लागि लेखी पठाउन सम्बन्धित बीमकलाई आदेश दिने ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम पदबाट हटाइएको व्यक्तिले अवकास पाए बापत कुनै क्षतिपूर्ति वा सुविधा

पाउने छैन र त्यसरी अवकास भएको पाँच बर्षसम्म कुनै बीमकको सेवामा नियुक्त हुन पाउने छैन।

(४) बीमकले कुनै सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारीको हेलचेक्र्याँई वा बदनियतका कारण तिर्नु बुझाउनु पर्ने भएमा त्यस्तो रकम सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारीबाट असुल उपर गर्न वा गर्न लगाउन आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेशको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्ता सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारीले त्यस्तो रकम व्यक्तिगत रूपमा तिर्नु बुझाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको रकम प्राधिकरणले तोकेको अवधिभित्र नतिरे वा नबुझाएमा त्यस्तो सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी वा निजको एकाघरको परिवारको नाममा रहेको कुनै बैंक वा वित्तीय संस्थाको खाता वा निज वा निजको एकाघरको परिवारको कुनै पनि चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(७) यस ऐन बमोजिम प्राधिकरणले कुनै बीमक, मध्यस्थकर्ताको नियमन, निरीक्षण, अनुगमन वा अन्य कुनै कारबाही गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन वा प्रसारण गरेमा त्यस्तो सूचना प्रकाशन वा प्रसारण गर्दा लागेको खर्च बीमकले व्यहोर्नु पर्नेछ ।

१३७.**<u>बीमा भुक्तानी रोक्का राख्न वा खारेजी गर्न निर्देशन दिन सक्नेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्राधिकरणले कसैलाई बीमालेख प्रदान नगर्न वा बीमालेख बमोजिम भुक्तानी दिनु पर्ने रकम रोक्का राख्न वा बीमालेख खारेजी गर्न निर्देशन दिन सक्नेछः–

(क) बीमा व्यवसाय वा बीमितको हक हित विपरीतको कुनै कार्य हुनबाट रोक्न,

(ख) कुनै कसुरको अनुसन्धानमा सहयोग पुऱ्याउन,

(ग) सम्पत्ति शुद्धीकरण, ठगी, भ्रष्टाचार, मानव बेचबिखन, आतङ्ककारी क्रियाकलाप वा अन्य सङ्गठित अपराध नियन्त्रणमा सहयोग पुऱ्याउन ।

१३८. **इजाजतपत्र निलम्बन गर्न वा व्यवसाय गर्न रोक लगाउन सक्नेः** (१) कुनै बीमकले देहायको कुनै काम गरेमा प्राधिकरणले त्यस्तो बीमकको इजाजतपत्र तोकिएको अवधिको लागि निलम्बन गर्न वा त्यस्तो बीमकलाई बीमा व्यवसाय गर्न आंशिक वा पूर्ण रुपमा रोक लगाउन सक्नेछः—

(क) दफा ३४ को व्यवस्था विद्यमान भई इजाजतपत्र नवीकरण हुन नसकेमा,

(ख) दफा ३७ को व्यवस्था बमोजिम न्यूनतम् चुक्ता पूँजी कायम नगरेमा,

(ग) दफा १३० वा १३१ को व्यवस्था बमोजिम दाबी भुक्तानी वा हानि नोक्सानीको सम्बन्धमा भएको निर्णय तोकिएको अवधिभित्र कार्यान्वयन नगरेमा,

(घ) बीमकलाई बीमा व्यवसाय सञ्चालन गर्न दिंदा बीमितको गम्भीर अहित हुने भएमा,

(ङ) प्राधिकरणको स्वीकृति बिना बीमा व्यवसाय बन्द गरेमा,

(च) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम तथा प्रचलित कानून बमोजिम निषेध गरिएका अन्य कुनै कार्य गरेमा,

(छ) प्राधिकरणले दिएको निर्देशन वा आदेश पटक पटक उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम बीमकको इजाजतपत्र निलम्बन गर्न वा बीमा व्यवसाय पूर्ण वा आंशिक रुपमा रोक लगाउनु अघि प्राधिकरणले सम्बन्धित बीमकलाई स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बीमकले पेश गरेको स्पष्टीकरण सन्तोषजनक देखिएमा प्राधिकरणले त्यस्तो निलम्बन वा रोक्का फुकुवा गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बीमकलाई बीमा व्यवसाय गर्न पूर्ण वा आंशिक रुपमा रोक लगाइएकोमा त्यसको सूचना कम्तीमा दुईवटा राष्ट्रियस्तरको दैनिक पत्रिका तथा प्राधिकरणको वेबसाइटमा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

१३९. **बीमकको इजाजतपत्र खारेज गर्न सक्नेः** (१) देहायको अवस्थामा प्राधिकरणले बीमकको इजाजतपत्र खारेज गर्न सक्नेछः–

(क) दफा १३८ बमोजिम बीमा व्यवसाय गर्न रोक लगाइएको वा इजाजतपत्र निलिम्बन गरिएको एक बर्षसम्म पनि त्यस्तो रोक्का फुकुवा हुन नसकेमा,

(ख) बीमकलाई बीमा व्यवसाय सञ्चालन गर्न दिंदा बीमितको गम्भीर अहित हुने भएमा,

(ग) प्रचलित कानून बमोजिम बीमक विरूद्ध अदालतले दामासाहीको कारबाही प्रारम्भ गरेमा,

(घ) खारेजीको लागि बीमकको निवेदन परेकोमा खारेजीको प्रक्रिया पूरा भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) वा (घ) को अवस्थामा बाहेक कुनै बीमकको इजाजतपत्र खारेज गर्नु अघि प्राधिकरणले सम्बन्धित बीमकलाई तोकिए बमोजिम उचित समय दिई स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित अवस्था उत्पन्न भई सम्बन्धित बीमकले त्यस्तो अवस्था सुधार गर्ने र कमी कमजोरी नदोहोर्‍याउने कबुलियत गरेमा प्राधिकरणले त्यस्तो बीमकलाई एक

पटकको लागि आफ्नो अवस्था सुधार गर्न वा कमी कमजोरी सच्याउन मनासिब समय प्रदान गर्न सक्नेछ।

(४) यस दफा बमोजिम कुनै बीमकको इजाजतपत्र खारेज भएमा त्यसरी खारेज हुनुभन्दा अगाडि बीमकले लिएको दायित्वको फस्यौंटतोकिए बमोजिम गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम इजाजतपत्र खारेज भएकोमा प्राधिकरणले सम्बन्धित बीमा कम्पनीको नाम सर्वसाधारणको जानकारीको लागि कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिका र प्राधिकरणको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

१४०. **जरिबाना गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तरगत जारी भएको नियम, विनिययम, निर्देशन वा आदेश बमोजिम तयार गर्नु पर्ने विवरण वा प्रतिवेदन वा कागजात तयार नगर्ने, दिनु पर्ने जानकारी नदिने वा पेश गर्नुपर्ने कागजात तथा विवरण तोकिएको समयभित्र पेश नगर्ने वा नियमन, निरीक्षण वा अनुगमन गर्दा प्राधिकरण वा सो कार्यका लागि प्राधिकरणबाट खटिएको कुनै अधिकारीले माग गरेको कागजपत्र, विवरण, तथ्याङ्क वा अभिलेख तोकेको अवधिभित्र उपलब्ध नगराउने बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई प्राधिकरणले अन्य सजायको अतिरिक्त देहाय बमोजिम जरिबाना गर्न सक्नेछः–

(क) बीमकको हकमा म्याद नाघेको एक हप्तासम्म दैनिक पचास हजार रूपैयाँ तथा बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकको हकमा दैनिक पाँच हजार रूपैयाँ,

(ख) बीमकको हकमा म्याद नाघेको दुई हप्तासम्म दैनिक एक लाख रूपैयाँ तथा बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकको हकमा दैनिक दश हजार रूपैयाँ,

(ग) खण्ड (ख) को अवधि नाघेपछि बीमकको हकमा जहिले सुकै भएपनि दैनिक एकलाख पचास

हजार रूपैयाँ र बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकको हकमा दैनिक पच्चीस हजार रूपैयाँ ।

(२) बीमकले तोकिएको समयमा क्षति मूल्याङ्कनका लागि बीमा सर्भेयर नखटाएमा बीमकलाई प्राधिकरणले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) म्याद नाघेको एक हप्तासम्मको लागि दैनिक दश हजार रूपैयाँ,

(ख) म्याद नाघेको दुई हप्तासम्मको लागि दैनिक पच्चीस हजार रूपैयाँ ।

(ग) खण्ड (ख) को अवधि नाघेपछि जहिले सुकै भएपनि दैनिक पचास हजार रूपैयाँ,

(३) बीमकले तोकिएको अवधिभित्र दाबी बापतको दायित्व निर्धारण नगरेमा वा मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा, तोकिएको समयभित्र दायित्व फर्स्यौट नगरेमा विषयको प्रकृति तथा गम्भीरता हेरी प्राधिकरणले दुई लाख रूपैयाँ देखि पचास लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा निर्देशन वा आदेश विपरीत बीमकले कुनै कार्य गरेमा वा प्राधिकरणले जारी गरेको निर्देशन वा आदेश पालना नगरेमा वा यस ऐन बमोजिमको रित नपुऱ्याई बीमा व्यवसाय गरेमा वा झुट्टा विवरण तयार गरेमा प्राधिकरणले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) पहिलो पटकको लागि पाँच लाख रूपैयाँ,

(ख) दोस्रो पटकको लागि पचास लाख रूपैयाँ,

(ग) तेस्रो पटक वा सोभन्दा बढीको लागि एक करोड रूपैयाँ ।

(५) बीमकले परिपालन सम्बन्धी प्रतिवेदन पेश नगरेमा प्राधिकरणले एक लाख रूपैयाँ देखि पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(६) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा निर्देशिका विपरीत बीमा मध्यस्थकर्ताले कुनै कार्य गरेमा वा यस ऐन बमोजिमको रित नपुऱ्याई बीमा सम्बन्धी कार्य गरेमा वा झुट्टा विवरण तयार गरेमा प्राधिकरणले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) पहिलो पटकको लागि दश हजार रूपैयाँ,

(ख) दोस्रो पटकको लागि पचास हजार रूपैयाँ,

(ग) तेस्रो पटक वा सोभन्दा बढीको लागि एक लाख रूपैयाँ ।

(७) बीमकले दफा ८९ बमोजिम लेखापरीक्षण गराउनु पर्ने म्यादभित्र लेखापरीक्षण नगराएमा प्राधिकरणले त्यस्तो बीमकलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) पहिलो एक हप्तासम्मको लागि पचास हजार रूपैयाँ,

(ख) एक हप्तादेखि बढी एक महिनासम्मको लागि एक लाख रूपैयाँ,

(ग) एक महिना देखि बढी तीन महिनासम्मको लागि पाँच लाख रूपैयाँ,

(घ) तीन महिना देखि बढी जतिसुकै अवधिसम्मको लागि दश लाख रूपैयाँ ।

(८) बीमकले दफा ७१ बमोजिम नियुक्त परिपालन अधिकृतले सोही दफाको उपदफा (३), (४) वा (५) बमोजिम प्राधिकरणले माग गरेको प्रतिवेदन प्राधिकरणले तोकेको अवधिभित्र पेश नगरेमा वा पेश गरेको विवरण झुट्टा ठहरिएमा प्राधिकरणले पाँच हजार रूपैयाँ देखि पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो जरिबाना उक्त परिपालन अधिकृतले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछ ।

(९) दफा १३० को उपदफा (२) वा दफा १३१ को उपदफा (३) बमोजिम बीमक, सञ्चालक, पदाधिकारी, कर्मचारी वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई प्रतिउत्तर पेश

गर्न भनिएकोमा प्रतिउत्तर म्यादभित्र पेश नगरेमा प्राधिकरणले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) बीमकलाई एक लाख रूपैयाँ,

(ख) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई दश हजार रूपैयाँ ।

(१०) बीमा सर्भेयरले तोकिएको समयभन्दा ढिलो गरी क्षति मूल्याङ्कनको प्रतिवेदन बुझाएमा त्यसरी ढिला बुझाए बापत प्राधिकरणले त्यस्तो सर्भेयरलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः–

(क) अवधि समाप्त भएको एक हप्तासम्मको लागि पाँच हजार रूपैयाँ,

(ख) अवधि समाप्त भएको दुई हप्तासम्मको लागि दश हजार रूपैयाँ,

(ग) अवधि समाप्त भएको एक महिनासम्मको लागि पच्चीस हजार रूपैयाँ,

(घ) अवधि समाप्त भएको एक महिना पछि जतिसुकै अवधिसम्म पचास हजार रूपैयाँ।

(११) कसैको उजूरी परी अनुसन्धान वा जाँचबुझ गर्दा वा प्राधिकरणबाट भएको नियमन, निरीक्षण वा अनुगमनको क्रममा कुनै बीमा सर्भेयरले क्षतिको गलत मूल्याङ्कन गरी प्रतिवेदन पेश गरेको देखिएमा प्राधिकरणले पहिलो पटक भए सचेत गराउन वा एक लाख रुपैयाँ जरीबाना गर्न वा दुवै सजाय गर्न र सोही कार्य पुनः दोहो-याएमा निजको इजाजतपत्र खारेज गरी दश लाख रुपैयाँसम्म जरिबना गरी बीमितलाई पुग्न गएको क्षति बराबरको रकम निजबाट असुल उपर गरी बीमितलाई भराई दिन सक्नेछ ।

(१२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस दफा बमोजिम जरिबाना हुने कार्य गरी कमाएको सम्पत्ति आफू, आफ्नो एकाघरको परिवार, नातेदार वा अन्य कुनै व्यक्तिको नाममा राखेको वा लुकाएको पाइएमा सो र सोबाट बढे बढाएको

सम्पत्ति समेत जफत गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ र सोही बमोजिम गर्नु उक्त निकायको कर्तव्य हुनेछ।

(१३) यस दफा बमोजिम प्राधिकरणले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले सजाय पाएको पैंतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

१४१.<u>**कारबाहीको कार्यविधिः**</u> (१) प्राधिकरणले दफा १३६ बमोजिम नियमनको कारबाही वा दफा १४० बमोजिम जरिबाना गर्नु अघि सम्बन्धित बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक वा व्यक्तिलाई प्रस्ताव गरिएको कारबाही वा जरिबानाको सम्बन्धमा आफ्नो सफाई पेश गर्न सात दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित सूचना प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित बीमक, बीमा मध्यस्थकर्ता वा कुनै व्यक्तिले आफ्नो सफाई लिखित रूपमा प्राधिकरणसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको सफाई चित्त बुझ्दो देखिएमा प्राधिकरणले त्यस्तो कारबाही वा जरिबानामा संशोधन गर्न वा खारेज गर्न सक्नेछ।

(४) यस ऐन बमोजिम प्राधिकरणले कारबाही वा जरिबाना गर्दा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधि प्राधिकरणले तोके बमोजिम हुनेछ ।

१४२.<u>**कसुरः**</u> (१) देहाय बमोजिमको काम कारबाहीलाई यस ऐन बमोजिम कसुर गरेको मानिनेछः–

(क) दफा २४ बमोजिम इजाजतपत्र नलिई बीमा व्यवसाय गरेमा,

(ख) दफा ९२ बमोजिम इजाजतपत्र नलिई बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको रूपमा काम गरेमा,

(ग) कुनै बीमकले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी किर्ते गरी वा गलत विवरण वा कागजात तयार गरी वा नगरी बीमा दाबी भुक्तानी गरेमा,

(घ) कुनै बीमितले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी किर्ते गरी वा गलत विवरण वा कागजात पेश गरी वा नगरी बीमा दाबी भुक्तानी प्राप्त गरेमा,

(ङ) कुनै बीमा सर्भेयरले क्षतिको मूल्याङ्कन गर्दा बदनियतपूर्ण तरिकाले बढी, कम वा गलत मूल्याङ्कन गरी बीमक वा बीमितलाई हानि नोक्सानी पुर्याउने कार्य गरेमा,

(च) बीमालेख बमोजिम बीमितले बीमकलाई बुझाउनु पर्ने बीमाशुल्क कुनै बीमा अभिकर्ताले बदनियतपूर्वक बीमकलाई नुबझाई उक्त रकमको अपचलन गरेमा,

(छ) बीमकको कर्मचारी, पदाधिकारी वा अन्य कसैले बीमालेख जारी गर्दा, बीमा गरिएको सम्पत्ति तथा दायित्वको क्षति मूल्याङ्कन गर्दा, बीमा दाबी भुक्तानी गर्दा वा बीमा व्यवसाय सञ्चालनको क्रममा कुनै अनियमिता गरेमा वा आर्थिक दुरूपयोग गरेमा,

(ज) बीमक गाभ्दा वा गाभिंदा, प्राप्ति गर्दा, खारेज गर्दा वा लेखापरीक्षण गर्दा कुनै सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख, कर्मचारी तथा अन्य व्यक्तिले अनियमितता गरेमा,

(झ) कसैले खण्ड (क) देखि (ज) सम्मको कसुर गर्न उद्योग गरेमा वा त्यस्तो कसुर गर्न कुनै किसिमले मद्दत पुऱ्याएमा ।

(२) विदेशी बीमकको कुनै पदाधिकारी वा कर्मचारीले शाखा कार्यालयको नियमित कारोबारको सिलसिलामा बाहेक त्यस्तो शाखा कार्यालयको कुनै सम्पत्ति अर्को मुलुकमा स्थानान्तरण गरेमा, सोको स्वीकृति लिएमा, त्यसो गर्न अख्तियारी दिएमा वा सो कार्यलाई मद्दत गर्ने वा पुग्ने कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ ।

१४३.**दण्ड सजायः** (१) कसैले दफा १४२ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा बिगो जफत गरी बिगोको तेब्बर जरिबाना र त्यस्तो व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

(२) कसैले दफा १४२ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको कसुर गरेमा बिगो जफत गरी बिगोको बराबरको जरिबाना वा पाँच वर्षसम्म कैद हुनेछ ।

(३) कसैले दफा १४२ को उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमको कसुर गरेमा बिगो जफत गरी देहाय बमोजिमको सजाँय हुनेछः—

(क) दश लाख रूपैयाँसम्म बिगो भए एक बर्षसम्म कैद,

(ख) दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई बर्षसम्म कैद,

(ग) पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म बिगो भए तीन बर्ष सम्म कैद,

(घ) एक करोड रूपैयाँभन्दा बढी जतिसुकै बिगो भए तीन बर्ष देखि पाँच बर्षसम्म कैद ।

(४) दफा १४२ को उपदफा (१) खण्ड (क) देखि (ज) सम्मको कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न कुनै किसिमले

मद्दत पुर्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(५) दफा १४२ को उपदफा (२) को कसुर गर्ने व्यक्तिलाई बिगो बमोजिमको जरिबाना र पाँच बर्ष सम्म कैद हुनेछ ।

(६) यस दफाको प्रयोजनको लागि बिगो कायम गर्दा कारोबार भएको सम्पूर्ण रकमलाई हिसाब गरी बिगो कायम गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम बिगो कायम गर्न नसकिने अवस्था भएकोमा कसुरको मात्रा हेरी दश लाख रूपैयाँसम्म जरिबाना र दुई बर्षसम्म कैद हुनेछ ।

(८) यस दफा बमोजिम सजाय हुने कार्य कुनै सङ्गठित संस्थाले गरेमा त्यस्तो कसुरजन्य कार्य गर्ने सम्बन्धित सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी वा कर्मचारीलाई सजाँय हुनेछ ।

१४४. **बीमा व्यवसाय सम्बन्धी कार्य गर्न नपाउने:** बीमकको कुनै सञ्चालक, पदाधिकारी वा कर्मचारी वा कुनै बीमा अभिकर्ता, बीमा मध्यस्थकर्ताको इजाजतपत्र निलम्बन गरेमा वा निज विरुद्ध दफा १४२ बमोजिमको कसुर सम्बन्धी मुद्दामा निज विरुद्ध अदालतमा मुद्दा दायर भएमा निलम्बन फुकुवा नभएसम्म वा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख, परामर्शदाता वा कर्मचारी वा बीमा मध्यस्थकर्ताले बीमा व्यवसाय सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

१४५. **बीमित सम्बन्धी विशेष व्यवस्था:** (१) कुनै पनि बीमितले बीमक वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी, किर्ते गरी वा गलत विवरण पेश गरी वा नगरी, पेश गर्नुपर्ने विवरण पेश नगरी वा पेश नगर्नु पर्ने विवरण पेश गरी, आफू वा बीमा गरिएको सम्पत्ति सम्बन्धी कुनै आधारभूत तथ्य लुकाएमा, कुनै बीमा दाबी गरेको शंका लागेमा वा बीमक वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई प्रभावमा लिएको

शंका लागेमा प्राधिकरणले त्यस्तो बीमितको अनुसन्धान वा जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले अनुसन्धान वा जाँचबुझ गर्दा प्राधिकरणलाई सहयोग गर्नु त्यस्तो बीमितको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको अनुसन्धान वा जाँचबुझबाट बीमित दोषी ठहरीएमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा लेखी पठाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम अनुसन्धान वा जाँचबुझमा सहयोग नगर्ने, बीमा जालसाजी गर्ने वा बीमा ठगी गर्ने बीमित वा अन्य कुनै व्यक्तिलाई प्राधिकरणले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायबाट लेखि आएमा कालोसूचीमा राखी त्यस्तो व्यक्ति वा निजको एकाघरको परिवारको वा त्यस्तो व्यक्ति संलग्न रहेको कुनै पनि व्यवसायको बीमा गर्न पाँच बर्षसम्म निषेध गर्न सक्नेछ।

(५) बीमितको अनुसन्धान वा जाँचबुझ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४६. **बाधा बिरोध गर्नेलाई सजायः** यस ऐन अन्तरगतको अनुसन्धान वा जाँचबुझ सम्बन्धी काम कारबाहीमा कसैले बाधा बिरोध गरेमा निजलाई अनुसन्धान वा जाँचबुझ गर्ने अधिकारीको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा एक लाख रूपैयाँसम्म जरिबाना वा दुबै सजाय गर्न सक्नेछ।

१४७. **उजुरी दिने हदम्यादः** यस ऐन बमोजिमको कसुर मानिने कुनै कार्य गरेको जानकारी कुनै माध्यमबाट प्राधिकरणलाई जानकारी हुन आएमा वा प्राधिकरणले गरेको निरीक्षण तथा प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायको अनुसन्धान वा जाँचबुझबाट वा त्यस्तो कार्य गरेको प्रमाणित भएमा सो मितिले एक वर्षभित्र उजुरी दिन सकिनेछ र त्यसरी उजुरी परेको मितिले छ महिनाभित्र अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।

१४८.**<u>नेपाल सरकार वादी हुनेः</u>** (१) दफा १४२ बमोजिमको कसुर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई चल्नेछ ।

(२) उपदफा (१) बमोजिमको कसुरको अनुसन्धान, तहकिकात तथा मुद्दा दायर गर्ने कार्यमा प्राधिकरणले सम्बन्धित अधिकारीलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१४९.**<u>मुद्दा हेर्ने अधिकारी र निर्णय कार्यान्वयनः</u>** (१) दफा १४२ को कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक यस ऐन बमोजिम निषेध गरिएका अन्य कामका सम्बन्धमा प्राधिकरण आफैंले अनुसन्धान वा जाँचबुझ गरी कारबाही र सजाय गर्न सक्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित प्रयोजनको लागि प्राधिकरणलाई यस ऐन अन्तरगत बनेको नियम बमोजिम प्राप्त अधिकारको अतिरिक्त जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

१५०.**<u>विवरण माग्नेः</u>** (१) यस ऐन बमोजिम नियमन वा कारबाहीको सम्बन्धमा गरिने अनुसन्धान वा जाँचबुझको क्रममा प्राधिकरण वा अनुसन्धान वा जाँचबुझ गर्ने निकायलाई कुनै लिखत, खाताको विवरण, कागजात वा अन्य विवरण प्राप्त गर्न अनुसन्धान वा जाँचबुझ गर्न आवश्यक छ भन्ने लागेमा र त्यस्तो लिखत, खाताको विवरण वा अन्य विवरण कुनै व्यक्ति वा संस्थासँग छ वा सो व्यक्ति वा संस्थाले त्यस्तो विवरण कागजात पेश गर्न सक्छ भन्ने लागेमा प्राधिकरण वा अनुसन्धान वा जाँचबुझ गर्ने निकायले त्यस्तो व्यक्ति वा संस्थालाई त्यस्तो विवरण कागजात पेश गर्न अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान वा जाँचबुझ गर्ने निकायले माग गरेको लिखत, खाताको विवरण वा अन्य विवरण उपलब्ध गराउनु वा सहयोग पुऱ्याउनु सम्बन्धित सबै व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

१५१. **सजाय गर्न बाधा नपर्ने:** कुनै व्यक्तिले बीमकको कुनै पदमा बहाल हुँदा दफा १४० बमोजिमको कुनै कसुर गरेको पाइएमा निज सो पदबाट अवकाश भएको वा पदमा बहाल नरहेको कारणले यस ऐन बमोजिम अनुसन्धान वा जाँचबुझ र सजाय गर्न बाधा पुग्ने छैन ।

परिच्छेद–२०

**विविध**

१५२. **बीमित हित संरक्षण कोषः** (१) प्राधिकरण अन्तरगत एक बीमित हित संरक्षण कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः—

(क) प्राधिकरणले सो प्रयोजनको लागि छुट्याएको रकम,

(ख) जीवन बीमा व्यवसाय गर्ने बीमकबाट प्राप्त प्राधिकरणले तोकिदिए बमोजिमको रकम,

(ग) जीवन बीमालेख अन्तरगत भुक्तानी गर्नुपर्ने अवस्था परी भुक्तानी हुन नसकी दफा १२५ बमोजिम दाबी नभएको कोष (अन्क्लेम फण्ड) मा जम्मा भएको रकम ।

(३) बीमित हित संरक्षण कोष तथा सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५३. **गुनासो सुनुवाईः** (१) यस ऐन बमोजिम बीमक, बीमित वा बीमा मध्यस्थकर्ता वा बीमकका सञ्चालक, पदाधिकारी, कर्मचारी वा बीमा मध्यस्थकर्ता वा अन्य कुनै सरोकारवालाबाट भए गरेका कुनै काम कारबाही सम्बन्धी कसैको कुनै गुनासो भए प्राधिकरण समक्ष उजुरी दिन सकिनेछ ।

(२) गुनासो सुनुवाई तथा गुनासो सुन्ने अधिकारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५४. **बीमक बाहेक अन्य कसैसँग बीमा व्यवसाय सम्बन्धी कारोबार गर्न नहुने:** (१) कुनै पनि व्यक्ति वा संस्थाले यस ऐन बमोजिम

इजाजतपत्र प्राप्त बीमक बाहेक अन्य कसैसँग बीमा व्यवसाय सम्बन्धी कारोबर गर्नु हुँदैन ।

(२) नेपालमा रहेको सम्पत्ति तथा नेपालभित्र सिर्जना हुने दायित्वको बीमा यस ऐन बमोजिम इजाजतपत्र प्राप्त बीमकसँग मात्र गर्नु पर्नेछ ।

१५५.**विज्ञ समूह गठन गर्न सक्ने:** (१) प्राधिकरणले बीमा व्यवसायमा सिर्जना हुने वा भएका वा पर्न आएका जालसाजी, किर्ते वा ठगी सम्बन्धी दाबीहरुको अध्ययन, अनुसन्धान वा जाँचबुझ गरी तत्सम्बन्धी कारबाही, सुधार वा नीति निर्माण गर्नका लागि आवश्यक राय सिफारिस गर्न तोकिए बमोजिम एक विज्ञ समूह गठन गर्न सक्नेछ।

(२) विज्ञ समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५६.**बीमा सूचना केन्द्र:** (१) प्राधिकरणले बीमा क्षेत्रको सूचना सङ्कलन गरी एकीकृत र व्यवस्थित गर्नका लागि बीमा सूचना केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) प्राधिकरणले उपदफा (१) बमोजिम स्थापना हुने बीमा सूचना केन्द्रलाई नियमन गर्नेछ।

(३) बीमा सूचना केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५७.**बीमा प्रतिष्ठान (इनिस्टच्युट) को स्थापना गर्न सक्ने:** (१) प्राधिकरणले बीमा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न, बीमा शिक्षा प्रबर्द्धन गर्न तथा बीमा सम्बन्धी तालिम, अध्ययन अनुसन्धान गर्नको बीमा सम्बन्धी प्रतिष्ठान (इन्स्टिच्युट) स्थापना गर्न वा स्थापना गर्न सहयोग गर्न सक्नेछ।

(२) प्राधिकरणले उपदफा (१) बमोजिम स्थापना हुने बीमा सम्बन्धी प्रतिष्ठान (इन्टिच्युट) लाई नियमन गर्नेछ।

(३) बीमा प्रतिष्ठान (इन्टिच्युट) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५८. **तथ्याङ्क सङ्कलन गर्न सक्ने:** (१) प्राधिकरणले आफ्नो उद्देश्य प्राप्त गर्न तथा आफ्नो कार्य सम्पादन गर्न आफैं वा नेपाल सरकार वा अन्य निकायबाट आफूलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सक्नेछ।

(२) यस प्रयोजनका लागि प्राधिकरणले नेपालभित्र वा बाहिरका आधिकारिक व्यक्ति, संघ, संस्था र अन्तरराष्ट्रिय संघ, संस्थाबाट समेत सहयोग लिन सक्नेछ ।

(३) प्राधिकरणले प्रत्येक तीन महिनामा बीमा क्षेत्रसँग सम्बन्धित काम कारबाही, तथ्याङ्क तथा तोकिए बमोजिमका अन्य विवरण सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नेछ ।

१५९. **असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने:** (१) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा निर्देशिका बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा प्राधिकरणको कुनै सदस्य वा कर्मचारी व्यक्तिगत वा सामूहिक रुपले जवाफदेही हुने छैन ।

तर जानीजानी वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा भने निज व्यक्तिगत रुपमा जिम्मेवार हुनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा निर्देशिका पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा प्राधिकरणको कुनै सदस्य वा कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च प्राधिकरणले व्यहोर्नेछ ।

तर जानीजानी वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च प्राधिकरणले व्यहोर्ने छैन ।

१६०. **नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने:** (१) प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र देहाय बमोजिमको विवरण समावेश भएको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछः–

(क) आफ्नो काम कारबाही र अघिल्लो आर्थिक वर्षभरिमा भए गरेका काम र उपलब्धि सम्बन्धी विवरण,

(ख) मुलुकको बीमा व्यवसाय सम्बन्धी समग्र स्थिति,

(ग) वार्षिक बीमा नीति अनुरूपका उपलब्धीको विवरण,

(घ) बीमा क्षेत्रमा गर्नु पर्ने सुधारका उपायहरू।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारले सार्वजनिक गर्नेछ ।

१६१. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) प्राधिकरणले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार अध्यक्ष, सदस्य तथा समितिद्वारा गठित अन्य समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर देहायको अधिकार प्रत्योजन हुने छैनः–

(क) बीमा कम्पनी स्थापना गर्न पूर्व स्वीकृति दिने,

(ख) बीमक तथा पुनर्बीमकको इजाजतपत्र दिने वा नवीकरण गर्ने,

(ग) बीमा व्यवसायमा रोक लगाउने,

(घ) बीमकको इजाजतपत्र खारेजी गर्ने,

(ङ) दफा १०५ बमोजिम विशेष व्यवस्थापन समूह गठन गर्ने,

(च) विनियम वा निर्देशिका जारी गर्ने ।

(२) अध्यक्षले प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्न यस ऐनद्वारा प्राप्त अधिकार प्राधिकरणको अन्य अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्नेछ ।

१६२. **<u>नेपाल सरकारसँग सम्पर्कः</u>** प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१६३. **<u>सार्वजनिक निकायसँग समन्वयः</u>** यस ऐन बमोजिमको कार्य सम्पादन गर्न प्राधिकरणले नेपाल सरकारका विभिन्न निकाय, संवैधानिक अंग, नेपाल राष्ट्र बैंक, अन्य निमयनकारी निकाय, विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरु, नेपाल सरकारका सङ्गठित संस्थाहरु तथा अन्य सार्वजनिक निकायसँग समन्वय, सहकार्य गर्न र सहयोग तथा सूचना आदान प्रदान गर्न सक्नेछ।

१६४.**अन्तरराष्ट्रिय सहयोग र सम्बन्धः** (१) प्राधिकरणले आफ्नो अधिकार क्षेत्रभित्र रहेको बीमा नीति, बीमा नियमन, बीमा जोखिमाङ्कन, बीमा दाबी, पुनर्बीमा, अनुगमन तथा अन्य सम्बन्धित बिषयहरूका सम्बन्धमा अन्तरराष्ट्रिय संघ संस्थाहरूमा नेपालको प्रतिनिधित्व गर्नेछ।

(२) प्राधिकरणले विदेशी सरकार, विदेशी बीमा नियामक निकाय तथा अन्तरराष्ट्रिय संघ संस्थालाई बीमा नियमन सम्बन्धी सेवा उपलब्ध गराउने र आफूले पनि तिनीहरूबाट त्यस्तै सुविधा प्राप्त गर्न सक्नेछ।

(३) अन्तरराष्ट्रिय बीमा नियमनको माध्यमबाट वित्तीय तथा आर्थिक स्थायित्व हासिल गर्न कार्यरत अन्तरराष्ट्रिय संघ संस्थाहरूमा प्राधिकरणले भाग लिनेछ।

(४) प्राधिकरणले नेपालको प्रतिनिधिको हैसियतले बीमा सम्बन्धी अन्तरराष्ट्रिय संघ संस्थामा भाग लिँदा आफ्नो मुलूकको तर्फबाट बहन गर्नुपर्ने र सम्पन्न गर्नु पर्ने कार्यको जिम्मेवारी लिनेछ।

१६५.**नेपाल सरकारले निर्देशन दिन सक्नेः**(१) नेपाल सरकारले बीमा व्यवसायको प्रवर्धन र यसमा गरिनु पर्ने सुधारका लागि प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु प्राधिकरणको कर्तब्य हुनेछ।

१६६.**विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्नेः** नेपाल सरकारले अनुरोध गरेमा प्राधिकरणले आफूसँग भएको विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्नेछ।

१६७.**यसै ऐन बमोजिम हुनेः** (१) यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित कानूनमा उल्लिखित कुराको हकमा सोही ऐन बमोजिम हुनेछ ।

१६८.**नियम बनाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले प्राधिकरणसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

१६९.**विनियम बनाई लागू गर्नेः** प्राधिकरणले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमको अधीनमा रही विनियमहरु बनाई लागू गर्न सक्नेछ।

तर प्राधिकरणको संगठन संरचना, सदस्य तथा कर्मचारीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा विनियम बनाउँदा मन्त्रालयको सहमति लिनु पर्नेछ।

१७०.**निर्देशिका तथा कार्यविधि बनाई लागू गर्नेः** प्राधिकरणले यस ऐन वा यस ऐन बन्तर्गत बनेको नियमको अधिनमा रही आफ्नो कार्यसञ्चालन गर्न आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

१७१.**आदेश तथा निर्देशन जारी गर्न सक्नेः** प्राधिकरणले बीमक, बीमित, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई यस ऐन बमोजिको उद्देश्य प्राप्त गर्ने सिलसिलामा कुनै आदेश, निर्देशन, मार्गदर्शन जारी गर्न सक्नेछ।

१७२.**खारेजी र बचाउः** (१) देहायका ऐन खारेज गरिएका छन्

(क) बीमा ऐन, २०४९

(ख) राष्ट्रिय बीमा संस्थान ऐन, २०२५

(२) उपदफा (१) खारेज भएको ऐन बमोजिमकोः–

(क) बीमा समिति यो ऐन प्रारम्भ भएपछि स्वतः प्राधिकरणमा परिणत भएको मानिनेछ।

(ख) बीमा समितिबाट जारी भएको नियम, विनियम, निर्देशन, दिएको आदेश वा भए गरेको काम कारबाही वा सजाय प्राधिकरणबाट गरेको वा भएको मानिनेछ ।

(ग) बीमा समितिको चल अचल सम्पत्ति वा दायित्व स्वतः प्राधिकरणको चल अचल सम्पत्ति वा दायित्वको रूपमा परिणत हुनेछ ।

(घ) यो ऐन प्रारम्भ भएपछि प्राधिकरणको सञ्चालक समितिको गठन यसै ऐन बमोजिम हुनेछ तर बीमा समितिमा कार्यरत कर्मचारी स्वतः प्राधिकरणका कर्मचारी हुनेछन् ।

(ङ) बीमा समितिमा विचाराधीन मुद्दाहरू स्वतः प्राधिकरणमा सर्नेछन् र यसै ऐन बमोजिम कारबाही र किनारा गरिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम खारेज भएको ऐन बमोजिमः

(क) गठन भएको राष्ट्रिय बीमा संस्थान एक वर्षभित्र एक पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिनेछ।

(ख) राष्ट्रिय बीमा संस्थानमा कार्यरत कर्मचारीहरू खण्ड (क) बमोजिमको कम्पनीका कर्मचारीमा स्वतः परिणत हुनेछन् ।

(ग) राष्ट्रिय बीमा संस्थानमा कायम रहेको चल अचल सम्पत्ति र दायित्व स्वतः खण्ड (क) बमोजिमको कम्पनीको चल अचल सम्पत्ति र दायित्वको रुपमा परिणत हुनेछ।

(घ) राष्ट्रिय बीमा संस्थानबाट जारी भएका बीमालेख खण्ड (क) बमोजिमको कम्पनीबाट जारी भएको बीमालेख मानिनेछ।

## अनुसूची

(दफा ११ र दफा ४८ को उपदफा (६) सँग सम्बन्धित)

### शपथको ढाँचा

म (सम्बन्धित अध्यक्ष वा सदस्यको पूरा नाम) ............................. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रहँदै नेपाल बीमा प्राधिकरणको सञ्चालक समितको अध्यक्ष / सदस्य / (बीमा कम्पनीको नाम) ..................... सञ्चालक समितिको अध्यक्ष / सदस्यको पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

मितिः दस्तखतः